भाषा आयोगको

वार्षिक प्रतिवेदन

(नवौँ)

(२०८१ साउनदेखि २०८२ असार मसान्तसम्म)

भाषा आयोग

शङ्खमूल, काठमाडौँ

भाषा आयोगको वार्षिक प्रतिवेदन (नवौं)

प्रकाशकः भाषा आयोग
शङ्खमूल, काठमाडौं, नेपाल
फोन नं.M ०१-५२४२०४६, ५२४२२३१/२३३, ५२४२५३२/५३४
इमेलः language.commission2016@gmail.com
वेबसाइटः www.languagecommission.gov.np
सर्वाधिकार © भाषा आयोग

भाषा आयोग

(नेपालको संविधानको धारा २८७ अनुसार गठित)

शङ्खमूल, काठमाडौं

प.सं. ०८२/८३
च.नं. १०४

मितिः २०८२/०५/१९

नेपाल संवत: ११४५ ञलाथ्व द्वादशी

सम्माननीय राष्ट्रपतिज्यू,
राष्ट्रपतिको कार्यालय,
शीतलनिवास, काठमाडौं

विषय: वार्षिक प्रतिवेदन पेस गरिएको सम्बन्धमा।

नेपालको संविधानको धारा २८७ (६) एवम् धारा ७ (३) तथा भाषा आयोग ऐन, २०७४ को दफा ३ अनुसार भाषा आयोगले आर्थिक वर्ष २०८१/०८२ मा सम्पादन गरेका कार्यहरूसँग सम्बन्धित प्रतिवेदन भाषा आयोग ऐन, २०७४ को दफा २१ बमोजिम यसैसाथ संलग्न गरी पेस गरेको छु।

भवदीय

....
डॉ. गोपाल ठाकुर
अध्यक्ष
भाषा आयोग

फोन नं. ०१-५२४२२३३,०१-५२४२५३४,०१-५२४२०४६,
इमेल: **language.commission2016@gmail.com** वेबसाइट: www.languagecommission.gov.np



नेपालको राष्ट्रिय गान

सयौँ थुँगा फूलका हामी एउटै माला नेपाली
सार्वभौम भई फैलिएका मेची-महाकाली ।

प्रकृतिका कोटिकोटि सम्पदाको आँचल
वीरहरूका रगतले, स्वतन्त्र र अटल ।

ज्ञानभूमि शान्तिभूमि तराई, पहाड, हिमाल
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल ।

बहुल जाति, भाषा, धर्म, संस्कृति छन् विशाल
अग्रगामी राष्ट्र हाम्रो, जय जय नेपाल ।

सम्मननीय राष्ट्रपतिज्यूसमक्ष भाषा आयोगको वार्षिक प्रतिवेदन (नवौं) पेस गर्नुहुँदै आयोगका अध्यक्षज्यू

भाषा आयोगको वार्षिक प्रतिवेदन (नवौं) पेस भएपश्चात सामूहिक तस्बिरमा सम्माननीय राष्ट्रपतिज्यूसँग भाषा आयोगका पदाधिकारीज्यूहरु

भाषा आयोगको वार्षिक प्रतिवेदन (नवौं) पेस भएपश्चात सामूहिक तस्बिरमा सम्माननीय राष्ट्रपतिज्यूसँग भाषा आयोगका कर्मचारीहरु

धन्यवाद ज्ञापन

आर्थिक वर्ष २०८१/८२ भाषा आयोगमा आयोगबाट निकै उल्लेखनीय कामहरू सम्पादन भएका छन्। यस वर्ष भाषा आयोगमा नेपालको सबैभन्दा पहिलो भाषा प्रयोगशाला स्थापना भई सञ्चालनमा ल्याइएको छ। त्यसैगरी भाषाका क्षेत्रमा उत्कृष्ट योगदान पुऱ्याउँदै आएका व्यक्ति र संस्थाहरूको उच्च मूल्याङ्कन गर्दै भाषा आयोग दिवस र अन्तर्राष्ट्रिय मातृभाषा दिवसका अवसरमा सम्मान गर्ने परम्परा रहेको छ। नेपालको संविधानको धारा २८७ बमोजिम गठन भएको भाषा आयोगले ९ वर्षको कार्य अनुभव प्राप्त गरिसकेको छ। नेपालको संविधानको धारा ७ (३) धारा तथा २८७ (६) एवम् भाषा आयोग ऐन, २०७४ को दफा ३ बाट निर्देशित भएर आयोगले आफ्नो कार्य सम्पादन गर्दै आएको छ। आयोगले आर्थिक वर्ष २०८१/८२ मा सञ्चालन गरेका कामकारबाहीसँग सम्बन्धित विषयमा केन्द्रित रहेर भाषा आयोग ऐन, २०७४ को दफा २१ अनुसार सम्माननीय राष्ट्रपतिज्यूसमक्ष यो प्रतिवेदन पेस गर्न पाउँदा अत्यन्त खुसी लागेको छ। सम्माननीय राष्ट्रपतिज्यूबाट निरन्तर प्राप्त प्रेरणा र प्रोत्साहनका लागि भाषा आयोगको तर्फबाट हृदयदेखि नै आभार प्रकट गर्दछु।

सरकारी कामकाजको भाषा छनोटका आधारहरू निर्धारण गरी आयोगबाट प्रदेशगत भाषाहरूको सिफारिस भएपछि प्रदेश र स्थानीय तहमा नयाँ चेतना र उर्जाको सञ्चार भएको अनुभूति आयोगले गरेको छ। यसको कार्यान्वयनका लागि सहजीकरणका कार्यहरू भएका छन्। भाषाहरूको संरक्षण, संवर्धन र विकासप्रतिको दृष्टिकोणमा सकारात्मक परिवर्तन देखिएका छन्। शिक्षामा मातृभाषाको प्रयोगका सम्बन्धमा समेत जनस्तरबाट राम्रा अभ्यासहरूको थालनी भएको देखिन्छ। भाषाको अध्ययन, अनुसन्धान कार्यले पनि गति प्राप्त गरेको छ। भाषा अनुगमनका लागि सङ्घ, प्रदेश र स्थानीय तहमा सघन संयन्त्र निर्माण गर्नु पर्ने आवश्यकताबोध भएको छ।

आयोगले सञ्चालन गरेका हरेक कार्यक्रममा सेवाग्राही र सरोकारवालाहरूको अत्यन्त उत्साहजनक सहभागिता रहँदै आएको छ। भाषाका वक्ता, भाषिक समुदाय र सहकार्य गर्ने संस्थाहरूको भाषाप्रतिको लगाव र प्रतिबद्धता उल्लेखनीय रहेको छ। नेपालमा बोलिने भाषाहरूको बृहत् भाषिक सर्वेक्षण गर्न जरूरी देखिएको छ। वक्ता सङ्ख्या अत्यन्त न्यून भएका भाषाको पुस्तान्तरण र जीवन्तता आयोगको पहिलो प्राथमिकता हुन

गएको छ। आयोगले भाषासम्बन्धी संरचनागत योजना, स्तरगत योजना र भाषाआर्जन योजना निर्माणका लागि विस्तृत तथ्याङ्क सङ्कलन गर्न भाषिक सर्वेक्षणले अवश्य सघाउ पुग्नेछ।

आयोगका लागि निर्दिष्ट गरिएका कार्यहरू सम्पादन गर्न माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रीज्यू, सम्बद्ध मन्त्रालयका सचिवज्यूहरू र कर्मचारी साथीहरूबाट निरन्तर सहयोग प्राप्त हुँदै आएको छ। भाषा आयोगको तर्फबाट म उहाँहरूप्रति हार्दिक आभार प्रकट गर्दछु।

हालसालै गण्डकी प्रदेश सरकारी कामकाजको भाषा ऐन, २०८२ पारित गरी कार्यान्वयनमा गएकोमा गण्डकी प्रदेश सरकारलाई विशेष धन्यवाद प्रकट गर्दछु। प्रदेश तहमा माननीय प्रदेश प्रमुखज्यूहरू, माननीय मन्त्रीज्यूहरू, माननीय मन्त्रीज्यूहरू एवम् माननीय सांसदज्यूहरू, सचिवज्यूहरू तथा कर्मचारी साथीहरूलाई विशेष धन्यवाद दिन चाहन्छु। आयोगको काममा सहकार्य गर्नुहुने पदाधिकारी तथा कर्मचारी साथीहरूलाई आयोगको तर्फबाट हार्दिक धन्यवाद प्रकट गर्दछु।

आयोगको हरेक काममा सहयोग गर्नु हुने नेपाल प्रज्ञा-प्रतिष्ठान, त्रि.वि. भाषाविज्ञान केन्द्रीय विभाग र नेपाल आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानका पदाधिकारीज्यूहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु। त्यसैगरी आयोगको काममा सहकार्य गर्नुहुने युनेस्को नेपाल, ब्रिटिस काउन्सिल, एवम् भाषासित सम्बन्धित सङ्घसंस्थाहरू, भाषावैज्ञानिकहरू, भाषाविज्ञहरू तथा अनुसन्धाताहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु।

भाषा आयोगलाई मार्गदर्शन गर्दै आउनु भएका आदरणीय सल्लाहकारज्यूहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु। यो प्रतिवेदन तयारी कार्यमा महत्त्वपूर्ण योगदान गर्नुहुने आयोगका सदस्यज्यूहरू मा. डा. अमरराज गिरी, मा. कृष्णप्रसाद न्यौपाने, मा. मातृकाप्रसाद पोखरेल, मा. डा. पुष्करराज भट्ट र मा. सुरेश मानन्धरप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु। आयोगका का.मु.सचिव डा.लोकबहादुर लोप्चनले यस प्रतिवेदनको लेखन तथा भाषा सम्पादन कार्यमा पुऱ्याउनु भएको उल्लेखनीय योगदानका लागि हार्दिक धन्यवाद दिन चाहन्छु। प्रतिवेदन लेखन कार्यमा मेहनतसाथ काम गर्नु हुने आयोगमा कार्यरत उपसचिवहरू श्री रमा अर्याल पन्थी, श्री कमला पाण्डे, श्री विमला काफ्ले र विरबहादुर

बोहरालाई हार्दिक धन्यवाद दिन्छु। साथै योजना अधिकृत मोहन तण्डुकार, लेखा अधिकृत निशा बि.सी., शाखा अधिकृतहरू श्री कुमार भट्टराई, श्री कमल के.सी., श्री निर्मलकुमार राई, कानुन अधिकृत श्री सुजाता भण्डारीलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु।

अन्तमा, लेखापाल श्री स्वश्रम शर्मा, कम्प्युटर अपरेटर श्री भूपेन्द्रप्रसाद जोशी र प्राविधिक सहायक श्री राजन पाण्डेका साथै भण्डार इकाइका प्राविधिक सहायक श्री बालविक्रम राईसहित प्रतिवेदन तयारी कार्यमा सहयोग गर्नुहुने आयोगकासम्पूर्ण कर्मचारी साथीहरूलाई हार्दिक धन्यवाद प्रकट गर्दछु।

धन्यवाद !

डॉ. गोपाल ठाकुर
अध्यक्ष

२०८२ साल भदौ १९ गते

सङ्केत सूची

आ.व.	आर्थिक वर्ष
ई.	ईन्जिनियर
क.अ.	कम्प्युटर अपरेटर
का.अ.	कानुन अधिकृत
का.मु.	कायममुकायम
का.स.	कार्यालय सहयोगी
क्र.सं.	क्रम सङ्ख्या
ख.शी.नं.	खर्च शीर्षक नम्बर
गा.पा.	गाउँपालिका
डा.	डाक्टर
न.पा.	नगरपालिका
ना.सु.	नायब सुब्बा
पु.स.	पुस्तकालय सहायक
प्र.अ.	प्रधानाध्यापक
प्रा.स.	प्राविधिक सहायक
ब.उ.शी.नं.	बजेट उपशीर्षक नम्बर
ब.शी.नं.	बजेट शीर्षक नम्बर
मा.	माननीय
रा.प.अनं.प्र.	राजपत्र अनङ्कित प्रथम
रा.प.तृ.	राजपत्राङ्कित तृतीय
रा.प.द्वि.	राजपत्राङ्कित द्वितीय
रा.प.प्र.	राजपत्राङ्कित प्रथम
ले.अ.	लेखा अधिकृत
ले.पा.	लेखापाल
शा.अ.	शाखा अधिकृत
शि.प्र.	शिक्षा प्रशासन
स.प्र.अ	सहायक प्रधानाध्यापक
त्रि.वि.	त्रिभुवन विश्वविद्यालय

विषय सूची

धन्यवाद ज्ञापन

सङ्केत सूची

विषय सूची

तालिका सूची

चित्र सूची

प्रतिवेदनको सारांश

परिच्छेदः एक आयोगको गठन तथा कार्यदिश १

१.१ भाषा आयोगको संवैधानिक व्यवस्था.. २
१.२ भाषा आयोगका काम, कर्तव्य र अधिकार... २
१.३ भाषा आयोग ऐन, २०७४ बमोजिमका संवैधानिक दायित्वहरू ३
१.४ भाषा आयोगको सचिवालयको सङ्गठन तथा व्यवस्थापन..................................४
१.४.१ आयोगको सचिवालय...५
१.४.२ प्रशासन तथा मानव संशाधन विकास शाखा...५
१.४.२ योजना, अनुगमन तथा सिफारिस शाखा.. ७
१.४.३ मातृभाषा शिक्षा ८
१.४.४ भाषा संरक्षण तथा संवर्धन शाखा ८
१.४.५ अध्ययन अनुसन्धान तथा प्रदेश समन्वय शाखा ९
१.४.६ भाषा तथा सूचना प्रविधि शाखा १०
१.५ भाषा आयोगको कार्यसम्पादन प्रक्रिया.. १०
१.५.१ निर्णय तथा कार्यान्वयन प्रक्रिया...११
१.५.२ आयोगका अवसरहरू...११
१.५.३ भाषिक चुनौतीहरू १२

परिच्छेदः दुई नेपालको भाषिक स्थिति १३

२. नेपालमा जातजातिको अवस्था...१३
२.१ आदिवासी जनजातिको सङ्ख्यात्मक विवरण...१३

२.२ लोपोन्मुख जातिको सङ्ख्यात्मक विवरण १४
२.३ मधेशी समुदायको अवस्थागत विवरण १५
२.४ जातजातिको मूलप्रवाहीकरणको अवस्था विश्लेषण १५
२.४.१ २०६३ बैशाखदेखि २०७९ चैत्रसम्म समुदायगत प्रतिनिधित्वको प्रतिशत १६
२.४.२ २०६३ देखि २०७९ सम्म व्यवस्थापिका संसदमा प्रतिनिधित्व नभएका जातजाति १६
२.४.३ राष्ट्रिय योजना आयोगले सन् २०१९ मा गरेको अध्ययनअनुसार बहुआयामिक गरिबीको रेखामुनि देहायअनुसार रहेको पाइन्छः १८
२.४.४ प्रतिनिधि सभामा सहभागिता, निर्वाचन २०७९ (जातजातिगत समावेशीकरण, समावेशीकरण आयोग प्रतिवेदन) स्थिति १९
२.५. भाषिक अवस्था विश्लेषणका आधारहरू १९
२.५.१ युनेस्कोको भाषिक विश्लेषणको आधार १९
२.५.२ भाषाहरूको जीवन्तता र लोपोन्मुखताको आधार २०
२.५.३ सरकारी कामकाजको भाषा निर्धारणका आधारहरू २२
२.६. नेपालको भाषिक अवस्था विश्लेषण २३
२.६.१ नेपालको भाषिक स्थिति २४
२.७ राज्यको मूलधारमा आउन नसकेका जातजातिको भाषिक अवस्था २७
२.७.१ आदिवासी जनजाति समुदायले बोल्ने भाषाहरू २७
२.७.२ मधेशी समुदायले बोल्ने भाषाहरू २७

परिच्छेदः तीन आयोगबाट सम्पादित कार्यहरू ३०

३.१ परिचय ३०
३.२ आयोगबाट सञ्चालित कार्यक्रम र उपलब्धिहरू ३१
३.२.१ सरकारी कामकाजको भाषासम्बन्धी कार्यक्रमहरू ३१
३.२.२ आयोगबाट भाषा विकास तथा मानव संशाधनसम्बन्धी सञ्चालित कार्यक्रम र उपलब्धिहरू ३२
३.२.३ लोपोन्मुख अवस्थामा रहेका भाषाहरूको संरक्षण तथा संवर्धन र विकास ३४
३.२.४ मातृभाषा शिक्षासम्बन्धी सम्पादित कार्यक्रम र उपलब्धिहरू ३८
३.२.५ अध्ययन, अनुसन्धान तथा प्रदेश समन्वयसम्बन्धी ४१

परिच्छेद : चार आयोगको कार्यसँग सम्बन्धित कानुनी प्रावधानहरूको सिंहावलोकन............ ४३

४.१ नेपालको संविधान.. ४३

४.२ भाषासम्बन्धी नीतिगत व्यवस्थाहरू..४५

४.२.१ राष्ट्रिय शिक्षा नीति, २०७६ ....४५

४.२.२ संस्कृति नीति, २०६८... ४६

४.२.३ राष्ट्रिय आम सञ्चार नीति, २०७३ .... ४६

४.२.४ बालबालिकासम्बन्धी राष्ट्रिय नीति, २०६९......................................४७

४.३ भाषासम्बन्धी कानुनी व्यवस्थाहरू ४७

४.३.१. भाषा आयोग ऐन, २०७४..४७

४.३.२ शिक्षा ऐन, २०२८...४८

४.३.३ अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ ....४८

४.३.४ बालबालिकासम्बन्धी ऐन, २०७५ ....४९

४.३.५ अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४ ....४९

४.३.६ आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८......................५०

४.४ प्रदेशमा भाषा सम्बन्धी भएका व्यवस्था र कानुनहरू...............................५०

४.४.१ बागमती प्रदेश सरकारी कामकाजको भाषा ऐन, २०८०...................... ५३

४.४.२ गण्डकी प्रदेश सरकारी कामकाजको भाषा ऐन, २०८२ .... ५३

४.५ स्थानीय तहमा भाषा सम्बन्धी भएका व्यवस्था र कानुनहरू ५४

४.६ अन्तराष्ट्रिय कानुनमा भाषा...५७

परिच्छेद : पाँचौं आयोगको आ.व. २०८१/८२ को विनियोजित बजेट, निकासा तथा खर्च विवरण र स्रोतसाधन उपयोगको अवस्था ६१

५.१ विनियोजित बजेट, निकासा र खर्च विवरण..६१

५.१.१ पूँजीगत खर्च अन्तर्गतका कार्यक्रमहरूको प्रगति विवरण..........................६३

५.१.२ चालु खर्चको कार्यक्रमको विवरण ६५

५.२ लेखापरीक्षण र बेरुजुको अवस्था ७३

५.३ आयोगको आर्थिक तथा भौतिक स्रोत साधन र त्यसको उपयोगको अवस्था ७४

परिच्छेदः छैटौं आयोगबाट भएका सिफारिसहरूको कार्यान्वयन....................................७६

६.१ सरकारी कामकाजको भाषासम्बन्धी सिफारिसको कार्यान्वयन............................ ७६

६.२ भाषा संरक्षण तथा संवर्धनसम्बन्धी सिफारिस कार्यान्वयन.....७७
६.३. मातृभाषा शिक्षासम्बन्धी सिफारिसको कार्यान्वयन.....७८
६.४ अध्ययन, अनुसन्धानसम्बन्धी सिफारिसको कार्यान्वयन.....८०
६.५ भाषा प्रविधिसम्बन्धी सिफारिसको कार्यान्वयन.....८१
६.६ मानव संशाधन तथा प्रशासनसम्बन्धी सिफारिसको कार्यान्वयन.....८२

परिच्छेदः सातौं सिफारिस तथा सुझावहरू.....८४

७.१ सरकारी कामकाजको भाषासम्बन्धी सिफारिसहरू.....८५
७.२ भाषाको संरक्षण र संवर्धनसम्बन्धी सिफारिस.....८८
७.३ मातृभाषा शिक्षासम्बन्धी सुझाव तथा सिफारिसहरू.....९२
७.४ अध्ययन, अनुसन्धान र अनुगमनसम्बन्धी सुझाव तथा सिफारिसहरू.....९६
७.५ भाषा प्रविधिसम्बन्धी सुझाव तथा सिफारिसहरू.....९८
७.६ मानव संशाधन तथा प्रशासनसम्बन्धी सुझाव तथा सिफारिसहरू.....१०१
७.७ भाषासम्बन्धी समसमायिक सवाल र सिफारिसहरू.....१०३

अनुसूचीहरू.....११०

अनुसूची १ भाषा आयोगको सङ्गठन संरचना.....११०

अनुसूची २ भाषा आयोगका पदाधिकारीज्यूहरू.....१११

अनसूची ३ भाषा आयोगका सल्लाहकारज्यूहरू..... ११२

अनुसूची ४ भाषा आयोगमा कार्यरत कर्मचारीहरू.....११३

अनुसूची ५ भाषा आयोगमा केही झलकहरू.....११५

तालिका सूची

तालिका १ आदिवासी जनजाति सङ्ख्याः ६० ....१३
तालिका २ लोपोन्मुख जाति सङ्ख्याः १० ....१४
तालिका ३ २०६३ बैशाख देखि २०७९ चैत्रसम्म समुदायगत प्रतिनिधित्वको प्रतिशत.........१६
तालिका ४ २०६३ देखि २०७९ सम्म व्यवस्थापिका संसदमा प्रतिनिधित्व नभएका जातजाति१६
तालिका ५ गरिबीको आधारमा जातिगत वर्गीकरण १८
तालिका ६ प्रतिनिधि सभामा सहभागिता, निर्वाचन २०७९ (जातिगत समावेशीकरण स्थिति) १९
तालिका ७ युनेस्कोको भाषिक विश्लेषणको आधार... २०
तालिका ८ भाषाहरूको लोपोन्मुखताको आधारमा वर्गीकरण २१
तालिका ९ भाषा विकास र मानकीकरणका आधारहरू.. २२
तालिका १० राष्ट्रिय जनगणना (२०७८) अनुसार नेपालको भाषिक अवस्था................. २४
तालिका ११ आदिवासी जनजातिले समुदायका भाषाहरू... २७
तालिका १२ मधेशी समुदायले बोल्ने भाषाहरूको सूची.. २८
तालिका १३ मृतप्रायः भाषाहरू.. २९
तालिका १४ लोपोन्मुख अवस्थामा रहेका भाषाहरूको संरक्षण र संवर्धन सम्बन्धमा हालसम्म प्रकाशन भएका सामग्रीहरू..३६
तालिका १५ आ.व. २०८१/८२ मा लोपोन्मुख भाषाको समुदायमा आधारित भाषाकक्षा सञ्चालनसम्बन्धी विवरण...३७
तालिका १६ वार्षिक बजेट, थप निकासा र खर्च रकम ६२
तालिका १७ पूँजीगत खर्च अन्तर्गतका कार्यक्रमहरूको विवरण ६३
तालिका १८ आ.व.२०८१।८२ पूँजीगत खर्च अन्तर्गतको वार्षिक प्रगति विवरण............ ६४
तालिका १९ आ.व.२०८१/०८२ चालु खर्चअन्तर्गतको वार्षिक प्रगति विवरण............... ६७
तालिका २० सरकारी कामकाजको भाषाको कार्यान्वयन.. ७६
तालिका २१ भाषा संरक्षण तथा संवर्धनको कार्यान्वयन.. ७८
तालिका २२ मातृभाषामा शिक्षाको कार्यान्वयन.. ७९
तालिका २३ अध्ययन अनुसन्धानसम्बन्धी सिफारिसको कार्यान्वयन........................... ८०
तालिका २४ भाषा प्रविधिसम्बन्धी सिफारिसहरूको कार्यान्वयन................................ ८१
तालिका २५ भाषासम्बन्धी मानवीय संशाधन र विकाससम्बन्धी सिफारिसको कार्यान्वयन..... ८२
तालिका २६ सरकारी कामकाजको भाषासम्बन्धी सिफारिसहरू.................................. ८५

तालिका २७ भाषाको संरक्षण तथा संवर्धनसम्बन्धी सिफारिस.................................. ८९
तालिका २८ मातृभाषा शिक्षासम्बन्धी सुझाव तथा सिफारिसहरू............................... ९३
तालिका २९ अध्ययन, अनुसन्धान र अनुगमनसम्बन्धी सुझाव तथा सिफारिसहरू........... ९७
तालिका ३० भाषा प्रविधिसम्बन्धी सुझाव तथा सिफारिसहरू.................................. ९९
तालिका ३१ मानव संशाधन तथा प्रशासनसम्बन्धी सुझाव तथा सिफारिसहरू................१०२
तालिका ३२ भाषासम्बन्धी समसमायिक सवाल र सिफारिसहरू................................१०४

चित्र सूची

चित्र १ आ.व. २०८१/८२ को वार्षिक बजेट, खर्च बजेट र बाँकी बजेटको स्तम्भचित्र.....६३
चित्र २ आ.व.०७९/०८० को पूँजीगत खर्चको वृत्तचित्र.. ६५
चित्र ३ आ.व. २०८१/८२ को चालु खर्च वृत्तचित्र...७३

प्रतिवेदनको सारांश

नेपालको संविधानको धारा ७ को उपधारा (३), धारा २८७ को उपधारा (६) र भाषा आयोग ऐन, २०७४ को दफा (३) बमोजिम भाषा आयोगबाट वार्षिक प्रतिवेदन, आ.व.२०८१/८२ (नवौं) मा सम्माननीय राष्ट्रपति समक्ष गरिएका सिफारिसहरूको कार्यकारी सारांश यसप्रकार छः

१. सरकारी कामकाजको भाषासम्बन्धी सुझाव र सिफारिसहरू

क. सरकारी कामकाजको भाषा कार्यान्वयन

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट सङ्घीय भाषा विधेयक तयार गरी तत्काल नेपाल सरकारबाट सैद्धान्तिक स्वीकृति लिई सङ्घीय भाषा ऐनको तर्जुमा गर्नुपर्ने।

ख. कामकाजको भाषा कार्यान्वयन संयन्त्रको व्यवस्था

सङ्घ, प्रदेश र स्थानीय तहहरूबाट भाषा सम्बन्धी आवश्यक नीति र कानुन व्यवस्था गर्दै हरेक तहमा बहुभाषाको माध्यमबाट सेवा प्रवाह गर्न भाषा हेर्ने महाशाखा वा शाखा स्थापना गरी तत्काल भाषासम्बन्धी जनशक्तिको व्यवस्था गर्दै भाषिक कार्यक्रम र लगानी सुनिश्चित गर्नुपर्ने।

ग. स्थानीय तहहरूमा सरकारी कामकाजको भाषा कार्यान्वयनको प्रबन्ध

आयोगबाट सरकारी कामकाजको भाषाका रूपमा पूर्ण प्रयोगका लागि सिफारिस भएका १२ वटा भाषाहरूको लेखनमा सर्वस्वीकार्य र आधिकारिक रूपमा एकल लिपि प्रयोगमा नआञ्जेलसम्म भाषा आयोगको सिफारिसबमोजिम सम्बन्धित भाषाको आधिकारिक र जातीय/भाषिक संस्था समेतको सहमतिमा एक भन्दा बढी लिपिको प्रयोग गर्ने सकिने हुँदा सोही बमोजिम गर्न तीनै तहको सरकारबाट सिफारिसको कार्यान्वयन गर्नुपर्ने।

घ. स्थानीय तहहरूमा सरकारी कामकाजको भाषा कार्यान्वयनको प्रबन्ध

प्रदेश भाषा ऐनहरूमा स्थानीय तहहरूबाट स्थानीय भाषा ऐन र कानुनी तर्जुमा गरेर सरकारी कामकाजको भाषा कार्यान्वयन गर्न सकिने कानुनी व्यवस्था भएकोमा सोका लागि कार्यान्वयन संयन्त्र वा भाषा शाखा र जनशक्ति (भाषा हेर्ने) कर्मचारीको व्यवस्था गरेर प्रभावकारी रूपमा कार्यान्वयन गरिनुपर्ने।

ङ. सरकारी कामकाजको भाषा र लिपिको प्रयोग

सरकारी कामकाजको भाषाको कार्यान्वयन गर्दा कुनै एक भाषामा प्रयोग क्षेत्र, प्रयोजन र कार्यविशेषानुसार उक्त भाषामा सर्वस्वीकार्य र आधिकारिक भाषिक स्वरूप तथा लिपिको विकास र प्रयोग गर्ने अवस्था नआञ्जेलसम्म उक्त भाषाको प्रचलित रूप र एक वा एकभन्दा बढी लिपिहरू एकसाथ प्रयोग गर्नुपर्ने।

च. नेपालमा उत्पादित वस्तुको नेपाली, मातृभाषा र लिपिमा नामकरण

नेपालका उद्योगहरूबाट उत्पादित नेपाली वस्तुहरू वा सामानहरूको नामकरण र ब्रान्डिङ गर्दा देवनागरी लिपिमा लिखित नेपालीका अतिरिक्त मातृभाषा र लिपिको माध्यमबाट समेत गर्नुपर्ने।

छ. भाषासम्बन्धी कार्यक्रम र बजेटसहित लगानीको सुनिश्चितता

समाज र समुदायको अमूर्त सम्पदाका रूपमा रहेका भाषा संरक्षण, संवर्धन र विकासका निम्ति हरेक तहका सरकारबाट आफ्नो वार्षिक नीति, कार्यक्रम र बजेटमा निश्चित प्रतिशत रकम विनियोजन गर्नुपर्ने।

ज. सरकारी कामकाजमा भाषाको आंशिक प्रयोग

भाषा आयोगको सरकारी कामकाजको भाषासम्बन्धी सिफारिस (२०७८) अनुसार प्रदेश सरकारी कामकाजमा आंशिक प्रयोगका लागि सिफारिस भएका भाषाहरूलाई शिक्षा, सञ्चार र अन्य क्षेत्रमा प्रयोग गरेर सबै भाषालाई क्रमशः स्थान दिँदै जानुपर्ने।

झ. सरकारी कामकाजको भाषाहरूको अनुसूचीकृत

संविधान संशोधनमार्फत् सङ्घीय सरकारले सरकारी कामकाजको भाषाहरूको अनुसूचीमा नेपालीसहित प्रदेश भाषाहरूलाई पनि सरकारी कामकाजको भाषाका रूपमा मान्यता प्रदान गर्नुपर्ने। प्रदेश र स्थानीय तहबाट सरकारी कामकाजको भाषाबाहेक संरक्षण र संवर्धन गर्नुपर्ने भाषाहरूलाई ऐनमार्फत् सूचीकृत गर्नुपर्ने।

२. भाषा संरक्षण तथा संवर्धनसम्बन्धी सुझाव तथा सिफारिसहरू

क. भाषिक पुस्तान्तरण र पुनर्जीवन

नेपालमा बोलिने सबै मातृभाषाको जीवन्तता र पुनर्जीवनका लागि भाषाको अन्तरपुस्तासम्म भाषिक पुस्तान्तरण कार्यक्रमलाई अभियानका रूपमा सञ्चालन गर्नुपर्ने।

ख. भाषा कक्षा सञ्चालन र भाषाको संरक्षण

मृतप्रायः भाषाहरूको पुनर्जीवन र पुस्तान्तरणका गर्न समुदाय र विद्यालयमा आधारित भाषा कक्षा सञ्चालन गरी दैनिक जीवन पद्धतिसँग भाषालाई जोड्ने कार्यक्रमलाई ठोस कार्ययोजना बनाई उच्च प्राथमिकतासहित कार्यान्वयन गर्नुपर्ने।

ग. लोपोन्मुख भाषाहरूको अभिलेखन र प्रकाशन

तीनै तहका सरकार र अन्य सम्बद्ध सबै निकायहरूबाट लोपोन्मुख र मृतप्रायः भाषाहरूको वर्ण पहिचान, शब्द सङ्कलन, शब्दकोश निर्माण, पाठ सङ्कलन, व्याकरण लेखन, लोकवार्ता सङ्कलन जस्ता कार्य गरी भाषिक अभिलेखन गरिनुपर्ने।

घ. भाषिक सचेतना र भाषा साक्षरता कार्यक्रम

तीनै तहका सरकारबाट सरोकावालाहरूमा भाषासम्बन्धी सकारात्मक सोच र व्यवहार विकास गर्न भाषा साक्षरता अभियानलाई समुदाय परामर्शमा आधारित कार्यक्रमका रूपमा सञ्चालन गर्नुपर्ने।

ङ. अन्तरसांस्कृतिक र अन्तरभाषिक सिकाइसम्बन्धी परामर्श कार्यक्रम सञ्चालन

समुदाय र विद्यालयमा अन्तरसांस्कृतिक र भाषिक सिकाइको कक्षा, कार्यक्रम, उत्सव र अवसर दिलाई एकअर्काको भाषा सिक्ने सिकाउने परम्पराको विकास गर्नुपर्ने।

च. नेपालको भाषिक विवरणसहितको एटलस (पार्श्वचित्र) तयारी र प्रयोग

नेपालमा बोलिने भाषाहरूको क्षेत्रगत भेदहरू, प्रकार र प्रयोगलाई समेटेर भाषागत विस्तृत विवरणहरू सङ्कलन गर्न समाजभाषावैज्ञानिक र भाषावैज्ञानिक अध्ययन गरिनुपर्ने।

छ. लोपोन्मख जाति र भाषा संरक्षण

अत्यन्त लोपोन्मुख जाति र भाषा संरक्षणका लागि एक जना मात्र वक्ता छ भने वक्ता संरक्षणका लागि भाषावृत्ति प्रदान गर्नुपर्ने।

ज. भाषाको संरक्षण र संवर्धनमा संलग्न संस्था र व्यक्तिलाई प्रोत्साहन र पुस्कार प्रदान

हरेक तहका सरकारबाट आफ्नो क्षेत्रभित्र भाषा र साहित्यको क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउने व्यक्ति र संस्थालाई वार्षिक रूपमा सम्मान र पुरस्कृत गरी प्रोत्साहन गरिनुपर्ने।

झ. लोपोन्मुख भाषा संरक्षित, स्वायत्त र विशेष क्षेत्र घोषणा

नेपालका मृतप्रायः भाषा र विशेष भाषिक क्षेत्रलाई स्थानीय तहमार्फत् विशेष, संरक्षित र स्वायत्त क्षेत्र घोषणा गर्दै पर्यटकीय गन्तव्यका साथै भाषिक सांस्कृतिक क्षेत्रसम्बन्धी कार्यक्रम सञ्चालन गर्नुपर्ने।

ञ. भाषालाई उत्पादन र रोजगारीसँग जोड्ने

नेपालका सबै भाषाहरूलाई स्वउत्पादन, स्वरोजगारी, व्यावसायिकता तथा भाषिक उद्यमशीलतासँग जोडेर भाषिक सिकाइ र प्रयोगको परिवेश तयार गर्नुपर्ने।

३. मातृभाषा शिक्षासम्बन्धी सुझाव तथा सिफारिसहरू

क. सरकारी कामकाजको भाषाहरूको उच्च शिक्षामा अध्यापनको प्रबन्ध

सरकारी कामकाजमा लागि सिफारिस भएका १२ वटा भाषाहरूको उच्च शिक्षाका लागि प्रदेशस्तरका विश्वविद्यालयहरूमा सम्बन्धित भाषाको अध्ययन विभाग स्थापना गरी स्नातक तहदेखि विद्यावारिधि तहसम्मको जनशक्ति उत्पादनका गर्न उच्च शिक्षामा पठनपाठनको व्यवस्था गर्नुपर्ने।

ख. विद्यालय शिक्षामा मातृभाषा विषयको पठनपाठन

अ) सरकारी कामकाजमा लागू भएका भाषाहरू र कार्यान्वयन हुन बाँकी रहेका भाषाहरूमा तत्काल सङ्घीय र प्रदेश तहका सरकारबाट प्रारम्भिक बाल कक्षादेखि १२ कक्षासम्म मातृभाषा विषयको पठनपाठन गर्नुपर्ने।

आ) स्थानीय तहमा बोलिने मातृभाषामा आधारभूत तहमा (कक्षा १-८) विषयका रूपमा पठनपाठनको प्रबन्ध गरी तत्काल कार्यान्वयन गरिनुपर्ने।

इ) विद्यालय शिक्षाको बाल कक्षादेखि ३ सम्म मातृभाषामा आधारित बहुभाषिक

शिक्षाको माध्यमबाट पठनपाठन गर्ने व्यवस्थालाई अनिवार्य रूपमा कार्यान्वयन गर्नुपर्ने।

ग. प्रदेशमा मातृभाषा र स्थानीय विषयको पाठ्यक्रम र पाठ्यपुस्तक विकास र प्रबोधीकरण

प्रदेश सरकारबाट आधारभूत तह (कक्षा १-८) सम्मका निम्ति प्रदेशस्तरमा मातृभाषा विषय र स्थानीय विषयका पठनपाठन गर्न मातृभाषा/स्थानीय विषय पाठ्यक्रम र मार्गदर्शन तयार गरी सोका आधारमा मातृभाषाका विकास, छपाइ, वितरण र शिक्षकका लागि तालिमको समेत व्यवस्था गर्दै प्रभावकारी कार्यान्वयन गर्न सहजीकरण, समन्वय र अनुगमन गरी सुधारमा जोड दिनुपर्ने।

घ. उच्च शिक्षामा मातृभाषा विषय अध्ययनका लागि छात्रवृत्ति

उच्च शिक्षामा जातीय र भाषिक अध्ययनका लागि तीनै तहका सरकार, विश्वविद्यालय, भाषिक सङ्घसंस्थाहरू र भाषा आयोगसमेतको सहकार्यमा छात्रवृत्तिको व्यवस्था गरिनु पर्ने। यसका लागि उच्च शिक्षामा भाषिक अध्ययन छात्रवृत्ति कोष स्थापना गरेर अवसर र सुविधा उपलब्ध गर्नुपर्ने।

ङ. परम्परागत शिक्षा र ज्ञान हस्तान्तरण परम्पराको माध्यमबाट भाषा संरक्षण

परम्परागत ज्ञान हन्तान्तरण र भाषिक पुस्तान्तरण तथा लिपिको प्रयोगमा गुम्बा, गुरुकुल, माङ्हिम, मदरसा जस्ता संस्थाहरूको विशेष भूमिका रहेकाले उक्त संस्थाहरूको सबलीकरण र मूलप्रवाहीकरण गर्न मापदण्ड तयार गरी शैक्षिक र भाषिक अनुदानको व्यवस्था गरी भाषिक संरक्षण र संवर्धनमा जोड्नुपर्ने।

च. नेपाली र अङ्ग्रेजीलाई दोस्रो भाषाका रूपमा शिक्षण

विद्यालय तहमा नेपाली र अङ्ग्रेजी विषयलाई दोस्रो भाषाका रूपमा शिक्षण गरी भाषिक सक्षमता हासिल गराउन भाषा विषय शिक्षकका लागि तालिमको व्यवस्था गरिनु पर्ने।

४. अध्ययन, अनुसन्धान र अनुगमनसम्बन्धी सुझाव तथा सिफारिसहरू

क. अन्तरसीमाका भाषाहरूको सर्वेक्षण र अध्ययन

नेपालसँग सीमा जोडिएका चीन र भारतमा बोलिने भाषाहरू आपसमा अन्तरसम्बन्धित भएको हुनाले उक्त भाषाहरूको विकासका अन्तरसीमाको भाषाहरूको अध्ययन र अनुसन्धानको व्यवस्था गर्नुपर्ने।

ख. नयाँ भाषाहरुको समाज भाषावैज्ञानिक अध्ययन र अनुसन्धान

राष्ट्रिय जनगणना, २०७८ अनुसार नयाँ पहिचान भएका १३ वटा भाषाहरूको विषयमा तीनै तहका सरकार र अन्य सम्बद्ध निकायको सहकार्यमा समाजभाषावैज्ञानिक अध्ययन र अनुसन्धान गरी भाषिक अवस्थाको उजागर गर्नुपर्ने।

ग. नेपालको भाषिक सर्वेक्षण र भाषा गणना

नेपालको भाषिक तथ्याङ्क सत्यापन, भाषागत गहन र विस्तृत अध्ययन गरी भाषिक प्रोफाइल तयारी र एटलस समेत निर्माण गरेर भाषिक गणना कार्य सम्पन्न गर्न ’नेपालको भाषिक सर्वेक्षण÷ गर्नुपर्ने।

घ. भाषिक अनुगमन र कार्यसम्पादन परीक्षण

भाषिक क्षेत्र कुनै पनि मुलुकको विशिष्ट र असाध्यै संवेदनशिल विषय क्षेत्र भएकाले तीनै तहका सरकार, विभिन्न सङ्घसंस्था र जातीय भाषिक सङ्घसंस्थाबाट भाषिक अनुगमन, अवलोकन र कार्यसम्पादन परीक्षण गरी प्राप्त विवरणलाई सम्बन्धित पक्षसमक्ष सुसूचित गराई निरन्तर सुधारमा लाग्नुपर्ने।

५. भाषा प्रविधिसम्बन्धी सुझाव तथा सिफारिसहरू

क. नेपालकै पहिलो भाषा प्रयोगशालाको सञ्चालन र व्यवस्थापन

भाषा आयोगमा स्थापना भई सञ्चालनमा रहेको नेपालकै पहिलो भाषा प्रयोगशालालाई प्रयोग विस्तार गर्न नेपाल सरकारका निकायहरू, विश्वविद्यालय र भाषिक सङ्घसंस्था एवम् प्रदेश तथा स्थानीय तहको सहकार्य र प्रयोग विस्तार गर्न तत्काल कार्यक्रम वा साझेदारिता अगाडि बढाउनुपर्ने।

ख. नेपालका भाषाहरूको एकीकृत विद्युतीय अभिलेख, डाटा सेन्टर तयारी र सार्वजनिकीकरण

संस्कृति, पर्यटन तथा नागरिक उडड्यन मन्त्रालतयको पहलमा भाषा आयोगबाट नेपालका भाषाहरूको आधिकारिक र एकीकृत अभिलेखनसम्बन्धी कार्यक्रमको सञ्चालन गरी भाषिक तथ्याङ्कको सार्वजनिकीकरण गरिनुपर्ने।

ग. भाषिक शैक्षिक सूचना व्यवस्थापन पद्धतिको विकास र कार्यान्वयन

शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा हाल शैक्षिक व्यवस्थापन सूचना प्रणाली (EMIS) पद्धति रहेको छ। यसमा भाषिक पृष्ठभूमिसहित विद्यार्थी, शिक्षक र समुदायको विवरण समावेश गरी भाषिक शैक्षिक सूचना व्यवस्थापन प्रणाली (LEMIS) पद्धतिको विकास गरेर कार्यान्वयन ल्याइनुपर्ने।

घ. मातृभाषा र लिपिमा वेब डोमेनको विकास र कार्यान्वयन

नेपालमा नेपाली र अङ्ग्रेजी भाषा र लिपिका अतिरिक्त संस्थाको स्रोत, क्षमता र प्रकृतिको आधारमा मातृभाषा र त्यसको लेखनमा प्रयोग हुने लिपिमा समेत वेब डोमेन बनाई कार्यान्वयनमा ल्याउनुपर्ने। पहिलो चरणमा प्रदेश सरकारी कामकाजको भाषामा वेब डोमेन विकास गरी प्रयोगमा ल्याइनुपर्ने। क्रमशः नेपालमा बोलिने भाषाहरूमा अन्य मातृभाषामा वेब डोमेन विकास गरी कार्यान्वयन गरिनुपर्ने।

ङ. भाषाहरूको युनिकोडीकरण

नेपालमा बोलिने भाषाहरूको आधुनिकीकरण वा यान्त्रिकीकरणका लागि पहिलो कार्य ती भाषाहरूको युनिकोडीकरण गर्नुपर्ने। यसका लागि सम्बद्ध सबैबाट सहकार्य मोडलमा भाषाहरूको प्रविधीकरण गर्न प्राथमिकता प्रदान गरेर कार्यसम्पादन गर्नुपर्ने।

६. मानव संशाधन तथा प्रशासनसम्बन्धी सुझाव तथा सिफारिसहरू

क. जनप्रतिनिधि, कर्मचारी र शिक्षकको लागि भाषिक सक्षमता विकास

जनप्रतिनिधि, कर्मचारी र शिक्षकको भाषासम्बन्धी बुझाइ र सोचाइलाई रूपान्तरण गरी मातृभाषालाई समाज र जीवन पद्धतिको अभिन्न अङ्गका रूपमा स्थापित गर्न परामर्श वा अभिमुखीकरण कार्यक्रम सबै तहबाट सञ्चालन गरिनुपर्ने। प्रस्तावित निजामती विधेयकमार्फत् भाषा सेवा समूह गठन गरी भाषासम्बन्धी जनशक्तिको भर्ना

र नियुक्तिको प्रबन्ध गर्नुपर्ने। प्रस्तावित विद्यालय शिक्षा विधेयकमार्फत् मातृभाषाका शिक्षक दरबन्दी सिर्जना, भर्ना, छनोट गर्ने व्यवस्था राखी मातृभाषामा पठनपाठनका आवश्यक जनशक्तिलाई सुनिश्चित गरिनुपर्ने।

ख. बहुभाषिक माध्यमबाट सेवा प्रवाहका लागि अनुवादक व्यवस्था

प्रदेशहरूमा सरकारी कामकाजको भाषाको रूपमा कार्यान्वयन गरेको सन्दर्भमा भाषा आयोगको प्रदेश शाखा विस्तारसम्बन्धी संवैधानिक प्रावधानको कार्यान्वयन गर्दै प्रदेशको भाषा हेर्ने मन्त्रालयहरूमा सरकारी कामकाजको भाषा कार्यान्वयन भाषा डेस्क खडा गरी अनुवादक वा भाषा हेर्ने कर्मचारी नियुक्ति गरिनुपर्ने। त्यसैगरी आवश्यकता र माग समेतको आधारमा स्रोत साधन र क्षमताको सीमामा रही संवेदनशील र नभई नहुने संयन्त्र वा सेवा प्रवाह केन्द्रमा तत्काल अनुवादकको व्यवस्था गरी बहुभाषिक माध्यमबाट सेवा प्रवाह गर्ने व्यवस्था गर्नुपर्ने।

७. भाषासम्बन्धी समसमायिक सवाल र सिफारिसहरू

क. अन्तरराष्ट्रिय आदिवासी भाषा दशक (२०२२-२०३२) नेपालको राष्ट्रिय कार्ययोजना स्वीकृति र कार्यान्वयन

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट नेपाल सरकार, मन्त्रिपरिषदमा पेस गरी अन्तर्राष्ट्रिय आदिवासी भाषा दशक (२०२२-२०३२) को राष्ट्रिय कार्ययोजना स्वीकृतिका लागि पहल गरी स्वीकृति पश्चात् तत्काल कार्यान्वयन गरिनुपर्ने।

ख. नेपालमा प्रचलनमा रहेका लिपिहरू

भाषा आयोगबाट नेपालमा प्रचलनमा रहेका लिपिहरूलाई सम्बन्धित मन्त्रालय र भाषिक सङ्घसंस्थासँगको समन्वय र सहकार्यमा राष्ट्रिय अभिलेखालय तथा पुरातत्व विभागसँग समन्वय गरी विस्तृत अध्ययन, पहिचान, पुनः नामकरण गरी अभिलेखन समेत गरेर आधिकारिता र वैधानिकताको आधार तयार गरी प्रमाणीकरणको प्रबन्ध गर्नुपर्ने।

ग. भाषिक जनशक्तिको योग्यता निर्धारण, परीक्षण र प्रमाणीकरण

नेपालमा औपचारिक रूपमा विद्यालय र उच्च शिक्षण संस्थाभन्दा बाहिर हुने भाषिक पठनपाठन, भाषासम्बन्धी तालिमको परीक्षण र प्रमाणीकरण कार्य भाषा आयोगबाट

सङ्घ, प्रदेश र स्थानीय तहका लागि सिफारिस गरिएका भाषासम्बन्धी योग्यता प्रारूप, परीक्षण विधि र परीक्षा नतिजाको आधारमा सम्बन्धित मन्त्रालयहरूले प्रमाणीकरण गर्नुपर्ने।

घ. सञ्चार क्षेत्रमा भाषिक प्रयोगको स्तरीकरण र बहुभाषीकरण

सञ्चार माध्यममा स्तरीय भाषा र बहुभाषिक प्रयोगका लागि मिडिया शैली पुस्तिका र मिडियाकोशको विकास गरेर प्रयोगमा ल्याउनुपर्ने। यसका निम्ति सूचना तथा सञ्चार मन्त्रालय, नेपाल प्रेस काउन्सिल तथा भाषा आयोगको सहकार्यमा आम सञ्चारसम्बन्धी भाषा आचारसंहिता तयार गरी तत्काल लागू गर्नुपर्ने।

ङ. भाषिक सङ्घसंस्थाको क्षमता विकास गर्न अनुदान

मातृभाषाको संरक्षण, संवर्धन र विकासको सहयोगी संयन्त्रका रूपमा रहेका भाषिक सङ्घसंस्थाहरूबाट भाषाको क्षेत्रमा नतिजामूलक कार्य गर्न संस्थाका पदाधिकारी र कर्मचारीहरूको क्षमता विकासका साथै संस्था सञ्चालन र भाषिक क्रियाकलाप व्यवस्थापनका लागि तीनै तहका सरकारले अनुदान प्रदान गर्नुपर्ने।

च. भाषिक हिंसामा उपचार, क्षतिपूर्ति र भाषिक मानव अधिकारको प्रत्याभूति

नेपालमा कानुनी राज्य र शासनको प्रत्याभूति समेत गर्न भाषिक हिंसाका पीडितलाई क्षतिपूर्ति र पीडकलाई दण्ड सजाय गरेर सामाजिक न्याय र भाषिक अधिकारको सुनिश्चित गर्दै हरेक तहका सरकारबाट भाषिक अधिकारको प्रत्याभूति गरिनुपर्ने।

छ. नेपाली मुद्रामा बहुभाषाको प्रयोग

नेपालको संविधानमा नेपालका सबै भाषाहरू राष्ट्र भाषाका रूपमा परिभाषित भएको हुँदा विश्वका अन्य मुलुकहरूको मुद्रामा बहुभाषाको प्रयोग र अभ्यास भएको तथ्यलाई समेतलाई ध्यानमा राखी नेपालीसहित मातृभाषाहरू र लिपिको समेत मुद्रामा प्रयोग गर्नुपर्ने।

ज. नेपाल टेलिकमबाट बहुभाषिक सन्देश र सूचना प्रसारण

नेपाल सरकार सूचना तथा प्रविधि मन्त्रालयअन्तर्गतको नेपाल टेलिकममा आयोगबाट सरकारी कामकाजका लागि सिफारिस भएका अन्य भाषाहरूमा समेत सूचना वा सन्देश प्रसारण गर्नुपर्ने।

झ. सवारी साधनको इम्बोस्ड नम्बरमा देवनागरी लिपिमा लेखिने नेपाली भाषा प्रयोग

भाषा आयोगबाट वार्षिक प्रतिवेदन र आयोगको बैठक निर्णयमा आधारित भई सवारी साधनको इम्बोस्ड नम्बरमा नेपाली भाषा र देवनागरी लिपिको प्रयोग गर्न सङ्घीय सरकार र प्रदेश तहको यातायात मन्त्रालयसहित नेपाल सरकार यातायात व्यवस्था विभागसमक्ष यस अगावै सिफारिस गरी कार्यान्वयनका लागि परिपत्र गरिएकोमा सन्दर्भमा सर्वोच्च अदालतको २०८१ असार ९ गतेको नेपालीभाषा वर्णविन्याससम्बन्धी फैसलामा नेपालको संविधानको धारा ७ को उपधारा (३) मा भाषासम्बन्धी अन्य कुरा भाषा आयोगको सिफारिसमा नेपाल सरकारले निर्णय गरेबमोजिम हुनेछ भन्ने संवैधानिक प्रावधान बमोजिम गर्न गराउन स्पष्ट व्याख्या भएकोमा संविधानको सोही धारा र अदालतको फैसला बमोजिम सवारी साधनको इम्बोस्ड नम्बरमा देवनागरी लिपिमा लेखिने नेपाली भाषाको प्रयोग गर्नु बाध्यकारी संवैधानिक व्यवस्था हुँदा सबै तहका सरकारबाट कार्यान्वयन गर्नुपर्ने।

परिच्छेदः एक
आयोगको गठन तथा कार्यदिश

संविधानमा नेपालमा बोलिने सबै भाषाको सम्मान गर्दै राष्ट्रभाषाको मान्यता दिइएको छ। नेपालमा बोलिने सबै भाषाहरूको संरक्षण, संवर्धन र विकास तथा भाषासम्बन्धी अध्ययन अनुसन्धान गर्ने निकायको रूपमा नेपालको संविधानको धारा २८७ मा भाषा आयोगको व्यवस्था गरिएको छ। संविधान प्रारम्भ भएको मितिले एक वर्षभित्र भाषा आयोगको गठन गर्नुपर्ने व्यवस्थानुसार नेपाल सरकारबाट संवत् २०७३ साल भाद्र २३ गते आयोगको गठन भएको हो। नेपालको संविधान र भाषा आयोग ऐन, २०७४ ले दिएको अधिकार र कार्यदिशबमोजिम आयोगले आफ्नो कार्य अगाडि बढाउँदै आएको छ।

आयोगले संविधान र कानुनले दिएको जिम्मेवारी पूरा गर्ने क्रममा विभिन्न भाषिक सङ्घ, संस्था र विज्ञहरूसँगको समन्वय र सहकार्यमा अध्ययन अनुसन्धान, भाषाको पुस्तान्तरणका कार्य गर्दै आएको छ। संविधानको धारा २८७ उपधारा ६ (क) को व्यवस्थाबमोजिम सरकारी कामकाजको भाषा निर्धारणका आधार तयार गरी २०७८ भदौ २१ गते नेपाल सरकारसमक्ष प्रदेश र स्थानीय तहमा सरकारी कामकाजका लागि नेपाली भाषाका अतिरिक्त विभिन्न मातृभाषाहरूलाई सिफारिस गरिसकेको छ। यसपश्चात् आयोगबाट सरकारी कामकाजको भाषा प्रयोगको लागि प्रदेश र स्थानीय तहसम्म सहजीकरणका कार्य भएका छन्। सङ्घीय तहमा भाषासम्बन्धी नीति तथा कानुन निर्माणका लागि प्रक्रिया अगाडि बढाइएको छ। यसै गरी आयोगबाट भाषाहरूको संरक्षण, संवर्धन र विकास गर्न भाषाविज्ञ तथा सम्बद्ध भाषिक संस्था र समुदायहरू एवम् स्थानीय सरकारसँगको समन्वय र सहकार्यमा वर्ण निर्धारण, शब्द सङ्कलन, शब्दकोश निर्माण, पाठ सङ्कलन, भाषिक इतिहास लेखन, व्याकरण निर्माण, समाज भाषावैज्ञानिक अध्ययन, लोकवार्ता सङ्कलन, विद्युतीय बहुभाषिक भाषाकोश विकासजस्ता अध्ययन र अभिलेखन कार्य भएका छन्। साथै लोपोन्मुख भाषाको संरक्षण तथा पुस्तान्तरणका लागि भाषा कक्षा सञ्चालनका कार्यहरूसमेत भइरहेका छन्। यसका साथै मातृभाषाको विकासको स्तर मापन गरी शिक्षामा प्रयोगको सम्भाव्यता विषयमा नेपाल सरकारलाई

सिफारिस गर्ने तथा भाषाहरूको अध्ययन, अनुसन्धान र अनुगमन सम्बन्धमा आयोगबाट कार्य सम्पादन गर्दै आएको छ।

यस परिच्छेदमा नेपालको संविधान तथा भाषा आयोग ऐन, २०७४ मा उल्लेख भएका आयोगका कार्यहरूसहित यसको संस्थागत संरचना एवम् कार्यक्षेत्रसँग सम्बन्धित पक्षहरू प्रस्तुत गरिएका छन्:

१.१ भाषा आयोगको संवैधानिक व्यवस्था

नेपाल बहुभाषिक मुलुक हो। यसै तथ्यलाई आत्मसात् गरी नेपालको संविधानमा भाषा तथा संस्कृतिको हक, भाषिक आधारमा समानता लगायतका विविध विषयवस्तु समावेश गरिएको छ। यसैगरी नेपालको संविधानको धारा २८७ को उपधारा (१) मा नेपाल सरकारले प्रदेशहरूको प्रतिनिधित्व हुने गरी भाषा आयोगको गठन संविधान प्रारम्भ भएको मितिले एक वर्षभित्र गर्नुपर्ने प्रावधान छ। सोही धाराको उपधारा (८) मा नेपाल सरकारले प्रदेश सरकारसँग समन्वय गरी प्रदेशमा भाषा आयोगको शाखा स्थापना गर्न सक्ने व्यवस्थासमेत रहेको छ।

संविधानको धारा २८७ (४) अनुसार भाषा आयोगको अध्यक्ष वा सदस्यको पदमा नियुक्त हुन नेपाल सरकारको मान्यता प्राप्त विश्वविद्यालयबाट सम्बन्धित विषयमा स्नातकोत्तर उपाधि प्राप्त गरेको, नेपालका विभिन्न भाषाहरूका सम्बन्धमा अध्ययन, अध्यापन, अनुसन्धान र अन्वेषणका क्षेत्रमा कम्तीमा बिस वर्षको कार्य अनुभव प्राप्त गरेको, पैंतालीस वर्ष उमेर पूरा भएको र उच्च नैतिक चरित्र भएको व्यक्ति हुनुपर्ने व्यवस्था रहेको छ।

१.२ भाषा आयोगका काम, कर्तव्य र अधिकार

नेपालको संविधानले आयोगलाई सरकारी कामकाजको भाषा निर्धारणका आधार तयारी, नेपालका भाषाहरूको संरक्षण, मातृभाषाहरूको विकासको स्तर मापन गरी शिक्षामा प्रयोगको सम्भाव्यता, भाषाहरूको अध्ययन, अनुसन्धान र अनुगमनलगायतका कार्यहरू गर्ने महत्त्वपूर्ण जिम्मेवारी प्रदान गरेको छ। संविधानको धारा २८७ को उपधारा ६ बमोजिम आयोगका काम, कर्तव्य र अधिकार देहायबमोजिम रहेका छन्:

(क) सरकारी कामकाजको भाषाका रूपमा मान्यता पाउन पूरा गर्नुपर्ने आधारहरूको निर्धारण गरी नेपाल सरकारसमक्ष भाषाको सिफारिस गर्ने,

(ख) भाषाहरूको संरक्षण, संवर्धन र विकासका लागि अवलम्बन गर्नुपर्ने उपायहरूको नेपाल सरकारसमक्ष सिफारिस गर्ने,

(ग) मातृभाषाहरूको विकासको स्तर मापन गरी शिक्षामा प्रयोगको सम्भाव्यताका बारेमा नेपाल सरकारसमक्ष सुझाव पेस गर्ने,

(घ) भाषाहरूको अध्ययन, अनुसन्धान र अनुगमन गर्ने।

१.३ भाषा आयोग ऐन, २०७४ बमोजिमका संवैधानिक दायित्वहरू

त्यसैगरी भाषा आयोग ऐन, २०७४ ले नेपालको संविधानमा भएका अतिरिक्त भाषा आयोगका काम, कर्तव्य तथा अधिकारका सम्बन्धमा व्यवस्था गरेको छ। उक्त ऐनको परिच्छेद २, दफा ३ मा देहायबमोजिमका काम, कर्तव्य तथा अधिकारहरू तोकिएका छन्ः

(क) नेपालमा बोलिने मातृभाषाको पहिचान गर्ने,

(ख) नेपालमा बोलिने मातृभाषाको संरक्षण, संवर्धन र विकासका लागि नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहका सरकारले अपनाउनुपर्ने नीतिगत वा संस्थागत उपायहरूका बारेमा नेपाल सरकारसमक्ष सिफारिस गर्ने,

(ग) नेपालमा बोलिने मातृभाषा तथा लिपिको संरक्षण, संवर्धन र विकासका लागि आवश्यक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न तथा गराउन सम्बन्धित निकायलाई सिफारिस गर्ने,

(घ) नेपालमा बोलिने मातृभाषा र तिनका इतिहासको अध्ययन, अनुसन्धान गरी प्रकाशन गर्ने,

(ङ) विभिन्न समुदायको मातृभाषा तथा लिपि संरक्षण, संवर्धन र विकास गर्न त्यस्ता भाषाका पुस्तक प्रकाशन गर्ने तथा त्यस्ता पुस्तक प्रकाशन गर्न सम्बन्धित निकायलाई सिफारिस गर्ने,

(च) नेपालमा बोलिने मातृभाषाको प्रयोगलाई प्रविधिमैत्री बनाउन अध्ययन-अनुसन्धान गरी उपयुक्त उपाय अवलम्बन गर्न सम्बन्धित निकायलाई सिफारिस गर्ने,

(छ) राष्ट्रभाषाका भाषाविज्ञको सूची तयार गर्ने।

उपर्युक्त काम, कर्तव्य तथा अधिकारका अतिरिक्त नेपालको संविधानको धारा ७ को उपधारा ३ मा ‘भाषासम्बन्धी अन्य कुरा भाषा आयोगको सिफारिसमा नेपाल सरकारले निर्णय गरेबमोजिम हुनेछ’ भन्ने प्रावधानबाट भाषा आयोगको कार्यक्षेत्र अझै विस्तार हुन गएको छ।

१.४ भाषा आयोगको सचिवालयको सङ्गठन तथा व्यवस्थापन

नेपाल सरकार, मन्त्रीपरिषद्को मिति २०७३/११/२५ को निर्णयानुसार भाषा आयोगको स्वीकृत सङ्गठन संरचनामा आयोगको कार्यसम्पादनका लागि नेपाल शिक्षा सेवा, राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृतको नेतृत्वको सचिवालयमा नेपाल शिक्षा सेवाका पाँच र नेपाल प्रशासन सेवाका एक गरी जम्मा छ जना राजपत्राङ्कित द्वितीय श्रेणीका उपसचिव शाखा प्रमुख रहने व्यवस्था छ। यसै गरी नेपाल शिक्षा सेवाका तीन, नेपाल प्रशासन सेवाका तीन, लेखा समूहका एक, न्याय सेवा (कानुन समूह) का एक, विविध सेवाको कम्प्युटर इन्जिनयर एक गरी नौ जना शाखा अधिकृत रहने व्यवस्था छ। राजपत्र अनङ्कित‌तर्फ नायब सुब्बा आठ जना, लेखापाल एक जना, प्राविधिक सहायक (शिक्षा सेवा) पाँच जना, कम्प्युटर अपरेटर तीन जना, पुस्तकालय सहायक एक जना, हलुका सवारी चालक नौ जना र कार्यालय सहयोगी छ जना सहित ४९ जना कर्मचारीको व्यवस्था गरिएको छ। यसरी २०७३/११/२५ मा स्वीकृत भएको आयोगको सङ्गठन संरचनामा नेपाल सरकार, मन्त्रीपरिषद्को मिति २०७५/०३/३२ को निर्णयले सामान्य हेरफेर गरी कार्यान्वयनमा ल्याइएको छ। सचिवालयको मौजुदा सङ्गठन संरचना, दरबन्दी तेरिज र कार्यरत कर्मचारी विवरण अनुसूचीमा संलग्न छ।

भाषा आयोगको सङ्गठन संरचना अनुसूची १ मा दिइएको छ। यस्तै आयोगको दरबन्दी तेरिज अनुसूची २ मा र आयोगका पदाधिकारी, सल्लाहकार तथा कर्मचारीहरूको विवरण अनुसूची ३ मा दिइएको छ।

आयोगको सचिवालय र शाखागत कार्यविवरण यसप्रकार रहेको छ:

१.४.१ आयोगको सचिवालय

- संविधानको मौलिक हक र कर्तव्य, निर्देशक सिद्धान्त, नीति तथा दायित्वबमोजिम गर्नुपर्ने कार्यहरू गर्ने,
- नेपाल सरकारको कार्य विभाजन नियमावलीमा उल्लिखित कार्यहरू गर्ने,
- प्रचलित कानुनद्वारा निर्दिष्ट अधिकारहरूअनुरूपका कार्यहरू गर्ने,
- विकास कार्यक्रमहरूको मूल्याङ्कन तथा समीक्षासम्बन्धी कार्यहरू गर्ने,
- मानव स्रोत व्यवस्थापनसम्बन्धी कार्यहरू गर्ने,
- अन्वेषण तथा अनुसन्धान, प्रकाशन एवम् प्रचार प्रसारसम्बन्धी कार्यहरू गर्ने,
- सरकारी कामकाजको भाषाका रूपमा मान्यता पाउन पूरा गर्नुपर्ने आधारहरूको निर्धारण गर्ने,
- भाषाको संरक्षण, संवर्धन र विकासका लागि अवलम्बन गर्नुपर्ने उपायहरूको खोज गर्ने,
- मातृभाषाहरूको विकासको स्तर मापन गरी शिक्षामा प्रयोगको सम्भाव्यताका बारेमा सुझाव पेस गर्ने,
- भाषाहरूको अध्ययन, अनुसन्धान र अनुगमन गर्ने,
- संवैधानिक दायित्व पूरा गर्ने,
- कानुनद्वारा निर्दिष्ट अधिकारहरू सम्पन्न गर्ने,
- भाषाको संरक्षण तथा संवर्धनका लागि अध्ययन अनुसन्धान तथा खोज गर्ने,
- आयोगले तोकेका अन्य कार्यहरू गर्ने।

१.४.२ प्रशासन तथा मानव संशाधन विकास शाखा

- कर्मचारीहरूको नियुक्ति, कार्यविवरण, कार्यसम्पादन, तालिम, बिदा, काज, सरुवा तथा अवकाशसम्बन्धी कार्यहरू गर्ने,
- कर्मचारीहरूको कार्य सम्पादन मूल्याङ्कन, प्रोत्साहन, पुरस्कार सिफारिस तथा विभागीय कारवाहीसम्बन्धी कार्यहरू गर्ने,
- आयोग र अन्तर्गतका निकायहरूमा कार्यरत कर्मचारीहरूलाई स्वदेशी तथा वैदेशिक तालिम, वृत्ति विकास, अध्ययन, अनुसन्धान, भ्रमण, गोष्ठी, सेमिनारमा

भाग लिन निजामती कर्मचारी तथा अन्यको मनोनयन गर्नका लागि प्रारम्भिक कार्यहरू गर्ने,

- कर्मचारीहरूको गुनासो तथा पिरमर्का सुन्ने र सकारात्मक सुझावहरूको कार्यान्वयनसम्बन्धी कार्य गर्ने,
- आयोगअन्तर्गत सम्पूर्ण कर्मचारीहरूको अभिलेख अद्यावधिक राख्ने तथा राख्न लगाउने,
- नेपाल सरकारका नियामक तथा निगरानी गर्ने निकायहरूबाट आएको निर्देशन कार्यान्वयनका लागि पेस गर्ने,
- नागरिक बडापत्र तयार गरी कार्यान्वयन गर्ने गराउने,
- शाखासम्बन्धी अति गोप्य महत्त्वपूर्ण कागजातहरू जिम्मा लिई सुरक्षित राख्ने,
- आयोगमा जनसम्पर्क, पत्र दर्ता तथा चलानीसम्बन्धी कार्यहरू गर्ने,
- आयोगमा सवारी चालक, कार्यालय सहयोगी, पालेपहरे, माली, कुचीकार आदिको करार तथा परिचालन गर्ने,
- आयोगको सुरक्षा व्यवस्था गर्ने गराउने,
- सवारी साधनको परिचालन, कार्यालय भवन, बिजुली, धारा, टेलिफोन आदिको आपूर्ति तथा मर्मत सम्भारको व्यवस्था गर्ने,
- कार्यालयका सामानहरूको सञ्चय, खर्च, लिलाम र मिनाहालगायत भण्डारण व्यवस्थापनसम्बन्धी कार्यहरू गर्ने गराउने,
- आयोगमा आवश्यक सामानहरूको माग सङ्कलन गरी नियमानुसार खरिद तथा वितरण गर्ने व्यवस्था मिलाउने,
- आयोगको चल अचल सम्पत्तिको विवरण अद्यावधिक अभिलेख राख्ने, राख्न लगाउने,
- आयोग मातहतका निकायहरूको जिन्सी निरीक्षणसम्बन्धी कार्य गर्ने गराउने,
- सूचना तथा भाषासम्बन्धी हकको कार्यान्वयनसम्बन्धी कार्य गर्ने गराउने,
- खरिद तथा लिलाम बिक्रीका साथै जिन्सी व्यवस्थापन, अभिलेखीकरण मर्मत सम्भार र संरक्षण गर्ने,
- आयोगले तोकेका अन्य कार्यहरू गर्ने।

१.४.२ योजना, अनुगमन तथा सिफारिस शाखा

- केन्द्र सरकार, प्रदेश सरकार र स्थानीय तहका सरकारले प्रयोग गर्ने सरकारी कामकाजको भाषा निर्धारण गर्न पूरा गर्नुपर्ने आधारहरू तयार गर्न विभिन्न बैठक, गोष्ठी, सेमिनार तथा कार्यशाला सञ्चालन गर्ने,
- सङ्घ, प्रदेश र स्थानीय तहका सन्दर्भमा आयोगले विभिन्न निकायसँग पेस गर्नुपर्ने विभिन्न प्रतिवेदन तयार गर्ने,
- नेपाल सरकारसँग सरकारी कामकाजको भाषा सिफारिस गर्न आवश्यक कार्य गर्ने, नेपालमा बोलिने विभिन्न समुदायको भाषा वा लिपिको संरक्षणका लागि केन्द्र सरकार, प्रदेश सरकार वा स्थानीय तहका सरकारले अपनाउनुपर्ने नीतिगत वा संस्थागत उपायहरू सिफारिस गर्ने,
- विभिन्न भाषा तथा लिपिको परम्परालाई पहिचान गराउने अभिलेखालय, स्रोतकेन्द्र वा सङ्ग्रहालय स्थापना गर्ने वा सम्बन्धित निकायलाई सिफारिस गर्ने,
- भाषासम्बन्धी हकको कारवाही, सुरक्षा र प्रतिरक्षासम्बन्धी कार्य गर्ने,
- आयोगको संवैधानिक जिम्मेवारी पूरा गर्न दीर्घकालीन कार्ययोजना तयार गर्ने,
- आयोगको कार्यलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न रणनीतिक कार्ययोजना तयार गर्ने,
- आयोगको क्षमता विकाससम्बन्धी योजना तयार गर्ने,
- योजना तथा कार्यक्रमको अनुगमन गरी आवधिक मूल्याङ्कन र प्रतिवेदन तयार गरी थप सुधारका उपायहरूको खोजी गर्ने,
- भाषाको विकासका लागि नवप्रवर्तनात्मक एवम् सिर्जनात्मक प्रकृतिका कार्यक्रमहरू विकास गरी बजेट तर्जुमा गर्ने,
- भाषा आयोगका नीति, योजना तथा कार्यक्रमहरूको तर्जुमा, कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन गरी प्रतिवेदन तयार गर्ने,
- भाषा आयोगका विभिन्न सामग्री प्रकाशन गर्ने,
- आयोगले तोकेका अन्य काम गर्ने।

१.४.३ मातृभाषा शिक्षा

- शिक्षामा मातृभाषाहरूको प्रयोगको अवस्था र सम्भाव्यताका लागि विद्यालयगत/ स्थलगत अध्ययन गर्ने,
- बालबालिकालाई मातृभाषामा शिक्षा उपलब्ध गराउने सम्बन्धमा भाषिक नक्साङ्कन गर्ने,
- मातृभाषामा शिक्षाका लागि भाषाको स्तर पहिचान, वर्गीकरण, सूचीकरणसहितको आधार निर्धारण गरी सङ्घ, प्रदेश र स्थानीय तहका लागि समेत भाषा सिफारिस गर्ने,
- मातृभाषामा शिक्षाका लागि शिक्षण सिकाइमा भाषिक प्रयोगका सम्बन्धमा आवश्यक अध्ययन अनुसन्धान गर्ने,
- मातृभाषामा शिक्षाका लागि स्रोत सामग्री सङ्कलन, व्यवस्थापन र परिचालन गर्ने,
- मातृभाषासम्बन्धी सिर्जनात्मक, प्रवर्धनात्मक तथा प्राज्ञिक कार्यहरू गर्ने,
- बहुभाषिक शब्दकोश निर्माण गर्ने,
- बहुभाषिक शिक्षासम्बन्धी भएका अध्ययन अनुसन्धानहरूका प्रतिवेदन तथा साहित्यिक र सिर्जनात्मक कृतिहरू प्रकाशन गर्ने,
- विभिन्न मातृभाषाहरूको स्थलगत सर्वेक्षण, परीक्षण र अभिलेखन गर्ने,
- मातृभाषाको वर्तमान स्थिति पहिल्याउन सरोकारवालाहरूको राय परामर्श लिने,
- मातृभाषामा शिक्षासम्बन्धी संस्थाहरूबीच समन्वय गर्ने,
- आयोगले तोकेका अन्य कार्यहरू गर्ने।

१.४.४ भाषा संरक्षण तथा संवर्धन शाखा

- नेपालका भाषाहरूको संरक्षण, संवर्धन र विकासका लागि नीति तय गर्ने,
- भाषाको संरक्षण, संवर्धन र विकासका लागि तत्काल, मध्यकाल र दीर्घकालमा गर्नुपर्ने कार्यहरू निर्धारण गरी आयोगसमक्ष पेस गर्ने,
- लेख्य परम्परा नभएका भाषाका लागि उपयुक्त लिपिको खोजी गरी गराई प्रयोग गर्न सुझाव दिने,
- विभिन्न समुदायमा प्रयोग हुने भाषाहरूको स्थलगत अध्ययन गरी संरक्षणका लागि अपनाउनुपर्ने उपायहरू खोजी गर्ने,

- नेपालमा बोलिने विभिन्न भाषा, लिपिको संरक्षण, संवर्धन तथा विकासका लागि आवश्यक उपाय अवलम्बन गर्न सम्बन्धित निकायलाई सिफारिस गर्ने,
- विभिन्न समुदायको भाषा संरक्षण गर्न त्यस्तो भाषाको वर्ण निर्धारण, लेख्य परम्परा, शब्दकोश, व्याकरण, पाठसङ्ग्रह तथा भाषिक इतिहास तयार गरी प्रकाशन गर्न गराउन पहल गर्ने,
- आयोगले तोकेका अन्य कार्यहरू गर्ने।

१.४.५ अध्ययन अनुसन्धान तथा प्रदेश समन्वय शाखा

- नेपालभित्र बोलिने विभिन्न भाषाको प्रोफाइल तयार गर्ने, नेपालमा बोलिने विभिन्न भाषाको वास्तविक स्थिति पहिचान गर्न समाज भाषावैज्ञानिक सर्वेक्षण गर्ने गराउने,
- नेपालमा बोलिने लुप्तप्रायः, समृद्ध र सम्पर्क भाषाका रूपमा रहेका विभिन्न भाषाका विशेषता, प्रयोगको अवस्था, साहित्यिक लेखन आदि विषयमा अनुसन्धान गर्ने गराउने,
- विभिन्न भाषाका सामाजिक तथा क्षेत्रीय भाषिकाहरूको तुलनात्मक अध्ययन गर्ने गराउने,
- जनगणना हुँदा भाषाको संरक्षण र संवर्धन गर्नका लागि आवश्यक भाषिक तथ्याङ्क सङ्कलनका लागि सम्बन्धित निकायमा सुझाव पठाउने तथा विभिन्न भाषाका विज्ञहरूको सूची तयार गर्ने,
- अन्तर्राष्ट्रिय क्षेत्रमा भाषाको प्रवर्धनका लागि भएका असल अभ्यासहरूको अध्ययन गरी अभिमुखीकण गर्ने,
- भाषाको विकासका लागि काम गर्ने राष्ट्रिय, अन्तर्राष्ट्रिय सङ्घसंस्थासँग संस्थागत समन्वय कायम गरी अध्ययन अनुसन्धानका लागि स्थलगत अनुभव आदानप्रदान गर्ने,
- भाषासम्बन्धी विभिन्न मुद्दाहरूमा खोजमूलक लेखहरू सङ्कलन गरी जर्नल प्रकाशन गर्ने र आयोगले तोकेका अन्य कार्यहरू गर्ने।

१.४.६ भाषा तथा सूचना प्रविधि शाखा

- नेपालमा बोलिने विभिन्न भाषाहरूको तथ्याङ्कीय, कृतिगत तथा अन्य प्रकारका विवरणको अभिलेख तयार गर्ने,
- नेपालमा बोलिने भाषाको प्रयोगलाई प्रविधिमैत्री बनाई सूचना प्रविधिमा रूपान्तरण गर्न सहज बनाउने,
- भाषासम्बन्धी विभिन्न दस्तावेजको मस्यौदा तयार गर्ने, भाषागत तथ्याङ्क व्यवस्थापन गर्ने र भाषासम्बन्धी सूचना प्रविधिको व्यवस्थापनमा समन्वय गर्ने,
- भाषा आयोगका श्रव्यदृश्य सामग्रीहरू तयार गर्ने, भाषाहरूको प्रविधि रूपान्तरण (मेसिन ट्रान्सलेसन) गर्ने र विभिन्न सामग्रीहरूको विद्युतीय अङ्कन (डिजिटाइजेसन), अभिलेखन र भण्डारण गर्ने,
- विभिन्न प्रकारका सफ्टवेयर निर्माणमा सहजीकरण गर्ने, आयोगबाट विकास हुने सामग्रीको स्वरूप (लेआउट), ढाँचा (डिजाइन) तयार गर्ने, आयोगका लागि आवश्यक पर्ने भाषिक भूसूचनासम्बन्धी जानकारीको पहिचान तथा विश्लेषण गर्ने साथै भूसूचना प्रणालीमा आधारित नक्साङ्कन (जिआइएस म्यापिङ) तथा भाषिक नक्सा निर्माण गर्ने,
- अन्य शाखासँग सम्पर्क समन्वय गर्दै कार्यसम्पादनका लागि आवश्यक सूचना/तथ्याङ्क उपलब्ध गराउने।

१.५ भाषा आयोगको कार्यसम्पादन प्रक्रिया

नेपालको संविधान र भाषा आयोग ऐनअनुसार भाषा आयोगले देश भित्ररहेका मातृभाषाहरूको संरक्षण, संवर्धन र विकास गर्ने नीतिहरू बारे सिफारिस गर्छ। यसले मातृभाषामा शिक्षा, सरकारी कामकाजमा भाषा प्रयोग र भाषिक अधिकार सुनिश्चित गर्न सुझाव दिन्छ। त्यसैगरी, आयोगले भाषा अनुसन्धान, प्रलेखन र भाषिक समुदायबीच समन्वयको कार्यसम्पादन गर्छ।

१.५.१ निर्णय तथा कार्यान्वयन प्रक्रिया

आयोगले आफ्नो कार्यसम्पादन गर्न सोपान पद्धतिलाई अवलम्बन गरेको छ। आयोगका नीतिगत निर्णयहरू आयोगको बैठकबाट हुने गरेका छन्। आयोगका बैठकहरू आवश्यकताअनुसार अध्यक्षले तोकेको मिति र समयमा बस्ने गरेका छन्।

आयोगको बैठकमा सचिवबाट कार्यसूची प्रस्तुत भई छलफल पश्चात् निर्णय गर्ने कार्यविधि अपनाइएको छ। आयोगका निर्णयका आधारमा आयोगका सचिवबाट कार्यकारी निर्णय गरी दैनिक कार्यहरू सञ्चालन गर्ने गरिएको छ। आयोगले नीतिगत निर्णयका लागि कार्यसूची पद्धति र कार्यकारी निर्णयका लागि टिप्पणी र आदेश पद्धति अवलम्बन गरेको छ। आयोगले आफ्नो कार्यलाई सहजतापूर्वक सम्पादन गर्न विज्ञ तथा प्राज्ञिक व्यक्तित्व रहेको परामर्शदातृ, सल्लाहकार समिति (गठन तथा सञ्चालन) निर्देशिका, २०७६ तयार गरी आयोगको मिति २०७६ (दोस्रो संशोधनसहित) कार्यान्वयनमा समेत ल्याएको छ। यसले आयोगका काम कारबाहीलाई अझ प्रभावकारी बनाउन सहयोग पुगेको छ।

आयोगले आफ्ना कामलाई सहजीकरण गर्न विभिन्न भाषाका विज्ञहरूको सूची तयार गरी प्रयोगमा ल्याएको छ। भाषासम्बन्धी काम गर्दा वा गराउँदा आयोगले आवश्यकताअनुसार सूचीकृत विज्ञहरूको समेत राय परामर्श र सेवा लिने गरेको छ।

आयोगले संवैधानिक दायित्वअन्तर्गत पर्ने कामको सम्पादनका लागि भाषासँग सम्बन्धित सरोकारवाला, भाषिक संस्थाहरू र विज्ञहरू सम्मिलित अन्तरक्रिया, गोष्ठी, अध्ययन र कार्यशालालाई पनि आफ्नो कार्यप्रक्रियामा समेटेको छ। यस्तो प्रक्रिया सङ्घ, प्रदेश र स्थानीय तहमा अवलम्बन गरिएको छ। आयोगका कतिपय बैठक, अन्तरक्रिया, गोष्ठी र कार्यशालाहरू दूरदृश्यका माध्यमबाट समेत सञ्चालन हुँदै आएका छन्।

१.५.२ आयोगका अवसरहरू

नेपालमा सङ्घीयताको कार्यान्वयनसँगै भाषिक सङ्घीयता कार्यान्वयनमा सङ्घ, प्रदेश र स्थानीय तहहरूबाट चासो दिनुका साथै बागमती र गण्डकी प्रदेशमा सरकारी कामकाजको भाषासम्बन्धी ऐन पारित भई कार्यान्वयन हुनुलाई विशेष उपलब्धिको रूपमा लिन सकिन्छ। साथै आयोगले नेपालको संविधानको धारा ७ को उपधारा ३

बमोजिम र धारा २८७ को उपधारा ८ को संवैधानिक दायित्वअन्तर्गत गरिएका सिफारिसहरूको कार्यान्वयनमा उत्साहजनक उपलब्धि देखिएको छ। यसरी नेपालको भाषिक सङ्घीयताको इतिहासमा ठोस उपलब्धि हुँदै गएको छ। आयोगका लागि देहायका अवसरहरू उपलब्ध छन्ः

- प्रदेश र स्थानीय तहहरूमा भाषासम्बन्धी ऐन र कानुन तयार गरी कार्यान्वयन गर्ने तत्परता,
- भाषासम्बन्धी प्रतिष्ठान र निकायहरू भाषा संरक्षण, संवर्धन र विकासमा सक्रिय हुनु,
- भाषिक सङ्घसंस्थाहरू जागरूक र सक्रिय देखिनु,
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरूको सहभागिता, सहकार्य र साझेदारिता बढ्नु,
- जनस्तरसम्म भाषिक सचेतना अभिवृद्धि हुनु,
- प्रदेश तहसम्म आयोगको शाखा विस्तार गर्ने संवैधानिक व्यवस्था रहनु।

१.५.३ भाषिक चुनौतीहरू

नेपालमा भाषिक क्षेत्रमा संरचनागत, बाह्य प्रभाव एवम् भाषिक अपसरणका साथै भाषाहरूको अन्तरपुस्ता पुस्तास्तरणको चुनौती टड्कारो रूपमा देखिएको छ। यसबाहेक अन्य चुनौतीहरू देहायअनुसार प्रस्तुत छन्ः

- आयोगको आफ्नै भवन, पर्याप्त सवारी साधन लगायत प्राविधिक सामग्रीहरू उपलब्ध नहुनु,
- भाषासम्बन्धी कार्यक्रम र बजेटमा निरन्तरता र सन्तुलन कायम हुन नसक्नु,
- प्रदेश र स्थानीय तहहरूबाट भाषासम्बन्धी चासो र सरोकार कम देखिनु,
- सङ्घीय तहमा भाषानीति, योजना, कानुनजस्ता विषयहरू प्राथमिकतामा नपर्नु,
- सङ्घ, प्रदेश र स्थानीय तहले भाषासम्बन्धी नीति र कानुनी व्यवस्थाको कार्यान्वयन गर्न आवश्यक संयन्त्र, जनशक्ति र स्रोतसाधन सुनिश्चित नगरिनु,
- आयोगबाट भएका आवधिक र वार्षिक सिफारिस तथा सुझावहरू कार्यान्वयनमा सम्बन्धित पक्ष उदासीन देखिनु।

परिच्छेदः दुई
नेपालको भाषिक स्थिति

नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक राष्ट्र हो। नेपालको राष्ट्रिय जनगणना, २०७८ को अनुसार कुल १४२ जातजाति, १२४ भाषा र १० धार्मिक सम्प्रदायहरू रहेका छन्। यसमा आदिवासी/जनजातिहरू सूचीकृत जातिको सङ्ख्या ६० रहेको पाइन्छ (रा.ज.उ.प्र.ऐन २०७७) भने राज्यबाट १० वटा जातिमा लोपोन्मुख जातिमा सूचीकृत गरिएका छन्।

नेपालमा बोलिने १२४ भाषाहरूमध्ये ६ वटा भाषा मात्र सुरक्षित देखिएका छन् भने २३ भाषाहरूमा १ हजार भन्दा कम वक्ता सङ्ख्या रहेकाले मृतप्रायः भाषा कहलिएका छन्। त्यसैगरी नेपाल भाषाका वक्ता ४४.८६% र नेपालीइतरका मातृभाषी वक्ता ५५.१४% रहेका छन्। यसबाट नेपालमा १,०१६,७,९९९ जनाले नेपालीबाहेक आफ्नै मातृभाषा बोल्ने गरेको पाइन्छ। यसको आशय यी मानिसहरूले नेपाली दोस्रो भाषाका रूपमा सिक्छन् र बोल्छन्।

२. नेपालमा जातजातिको अवस्था

२.१ आदिवासी जनजातिको सङ्ख्यात्मक विवरण

नेपालमा पछिल्लो राष्ट्रिय जनगणना अनुसार कुल १४२ जातजातिमा ६० जातजाति आदिवासी जनजातिअन्तर्गत सूचीकृत छन्। जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छः

तालिका १

आदिवासी जनजाति सङ्ख्याः ६०

१. किसान	१६. तीन गाउँले	३१. बराम	४६. लार्के
२. कुमाल	थकाली	३२. बाह्र गाउँले	४७. लिम्बु
३. कुशवाडिया	१७. तोप्केगोला	३३. बोटे	४८. लेप्चा
४. कुसुन्डा	१८. थकाली	३४. भुजेल	४९. ल्होपा
५. गनगाई	१९. थामी	३५. भोटे	५०. ल्होमी
६. गुरूङ	२०. थारू	३६. मगर	(शिङसावा)

७. चेपाङ ८. छन्त्याल ९. छैरोतन १०. जिरेल ११. झाँगड १२. डोल्पो १३. ताङ्वे १४. ताजपुरिया १५. तामाङ	२१. थुदाम २२. दनुवार २३. दराई २४. दूरा २५. धानुक (राजवंशी) २६. धिमाल २७. नेवार २८. पहरी २९. फ्री ३०. वनकारिया	३७. माझी ३८. मार्फाली थकाली ३९. मुगाली ४०. मेचे (बोडो) ४१. याख्खा ४२. राई ४३. राउटे ४४. राजवंशी (कोच) ४५. राजी	५१. वालुङ ५२. ब्याँसी ५३. शेर्पा ५४. सतार (सन्थाल) ५५. सियार ५६. सुनुवार ५७. सुरेल ५८. हायु ५९. ह्योल्मो ६०. राना थारू।

स्रोतः आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०७५ को दफा २ को खण्ड (क) सँग सम्बन्धित अनुसूचीमा आधारित।

२.२ लोपोन्मुख जातिको सङ्ख्यात्मक विवरण

सामाजिक सुरक्षा ऐन, २०७५ काअनुसार देहायका १० जातजातिलाई राज्यबाट सामाजिक सुरक्षा भत्ता पाउने गरी लोपोन्मुख जातिअन्तर्गत सूचीकृत गरिएको पाइन्छ।

तालिका २

लोपोन्मुख जाति सङ्ख्याः १०

१.कुसुण्डा २.राउटे ३.हायु ४.किसान ५.मेचे	६.वनकरिया ७.सुरेल ८.राजी ९.लेप्चा १०.कुशबडिया

स्रोतः नेपाल सरकार, सामाजिक सुरक्षा ऐन, २०७५।

२.३ मधेशी समुदायको अवस्थागत विवरण

सरकारद्वारा ९२ जाति र समुदाय सूचीकृत" भन्ने शिर्षकको सूचना २०६५ साल फागुन १४ गतेको कान्तिपुर दैनिक पत्रिकामा प्रकाशित समाचारको आधारमा मधेशी समुदायअन्तर्गत देहायको जातिजाति रहेको पाइन्छः

अग्रहरी, अमात, उराव-झाँगड, कथवनिया, कमलापुरी, कमार, कहार, किसान, कानु, कायस्थ, कुमाल, केवट, कैबरथ, कुम्हार, कुर्मी, कुशवाहा-कोईरी, कुस्मा, कुसवाडिया, कलर, ककैहिया, कोरी, कलवार, कोचे, खटिक, खत्वे, खडिया, गनगाई, गडेरी/पाल, चमार/हरिजन, चिडीमार, तत्मा, ताजपुरिया, तेली, देव, दनुवार, दरै, दुसाध/पासवान, नोनीया, धोवि, धुनिया, धानुक, धिमाल, धामि, ठठेरी, डोम, पथरकटा, पासी, बंगाली, बिंद, बोटे, बानिया, ब्राम्हण, बढई, बातर, बरई, बीन, भूमिहार, भेडीया,मलाह/निसाध,मेहतर, यादव/अहिर, रस्तोगी, राजवंशी,मुसहर, माझी, मारवाडी, मुन्डा, मेचे, राजपूत, रौनियार,राजभर/राजवहार, हजाम/नाईराजधोव, राजी, लोध, लोहार, वर्णवाला/पोद्धार, वैश्य, सूतिहार, सरभंग, सरनरियाक, सुडी, सरबरीया, सन्यासी/जोगिया, सतार/सन्थाल, सिकारी, सोनार, शिख, हलुवाई, थारु र मुस्लिम/मुसलमान रहेका छन्।

स्रोतः नेपालमा मधेशी समुदायको थर सूचीकरण अध्ययन प्रतिवेदन, २०७८ (मधेशी आयोगबाट प्रकाशित)

२.४ जातजातिको मूलप्रवाहीकरणको अवस्था विश्लेषण

नेपालमा जातजातिको मूलप्रवाहीकरण आंशिक मात्र प्रगति भएको छ। संविधानले समान मान्यता दिए पनि दलित, आदिवासी जनजाति, मधेसी र सीमान्तकृत समुदायहरू राजनीतिक, सामाजिक र शैक्षिक संरचनामा अझै पर्याप्त प्रतिनिधित्व हुनसकेका छैन्। समावेशीकरणका नीतिहरू लागू भए तापनि अवसर र निर्णय तहमा पहुँच सीमित भएकाले पूर्ण समानता सुनिश्चित गर्न अझै ठोस कार्यान्वयन आवश्यक छ।

२.४.१ २०६३ बैशाखदेखि २०७९ चैत्रसम्म समुदायगत प्रतिनिधित्वको प्रतिशत

तालिका ३

२०६३ बैशाखदेखि २०७९ चैत्रसम्म समुदायगत प्रतिनिधित्वको प्रतिशत

२०६३ बैशाखदेखि २०७९ चैत्रसम्म समुदायगत प्रतिनिधित्वको प्रतिशत					
क्र.सं	समुदाय	राष्ट्रिय जनगना २०७८ अनुसार जनसङ्ख्या प्रतिशत	सङ्घीय व्यवस्थापिकामा प्रतिनिधित्वको सङ्ख्या	व्यवस्थापिका प्रतिनिधित्वको औसत प्रतिशत	कार्यपालिकामा प्रतिनिधित्वको औसत प्रतिशत
१	खस आर्य	३०.११	९४१	४२.७९	४४.७२
२	आदिवासी/ जनजाति	२८.५८	५६२	२५.५६	२१.७४
३	दलित	१३.३५	१३८	६.२८	४.७३
४	थारू	६.२०	१२३	५.६०	५.८०
५	मधेशी	१६.३९	३८०	१७.२८	२०.९
६	मुस्लिम	४.८६	५५	२.५०	३
७	महिला	५१.४४	६२५	२८.४२	१५.३२

२.४.२ २०६३ देखि २०७९ सम्म व्यवस्थापिका संसदमा प्रतिनिधित्व नभएका जातजाति

तालिका ४

२०६३ देखि २०७९ सम्म व्यवस्थापिका संसदमा प्रतिनिधित्व नभएका जातजाति

क्र.सं.	जातहरू	जनसङ्ख्या	क्र.सं.	जातहरू	जनसङ्ख्या
१	नुराङ	३६	४१	बाहिङ	६५४७
२	वनकरिया	१८०	४२	गाइने	६९७१
३	कुसुण्डा	२५३	४३	नाछिरिङ	७३००
४	सुरेल	३१८	४४	केवरत	८८०९
५	ल्होमी	३५५	४५	याम्फू	९१११

क्र.सं.	जातहरू	जनसङ्ख्या	क्र.सं.	जातहरू	जनसङ्ख्या
६	वालुङ	४८१	४६	खटिक	९१५२
७.	राउटे	५६६	४७	ह्योल्मो	९८१९
८	तोप्केगोला	६४२	४८	बोटे	११२५८
९	कोचे	८४७	४९	चाम्लिङ	१२१७८
१०	फ्रि	९२१	५०	बङ्गाली	१३८००
११	कलार	९३१	५१	राजधोब	१५३९१
१२	ल्होपा	१३९०	५२	भोटे	१५८१८
१३	किसान	१४७९	५३	याख्खा	१७४६०
१५.	चिडिमार	१६१५	५४	माली	१९६०५
१६	कर्मारोङ	१६६३	५५	डोम	१९९०१
१७	पञ्जाबी/शिख	१८४६	५६	कोरी	२०६७०
१८	मुगल/मुगम	२१२४	५७	राजभर	२९२४०
१९	डोने	२१२५	५८	कुलुङ	३३३८८
२०	ढाँडी	२३३९	५९	गडेरी/भेडियार	३५३९७
२१	कमार	२५३२	६०	लोध	३९८७२
२२	नटुवा	२८९६	६१	गनगाई	४१४४६
२३	हलखोर	२९२९	६२	बढई	५२४३७
२४	बेलदार	३०३७	६३	कथबानिया	५२४६६
२५	हायु	३०६९	६४	बनियाँ	५३६५५
२६	पत्थरकट्टा/ कुशबाडिया	३३४३	६५	कहार	५९८८२
२७	लेप्चा	३५७८	६६	बरई	६८०११
२८	मुण्डा	३५८९	६७	हलुवाइ	७१७९६
२९	धन्कार/ धरिकार	४०९०	६८	रानाथारू	८३३०८
३०	चुम नुब्री	४४१४	६९	सोनार	९३३८०

क्र.सं.	जातहरू	जनसङ्ख्या	क्र.सं.	जातहरू	जनसङ्ख्या
३१	चाइ/खुलौत	४८०५	७०	कुम्हार	९५७२४
३२	साङपाङ	४८४१	७१	लोहार	१००६८०
३३	राजी	५१२५	७२	सुडी	१०७३८०
३४	ब्याँसी/सौका	५७१८	७३	नुनीया	१०८७२३
३५	मेवाहाङ बाला	५७२७	७४	घर्ती भुजेल	१२०२४५
३६	सतबरिया	५७९३	७५	मल्लाह	२०७००६
३७	डोल्पो	५८१८	७६	मुसहर	२६४९७४
३८	आठपहरिया	५८७८		जम्मा जनसङ्ख्या	२०३४९१९
३९	खालिङ	५८८९		प्रतिशत	६%९८.
४०	थुलुङ	६२३९			

स्रोतः राष्ट्रिय समावेशी आयोग पञ्चवर्षीय प्रतिवेदन (२०७९)

२.४.३ राष्ट्रिय योजना आयोगले सन् २०१९ मा गरेको अध्ययनअनुसार बहुआयामिक गरिबीको रेखामुनि देहायअनुसार रहेको पाइन्छः

तालिका ५

गरिबीको आधारमा जातिगत वर्गीकरण

क्र.सं.	जातजाति	रोजगारीको स्थिति/प्रतिशत
१.	ब्राहमण/क्षेत्री	६३.००%
२.	जनजाति	१९.५५%
३.	मधेसी	१५.९५%
४.	दलित	१.९४%

स्रोतः राष्ट्रिय दलित आयोगको तेस्रो प्रतिवेदन (आ.व.२०७९/८०)।

२.४.४ प्रतिनिधि सभामा सहभागिता, निर्वाचन २०७९ (जातजातिगत समावेशीकरण, समावेशीकरण आयोग प्रतिवेदन) स्थिति

तालिका ६

प्रतिनिधि सभामा सहभागिता, निर्वाचन २०७९ (जातिगत समावेशीकरण स्थिति)

प्रतिनिधि सभामा सहभागिता, निर्वाचन २०७९ जातिगत समावेशीकरणको स्थिति						
क्र.सं.	समुदाय	जम्मा	पुरूष	महिला	२०७८ को जनसङ्ख्या	सङ्घीय संसद निर्वाचन प्रतिनिधि सभा(२०७९) प्रतिनिधित्व (प्रतिशतमा)
१	आदिवासी जनजाति	६९	४१	२८	२८.५८	२५.०९
२	खस आर्य	१३०	९९	३१	३०.११	४७.२७
३	दलित	१६	८	८	१३.३५	५.२८
४	थारू	१३	७	६	६.२०	४.७३
५	मुस्लिम	५	३	२	४.८६	१.८२
६	मधेशी	४२	२६	१६	१६.६९	१५.३९
	जम्मा	**२७५**	**१८४**	**९१**		**१००**

२.५. भाषिक अवस्था विश्लेषणका आधारहरू

युनेस्कोले भाषाको वक्ता संख्या, पुस्तान्तरण, प्रयोगको दायरा र संस्थागत समर्थनलाई जीवन्तता वा लोपोन्मुखताको आधार बनाउँछ। नेपालमा सरकारी कामकाजको भाषा निर्धारण गर्दा वक्ता संख्याको बहुलता, व्यवहारिक प्रयोग क्षमता र प्रशासनिक सहजता प्रमुख आधार हुन्छन्। त्यसै गरी भाषिक अवस्था विविध भए पनि सबल भाषाहरू मूलप्रवाही बनेका छन् भने धेरै मातृभाषाहरू लोपोन्मुख अवस्थामा छन्।

२.५.१ युनेस्कोको भाषिक विश्लेषणको आधार

युनेस्कोका अनुसार भाषाको जीवन्तता वा लोपोन्मुखताको अवस्थालाई जनाउन देहायअनुसार वर्गीकरण गरिएको पाइन्छ। जसमा सुरक्षित, सङ्कटउन्मुख भाषा,

सङ्कटग्रस्त भाषा, अति सङ्कटग्रस्थ भाषा, अत्यन्त सङ्कटग्रस्त भाषा र लोप भएका भाषा गरी ६ श्रेणीमा वर्गीकरण गरेर विश्लेषण गरेको पाइन्छ।

तालिका ७
युनेस्कोको भाषिक विश्लेषणको आधार

S.N.	Degree of endagerment	Intergenerational Transmission
1.	Safe	language is spoken by all generations; intergenerational transmission is uninterrupted
2.	Vulnerable	most children speak the language, but it may be restricted to certain domains (e.g. home)
3.	Definitely endangered	children no longer learn the language as mother tongue at home
4.	Severely endangered	language is spoken by grandparents and older generations; while the parent generation may understand it, they do not speak it to children or among themselves
5.	Critically endangered	the youngest speakers are grandparents and they speak the language partially and infrequently
6.	Extinct	there are no speakers left

Source:https://www.researchgate.net/figure/UNESCOs-Language-Vitality-and-Endangerment-framework_tbl1_348885489

२.५.२ भाषाहरूको जीवन्तता र लोपोन्मुखताको आधार

विश्वमा भाषावैज्ञानिक तथा भाषा अध्येताहरूले वक्ता सङ्ख्याको आधारमा कुनै पनि जातजातिको भाषाको जीवन्तता र लोपोन्मुखताको स्थितिलाई श्रेणीबद्ध गरेर भाषाको अवस्थालाई पहिचान गर्दै आएका छन्। वक्ता सङ्ख्याको बहुलता र न्यूनता वा शून्यताको आधारमा देहायअनुसार ५ श्रेणीमा भाषाहरूको वर्गीकरण गरिएको छ। जसमा सुरक्षित भाषा, सुरक्षित प्रायः भाषा, लोपोन्मुख भाषा, मरणोन्मुख र मृतप्रायः भाषाहरू पर्दछन्।

तालिका ८
भाषाहरूको लोपोन्मुखताको आधारमा *वर्गीकरण*

क्र.सं.	भाषाहरूको लोपोन्मुखताको वर्गीकरण	भाषिक वक्ता सङ्ख्या	भाषाको सङ्ख्या	भाषाहरू
१.	सुरक्षित भाषाहरू	१० लाख भन्दा धेरै वक्ता भएका	६	नेपाली, मैथिली, भोजपुरी, थारू, तामाङ र बज्जिका
२.	सुरक्षित प्रायः भाषा	१ लाखदेखि १० लाखसम्म वक्ता भएका	१५	अवधी, नेपालभाषा, मगर ढुट, डोटेली, उर्दू, लिम्बू, गुरूङ,,मगही, बैतडेली, अछामी, राई, बान्तावा, राजवंशी, शेर्पा र खस।
३.	लोपोन्मुख भाषा	१० हजारदेखि १ लाखसम्म वक्ता भएका	३६	बझाङ्गी, हिन्दी, मगर खाम, चाम्लिङ, रानाथारू, चेपाङ, बाजुरेली, सन्थाली, दनुवार, दार्चुलेली, उराँव, कुलुङ, अङ्गिका, माझी, सुनुवार, थामी, गन्गाइ, थुलुङ, बाइला, घले, साम्पाङ, मारवाड़ी, डडेल्धुरी, धिमाल, ताजपुरिया, कुमाल, खालिङ, मुसलमान, वाम्बुले, बाहिङ, याक्खा, संस्कृत, भुजेल, भोटे, दरई, याम्फू।
४.	मरणोन्मुख भाषा	एक हजारदेखि १० हजारसम्म वक्ता भएका	४४	नाछिरिङ, ह्योल्मो, दुमी, जुम्ली, बोटे, मेवाहाङ, पुमा, पहरी, आठपहरिया, दुङमाली, जिरेल, तिब्बती, दैलेखी, चुम/नुब्री, छन्त्याल, राजी, थकाली, मेचे, कोयी, लोहोरुङ, केवरत,

क्र.सं.	भाषाहरूको लोपोन्मुखताको वर्गीकरण	भाषिक वक्ता सङ्ख्या	भाषाको सङ्ख्या	भाषाहरू
				डोल्पाली, डोने, मुगाली, जेरूड, कार्मारोङ, छिन्ताङ, ल्होपा, लाप्चा, मुन्डा, मनाङगे, छिलिङ, दूरा, तिलुङ, साङ्केतिक, ब्याँसी, बराम, बारागुङवा, साद्री, अङ्ग्रेजी, मगर काइके, सोनाहा, हायु, किसान।
५.	मृतप्रायः भाषा	१ हजार भन्दा कम वक्ता भएका	२३	पञ्जाबी, धुलेली, राउटे, लुङ्खिम, लोवा, कागते, वालुङ, नार-फू, ल्होमी, पोइके, कुर्माली, कोचे, सिन्धी, फाङ्दुवाली, बेल्हारे, सुरेल, मालपाँडे, खरिया, सधनी, हरियान्वी, साम, बनकरिया र कुसुन्डा।

स्रोतः राष्ट्रिय जनगणना प्रतिवेदन, २०७८ (राष्ट्रिय तथ्याङ्क कार्यालय)।

२.५.३ सरकारी कामकाजको भाषा निर्धारणका आधारहरू

तालिका ९

भाषा विकास र मानकीकरणका आधारहरू

क्र.सं.	सिफारिस गरिएका आधारहरू	सूचकहरू
१.	अधिक जनसङ्ख्याको आधार	नेपाल उत्पत्तिका भाषा र लिपि शीर्ष क्रममा पर्ने भाषा।
२.	स्तरगत योजनाको सैद्धान्तिक आधार	छनौट, स्तरण, कार्यान्वय र कार्यविस्तार प्रक्रिया बढेको भाषाको शब्द, वाक्य र उच्चारणका भेदसमेत निर्धारण भएको।
३	लेखन प्रणालीको आधार	शब्दकोश र व्याकरण प्रकाशन भई पठनसामग्री

क्र.सं.	सिफारिस गरिएका आधारहरू	सूचकहरू
		उपलब्ध भएको हुनुपर्ने भाषाको साहित्य, अभिव्यक्ति, सञ्चार सम्प्रेषण अभिलेखीकरणमा लेख्य पद्धतिको विकास भएको।
४.	अभिलेखको आधार	अभिलेख राख्न र सूचना सम्प्रेषण गर्न सकिने,
५.	आधारभूत सेवामा प्रयोगको आधार	शिक्षा, स्वास्थ्य, सुरक्षा, कानुन निर्माण, अड्डा अदालत, जनप्रशासन, जनजीविका, प्रविधि, कृषि, वातावरण, वित्तीय कारोबार, विपद् व्यवस्थापन, नागरिक सचेतना।
६.	शिक्षाको माध्यम भाषाको आधार	प्रदेशभित्र विद्यालय, विश्वविद्यालय, शिक्षण संस्थाको शिक्षण माध्यमको रूपमा प्रयोग भएको हुनुपर्ने।
७.	वक्ताहरूको सघनता र विस्तारको आधार	भाषिक वक्ताको सघनता र फैलावट भएको वक्ताको फैलावट भएको।
८.	भाषाको जीवन्तताको आधार	भाषिक पुस्तान्तरण भएको, मौखिक र लेख्य परम्परा भएको।
९.	सञ्चारमा प्रयोग भएको	विद्युतीय र मुद्रणबाट सञ्चारमा प्रयोगमा भइरहेको
१०.	प्रविधिउन्मुख भाषाको आधार	प्रविधिमा प्रयोग भइरहेको भाषा, अन्तरभाषा अनुवाद पद्धतिउन्मुख।
११.	भाषाका वक्ता र भाषिक समुदायको आधार	सम्बन्धित भाषाका वक्ता, सहभागिता र क्रियाशीलता अन्योन्याश्रित भएको हुनुपर्ने।

स्रोतः सरकारी कामकाजको भाषा सिफारिस (भाषा आयोग, २०७८ प्रतिवेदन)

२.६. नेपालको भाषिक अवस्था विश्लेषण

नेपालमा केही भाषाजस्तै नेपाली, मैथिली, भोजपुरीसँग ठूलो संख्यामा वक्ता भएकाले ती भाषाहरू सशक्त र मूलप्रवाही छन्। मध्यम वक्ता संख्याका थारु, तामाङ, नेवारजस्ता भाषाहरू क्षेत्रीय र सांस्कृतिक रूपमा जीवन्त छन्। तर साना वक्ता संख्याका धेरै आदिवासी तथा स्थानीय भाषाहरू लोपोन्मुख अवस्थामा छन्।

२.६.१ नेपालको भाषिक स्थिति

तालिका १०

राष्ट्रिय जनगणना (२०७८) अनुसार नेपालको भाषिक अवस्था

क्र.स.	मातृभाषा	जनसङ्ख्या	प्रतिशत	क्र.स	मातृभाषा	जनसङ्ख्या	प्रतिशत
१	नेपाली	१३०८४४५७	४४.८६	६५	पहरी	५९४६	०.०२
२	मैथिली	३२२२३८९	११.०५	६६	आठपहरिया	५५८०	०.०२
३	भोजपुरी	१८२०७९५	६.२४	६७	दुङमाली	५४०३	०.०२
४	थारू	१७१४०९१	५.८८	६८	जिरेल	५१६७	०.०२
५	तामाङ	१४२३०७५	४.८८	६९	तिब्बती	५०५३	०.०२
६	बज्जिका	११३३७६४	३.८९	७०	दैलेखी	४९८९	०.०२
७	अवधी	८६४२७६	२.९६	७१	चुम/नुब्री	४२८४	०.०१
८	नेपालभाषा (नेवारी)	८६३३८०	२.९६	७२	छन्त्याल	४२८२	०.०१
९	मगर ढुट	८१०३१५	२.७८	७३	राजी	४२४७	०.०१
१०	डोटेली	४९४८६४	१.७	७४	थकाली	४२२०	०.०१
११	उर्दु	४१३७८५	१.४२	७५	मेचे	४२०३	०.०१
१२	याक्थुङ/ लिम्बू	३५०४३६	१.२	७६	कोयी	४१५२	०.०१
१३	गुरूङ	३२८०७४	१.१२	७७	लोहोरूङ	३८८४	०.०१
१४	मगही	२३०११७	०.७९	७८	केवरत	३४६९	०.०१
१५	बैतडेली	१५२६६६	०.५२	७९	डोल्पाली	३२४४	०.०१
१६	राई	१४४५१२	०.५	८०	डोने	३१००	०.०१
१७	अछामी	१४१४४४	०.४८	८१	मुगाली	२८३४	०.०१
१८	बान्तावा	१३८००३	०.४७	८२	जेरो/ जेरूङ	२८१७	०.०१
१९	राजवंशी	१३०१६३	०.४५	८३	कर्मारोङ	२६१९	०.०१
२०	शेर्पा	११७८९६	०.४	८४	छिन्ताङ	२५६४	०.०१
२१	खस	११७५११	०.४	८५	ल्होपा	२३४८	०.०१

क्र.स.	मातृभाषा	जनसङ्ख्या	प्रतिशत	क्र.स	मातृभाषा	जनसङ्ख्या	प्रतिशत
२२	बझाङ्गी	९९६३१	०.३४	८६	लाप्चा	२२४०	०.०१
२३	हिन्दी	९८३९९	०.३४	८७	मुण्डा/मुडियारी	२१०७	०.०१
२४	मगर खाम	९१७५३	०.३१	८८	मनाङे	२०२२	०.०१
२५	चाम्लिङ	९१०३७	०.३१	८९	छिलिङ	२०११	०.०१
२६	राना थारू	७७७६६	०.२७	९०	दुरा	१९९१	०.०१
२७	चेपाङ	५८३९२	०.२	९१	तिलुङ	१९६९	०.०१
२८	बाजुरेली	५६४८६	०.१९	९२	साङ्केतिक भाषा	१७८४	०.०१
२९	सन्थाली	५३६७७	०.१८	९३	व्याँसी	१७०६	०.०१
३०	दनुवार	४९९९२	०.१७	९४	बाल्कुरा/ बराम	१५३९	०.०१
३१	दार्चुलेली	४५६४९	०.१६	९५	बारागुङवा	१५३६	०.०१
३२	उराउँ/कुडुख	३८८७३	०.१३	९६	साद्री	१३४७	०
३३	कुलुङ	३७९१२	०.१३	९७	अङ्ग्रेजी	१३२३	०
३४	अङ्गिका	३५९५२	०.१२	९८	मगर काइके	१२२५	०
३५	माझी	३२९१७	०.११	९९	सोनहा	११८२	०
३६	सुनुवार	३२७०८	०.११	१००	हायु/वायु	११३३	०
३७	थामी	२६८०५	०.०९	१०१	किसान	१००४	०
३८	गनगाई	२६२८१	०.०९	१०२	पन्जाबी	८७१	०
३९	थुलुङ	२४४०५	०.०८	१०३	धुलेली	७८६	०
४०	बङ्गला	२३७७४	०.०८	१०४	खाम्ची (राउटे)	७४१	०
४१	घले	२३०४९	०.०८	१०५	लुङखिम	७०२	०
४२	साम्पाङ	२१५९७	०.०७	१०६	लोवा	६२४	०
४३	मारवाडी	२१३३३	०.०७	१०७	कागते	६११	०

क्र.स.	मातृभाषा	जनसङ्ख्या	प्रतिशत	क्र.स	मातृभाषा	जनसङ्ख्या	प्रतिशत
४४	डडेल्धुरी	२१३००	०.०७	१०८	वालिङ/ वालुङ	५४५	०
४५	धिमाल	२०५८३	०.०७	१०९	नार-फु	४२८	०
४६	ताजपुरिया	२०३४९	०.०७	११०	ल्होमी	४१३	०
४७	कुमाल	१८४३५	०.०६	१११	तिछुरोङ पोइके	४१०	०
४८	खालिङ	१६५१४	०.०६	११२	कुर्माली	३९७	०
४९	मुसलमान	१६२५२	०.०६	११३	कोचे	३३२	०
५०	वाम्बुले	१५२८५	०.०५	११४	सिन्धी	२९१	०
५१	बाहिङ/बायुङ	१४४४९	०.०५	११५	फाङदुवाली	२४७	०
५२	याक्खा	१४२४१	०.०५	११६	बेलहारे	१७७	०
५३	संस्कृत	१३९०६	०.०५	११७	सुरेल	१७४	०
५४	भुजेल	१३०८६	०.०४	११८	मालपाँडे	१६१	०
५५	भोटे	१२८९५	०.०४	११९	खरिया	१३२	०
५६	दरई	१२१५६	०.०४	१२०	सधनी	१२२	०
५७	याम्फु/याम्फे	१०७४४	०.०४	१२१	हरियान्वी	११४	०
५८	नाछिरिङ	९९०६	०.०३	१२२	साम	१०६	०
५९	ह्योल्मो/ योल्मो	९६५८	०.०३	१२३	बनकरिया	८६	०
६०	दुमी	८६३८	०.०३	१२४	कुसुन्डा	२३	०
६१	जुम्ली	८३३८	०.०३		अन्य	४२०१	०.०१
६२	बोटे	७६८७	०.०३		उल्लेख नभएका	३४६	०
६३	मेवाहाङ	७४२८	०.०३		सबै मातृभाषाहरू	२९१६४५७८	१००
६४	पुमा	६७६३	०.०२				

२.७ राज्यको मूलधारमा आउन नसकेका जातजातिको भाषिक अवस्था

आदिवासी जनजाति समुदायले बोल्ने तामाङ, गुरुङ, नेपाल, लिम्बु, राईजस्ता भाषाहरू अझै समुदायमा जीवित रहि तामाङ र नेपाल भाषा बागमती प्रदेश सरकार र गण्डकी प्रदेश सरकारले गुरूङ र मगर भाषालाई कानुन बनाई सरकारी कामकाजको भाषाको रूपमा कार्यान्वयनमा ल्याएको छ। मधेशी समुदायले मैथिली, भोजपुरी, बज्जिका, अवधी आदि भाषा बोल्छन्, जसको प्रयोग सामाजिक-सांस्कृतिक जीवनमा सक्रिय रहेका देखिनुका साथै भाषा आयोगले मैथिली, भोजपुरी र बज्जिका भाषालाई सरकारी कामकाजको भाषाको रूपमा प्रयोग गर्न सिफारिस गरेको छ। तर राज्यको मूलधारमा आउन नसकेका मृतप्रायः भाषाहरू जस्तै साम, बनकरीया, कुसुन्डा आदि लोपोन्मुख अवस्थामा छन्।

२.७.१ आदिवासी जनजाति समुदायले बोल्ने भाषाहरू

नेपालमा आदिवासी जनजातिले बोल्ने भाषाहरूलाई देहायअनुसार तालिका १२ मा प्रस्तुत गरिएको छः

तालिका ११

आदिवासी जनजातिले समुदायका भाषाहरू

थारू, तामाङ, नेपालभाषा, मगर ढुट, लिम्बू, गुरूङ, राई, बान्तावा, राजवंशी, शेर्पा, मगरखाम, चाम्लिङ, रानाथारू, सन्थाली, दनुवार, उराँव, कुलुङ, सुनुवार, थामी, गन्गाई, थुलुङ, घले, साम्पाङ, धिमाल, ताजपुरिया, कुमाल, वाम्बुले, बाहिङ, याख्खा, भुजेल, बोटे, दराई, याम्फु, नाछिरिङ, ह्योल्मो, दुमी, बोटे, मेवाहाङ, पुमा, पहरी, आठपहरिया, दुङमाली, जिरेल, चुम/नुब्री, छन्त्याल, राजी, थकाली, मेचे, कोयी, लोहोरूङ, केवरत, डोल्पाली, डोने, मुगाली, कार्मारोङ, छिन्ताङ, ल्होपा, लाप्चा, मुण्डा, मनाङगे, छिलिङ, दुरा, तिलुङ, ब्याँसी, बताम, वारागुङवा, साद्री, मगर काइके, सोनाहा, हायु, किसान, धुलेली, राउटे, लुङखिम, लोवा, कागते, वालुङ, नार-फु, ल्होमी, पोइके, कोचे, फाङदुवाली, बेल्हारे, सुरेल, मालपाँडे, खरिया, साम, वनकरिया र कुसुण्डा।

स्रोतः नेपालका भाषाहरू प्रतिवेदन (राष्ट्रिय जनगणना, २०७८, केन्द्रीय तथ्याङ्क कार्यालय)।

२.७.२ मधेशी समुदायले बोल्ने भाषाहरू

मधेशी समुदायले बोल्ने भाषाहरूलाई आयोगले नेपाल सरकारलाई निम्न भाषाहरू सिफारिस गरेको छः

तालिका १२

मधेशी समुदायले बोल्ने भाषाहरूको सूची

क्र.सं.	**मधेशी समुदायले बोल्ने भाषाहरू**	**क्र.सं.**	**मधेशी समुदायले बोल्ने भाषाहरू**
१.	अङ्गिका	१८.	बोटे
२.	अवधि	१९.	भोजपुरी
३.	उराँव/ कुडुख	२०.	मगही
४.	उर्दू	२१.	मारवाडी
५.	कठरीया थारू	२२.	मुण्डा/मुडीयारी
६.	किसान	२३.	मुसलमान
७.	कुर्माली	२४.	मेचे
८	केवरत	२५.	मैथिली
९.	कोचे	२६.	राजवंशी
११.	गनगाई	२८.	सधनी
१२.	ताजपुरिया	२९.	सन्थाली
१३.	थारु	३०.	साद्री
१४.	धिमाल	३१	सिन्धी
१५.	पञ्जाबी	३२.	सोनाहा
१६.	बङ्गला	३३	हिन्दी
१७.	बज्जिका	३४.	हरियान्बी

स्रोतः राष्ट्रिय जनगणना २०७८, भाषा आयोगको अध्ययन अनुसन्धान प्रतिवदेनहरू र मधेशी आयोगको नेपालमा मधेशी समुदायको थर सूचीकरण अध्ययन प्रतिवेदन (२०७८)।

२.७.३ मृतप्रायः भाषा

राष्ट्रिय जनगणना, २०७८ अनुसार नेपालमा १ हजारभन्दा कम वक्ता भएका मृतप्रायः भाषाहरू देहायअनुसार २३ वटा छन्। जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छः

तालिका १३
मृतप्रायः भाषाहरू

क्र.सं.	भाषा	वक्ता सङ्ख्या	प्रतिशत	क्र.सं.	भाषा	वक्ता सङ्ख्या	प्रतिशत
१.	पन्जाबी	८७१	०	१३.	सिन्धी	२९१	०
२.	धुलेली	७८६	०	१४.	फाङदुवाली	२४७	०
३.	खाम्ची(राउटे)	७४१	०	१५	बेलहारे	१७७	०
४.	लुङखिम	७०२	०	१६.	सुरेल	१७४	०
५.	लोवा	६२४	०	१७.	मालपाँडे	१६१	०
६.	कागते	६११	०	१८.	खरिया	१३२	०
७.	वालिङ/वालुङ	५४५	०	१९.	सधनी	१२२	०
८.	नार-फू	४२८	०	२०.	हरियान्वी	११४	०
९.	ल्होमी	४१३	०	२१.	साम	१०६	०
१०.	तिछुरोङ पोइके	४१०	०	२२.	बनकरिया	८६	०
११.	कुर्माली	३९७	०	२३.	कुसुन्डा	२३	०
१२.	कोचे	३३२	०				

स्रोतः राष्ट्रिय जनगणना, २०७८ (केन्द्रीय तथ्याङ्क कार्यालय)।

२.८ निष्कर्ष

नेपालमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापनापछि एकल राज्य भन्दा बहुल राष्ट्रिय राज्यको अभ्यास हुने थालेको छ। नेपालको संविधान (२०७२) को कार्यान्वयन र आम निर्वाचन (२०७४) पश्चात व्यवहारतः बहुलवाद र बहुलतालाई आत्मसात गरेर सङ्घ, प्रदेश र स्थानीय सरकार गठन भई क्रियान्वित छन्। सङ्घीय सरकारसहित ७ वटा प्रदेश सरकार र ७५३ वटा स्थानीय सरकार यसका उदाहरण हुन्। वर्तमान संविधान र शासकीय व्यवस्थाको मूल मर्म नै राज्य संरचनामा सबै जाति र वर्गको समन्यायिक र अर्थपूर्ण सहभागितासहित समानुपातिक लाभांश प्रदान गर्नु र प्राप्त गर्नु हो।

परिच्छेदः तीन
आयोगबाट सम्पादित कार्यहरू

३.१ परिचय

भाषा आयोगले स्थापना कालदेखि आफ्नो संवैधानिक दायित्व पूरा गर्न नेपालको संविधान र भाषा आयोग ऐन, २०७४ को अधीनमा रही कार्य गर्दै आएको छ। यसैबमोजिम आयोगले सरकारी कामकाजको भाषा निर्धारणका आधार तयार गरी भाषाको सिफारिस गर्ने, नेपालका भाषाहरूको संरक्षण, संवर्धन र विकासका सम्भावनाहरूको खोजी गर्ने, मातृभाषाहरूको स्तर पहिचान गरी शिक्षामा मातृभाषा प्रयोगको सम्भाव्यता अध्ययन गर्ने तथा भाषासम्बन्धी अध्ययन, अनुसन्धान तथा अनुगमन गर्ने, भाषाको विज्ञसूची व्यवस्थापन गर्ने र भाषिक सर्वेक्षणजस्ता कार्यहरू सञ्चालन गर्दै आएको छ।

विगतमा सङ्घीय तथा प्रादेशिक भाषा सङ्गोष्ठीहरू सञ्चालन, प्रादेशिक भाषिक विवरण तयारी, लोपोन्मुख भाषाहरूको अभिलेखीकरण, भाषिक पुस्तान्तरणका लागि भाषाकक्षा सञ्चालन, विद्यालयमा भाषिक नक्साङ्कन, मातृभाषामा शिक्षाको प्रयोग सम्भावना तथा बहुभाषिक शिक्षासम्बन्धी अभिमुखीकरण, लोकवार्ता सङ्कलन, समाजभाषावैज्ञानिक सर्वेक्षण, दोस्रो भाषाका रूपमा नेपाली भाषा प्रयोगको सम्भाव्यता अध्ययन, बहुभाषिक विद्युतीय भाषाकोश विकास, भाषिक अध्ययन अनुसन्धानमा सहयोग, लिपिहरूको प्रारम्भिक अध्ययन र शास्त्रीय भाषाहरूको अध्ययनजस्ता कार्यहरू गरिएका थिए। आ.व. २०८१/८२ मा देखि आयोगको बजेट निरन्तर कटौती हुँदै न्यून बजेट मात्र प्राप्त भएकाले आयोगबाट असाध्यै थोरै कार्यक्रमहरू सञ्चालन गर्न सकेको अवस्था छ। विगत वर्षहरूमा सञ्चालित महत्त्वपूर्ण कार्यक्रमहरूलाई पनि बजेट अभावका कारण निरन्तरता दिन सकिएको छैन। भाषाका क्षेत्रमा दूरगामी प्रभाव पार्ने भाषिक सर्वेक्षण कार्यको सुरुवात गरिए पनि निरन्तरता दिन सकिएको छैन।

गत वर्षहरूमा सञ्चालित सङ्घीय भाषा सङ्गोष्ठी, लोकवार्ता सङ्कलन, समाज भाषावैज्ञानिक सर्वेक्षण, दोस्रो भाषाका रूपमा नेपाली भाषा प्रयोगको सम्भाव्यता अध्ययन,

भाषिक अनुसन्धान कार्यमा सहयोग, लिपिहरूको अध्ययन, शास्त्रीय भाषाको अध्ययन, भाषिक सर्वेक्षणजस्ता कार्यक्रमहरू सबै स्रोत अभावका कारण सञ्चालन हुन सकेनन्। यस आ.व. २०८१/८२ मा आयोगको आफ्नै पहलबाट सञ्चालित केही कार्यक्रमहरूको विवरण निम्नानुसार प्रस्तुत गरिएको छः

३.२ आयोगबाट सञ्चालित कार्यक्रम र उपलब्धिहरू

भाषा आयोगले प्रदेशहरूमा सरकारी कामकाजको भाषा सिफारिस गर्नुका साथै भाषा कार्यान्वयन सम्बन्धी कार्यक्रममा सहजीकरणको साथै भाषिक कार्यसम्पादन परीक्षण जस्ता कार्यहरू गर्दै आएको छ।

३.२.१ सरकारी कामकाजको भाषासम्बन्धी कार्यक्रमहरू

आयोगले विगतमा सरकारी कामकाजको भाषा निर्धारणका आधारहरू तयारीका लागि राय सुझाव सङ्कलन गर्न सङ्घीय र प्रदेशमा सरकारी कामकाजको भाषा कार्यान्वयन सहजीकरण गोष्ठीहरू सञ्चालन गर्दै आएको छ। वि.सं. २०७८ भदौ २१ मा सरकारी कामकाजको भाषासम्बन्धी सिफारिस प्रतिवेदन नेपाल सरकारसमक्ष पेस गरिएको र सो सिफारिसमा भएको पुनरावलोकन र संशोधनसम्बन्धी व्यवस्थाअनुसार राष्ट्रिय जनगणना, २०७८ को तथ्याङ्कबमोजिम आयोगले सरकारी कामकाजको भाषासम्बन्धी पूरक सिफारिस, २०८० पेस गरिसकेको छ। यसका साथै आयोगबाट आ.व.२०८१/८२ मा सरकारी कामकाजको भाषा कार्यान्वयनको सहजीकरण कार्यअन्तर्गत देहाय कार्यक्रमहरू सम्पन्न गरिएको छः

(क) गण्डकी प्रदेशमा सरकारी काजकाजको भाषा कार्यान्वयनमा सहजीकरण

आ.व. २०८१/०८२ मा गण्डकी प्रदेशको पोखरामा भाषा आयोगका मा. अध्यक्ष डॉ. गोपाल ठाकुरज्यूको अध्यक्षता र गण्डकी प्रदेशका माननीय मुख्यमन्त्री सुरेन्द्र पाण्डेज्यूको प्रमुख आतिथ्यमा गण्डकी प्रदेश सभाका सदस्यहरू, भाषिक सङ्घसंस्था, भाषा विज्ञ र पत्रकारलगायतको सहभागितामा गण्डकी प्रदेशमा सरकारी कामकाजमा भाषा प्रयोगको सहजीकरणसम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो। उक्त कार्यक्रममा गण्डकी प्रदेशका माननीय मुख्यमन्त्री, प्रदेश सभा सदस्यलगायत भाषिक सङ्घसंस्थाका प्रमुख र प्रतिनिधिहरूको सहभागिता रहेको थियो।

(ख) कोशी प्रदेशमा सरकारी काजकाजको भाषा कार्यान्वयनसम्बन्धी सहजीकरण

कोशी प्रदेशको विराटनगरमा भाषा आयोगका माननीय अध्यक्ष डॉ. गोपाल ठाकुरज्यूको अध्यक्षता र कोशी प्रदेशका मुख्यमन्त्री मा. हिक्मतकुमार कार्कीज्यूको प्रमुख आतिथ्यसहित भाषा आयोगको अध्यक्ष डा.गोपाल ठाकुरज्यूको अध्यक्षतामा विभिन्न मन्त्रालयका मन्त्रीज्यूहरू, प्रदेश सभाका सदस्यूहरू, भाषिक सङ्घसंस्था, भाषा विज्ञ र पत्रकारलगायतको सहभागितामा कोशी प्रदेशमा सरकारी कामकाजको भाषा प्रयोगको सहजीकरण (कोशी प्रदेशमा सरकारी कामकाजको भाषा प्रयोग) सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो। यसैगरी कोशी प्रदेशमा विभिन्न सरकारी कार्यालयहरूमा सरकारी कामकाजको भाषा कार्यान्वयनसम्बन्धी भाषिक अनुगमन सम्बन्धी कार्य गरियो।

(ग) भाषिक कार्यसम्पादन परीक्षण

बागमती प्रदेशको काभ्रेपलाञ्चोक जिल्ला बेथान्चोक गाउँपालिकामा भाषिक कार्यसम्पादन परीक्षण कार्य सम्पन्न गरियो। उक्त कार्यक्रममा गाउँपालिकाका जनप्रतिनिधि, सम्बन्धित पालिकाका शिक्षक, कर्मचारी, भाषिक समुदाय तथा सम्बन्धित सरोकारवालाहरूसँग अन्तरक्रिया गरियो। उक्त अन्तरक्रिया विशेष गरी सरकारी कामकाजमा भाषा र मातृभाषामा शिक्षाको भाषिक कार्यसम्पादन परीक्षणसँग सम्बन्धित थियो। उक्त कार्यक्रममा सहभागीहरूबाट भाषाको भाषिक पुस्तान्तरणका लागि आगामी दिनमा थप के गर्न सकिन्छ भन्ने विषयमा सल्लाह सुझाव प्राप्त भएको थियो।

३.२.२ आयोगबाट भाषा विकास तथा मानव संशाधनसम्बन्धी सञ्चालित कार्यक्रम र उपलब्धिहरू

आयोगले प्रशासन, सञ्चालन तथा व्यवस्थापनका साथै मानव संशाधन विकासतर्फ यस आ.व. मा देहायका कार्यहरू सम्पादन गरिएको छः

क) आर्थिक वर्ष २०८०/०८१ को आठौं वार्षिक प्रतिवेदन तयार गरी मिति २०८१/०५/१९ गते सम्माननीय राष्ट्रपतिज्यू समक्ष पेस गरिएको छ।

ख) मिति २०८१/०५/२३ गते भाषा आयोगको नवौं स्थापना दिवसको अवसरमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री माननीय बद्रीप्रसाद पाण्डेज्यूको प्रमुख आतिथ्यमा मातृभाषामा प्रकाशित ८ वटा पत्रपत्रिकालाई सम्मान गरिएको छ।

ग) वि.सं. २०८१ सालको लागि आयोगको कार्यनिर्देशिकाअनुसार भाषा विज्ञसूची दर्ता कार्यक्रमअन्तर्गत नयाँ दर्ता व्यक्तिगत २१ जना र संस्थागत ६ वटाको सूचीकरण तथा नवीकरण कार्य गरिएको छ।

घ) आयोगमा मिति २०८१/०६/०७ गते अन्तर्राष्ट्रिय आदिवासी भाषा दशक (२०२२-०३२), नेपालको लागि राष्ट्रिय कार्ययोजना सिफारिस गर्न गाउँपालिका राष्ट्रिय महासङ्घ र नगरपालिका सङ्घको सहकार्यमा विभिन्न सरोकारवाला निकायहरूको सहभागितामा अन्तरक्रिया र छलफल कार्यक्रम सम्पन्न गरिएको छ।

ङ) मिति २०८१/०६/१५ गतेका दिन भाषा आयोगका माननीय अध्यक्ष डॉ. गोपाल ठाकुरको अध्यक्षतामा बसेको आयोगको बैठकबाट अन्तराष्ट्रिय आदिवासी भाषा दशक (२०२२-२०३२) नेपालको राष्ट्रिय कार्ययोजनाको मस्यौदा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमार्फत् नेपाल सरकारसमक्ष स्वीकृति र कार्यान्वयनका लागि सिफारिस गरिएको छ।

छ) भाषा आयोगको नीति तथा कानुन तर्जुमासम्बन्धी सहजीकरण कार्यक्रमअन्तर्गत भाषिक अनुमगन निर्देशिका तर्जुमा गर्न मिति २०८१ साल पुस १८ गते माननीय अध्यक्ष डॉ. गोपाल ठाकुरज्यूको अध्यक्षतामा नेपालका भाषासम्बन्धी कानुनी व्यवस्था गर्ने प्रयोजनका लागि भाषाविज्ञहरूसँग परामर्श बैठक बसी छलफल तथा अन्तरक्रिया गरिएको छ।

झ) मिति २०८१ फागुन ९ गतेका दिन आयोगका माननीय अध्यक्ष डॉ. गोपाल ठाकुरज्यूको अध्यक्षता र संस्कृति, पर्यटन तथा नागरिक उड्डय मन्त्री मा. बद्रीप्रसाद पाण्डेज्यूको प्रमुख आतिथ्यतामा भाषा क्षेत्रमा उच्च र विशिष्ट योगदान पुऱ्याएका भाषिक भाषाविज्ञ, भाषिक समुदाय, सङ्घसंस्था र विभिन्न भाषासँग सम्बद्ध सरोकारवालहरूको सहभागितामा अन्तर्राष्ट्रिय मातृभाषा दिवससम्बन्धी कार्यक्रम सम्पन्न गरिएको थियो। जसमा भाषा क्षेत्रमा उच्च र विशिष्ट योगदान

पुऱ्याएका सङ्घसंस्थाका पदाधिकारीहरूलाई सम्मानसमेत गरियो। उक्त दिवस दुई चरणमा सञ्चालन भएको थियो। पहिलो चरणमा भाषा दिवसका बारेमा प्रमुख अतिथि र अन्य विशिष्ट व्यक्ति/अतिथिज्यूहरूले शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो। यसै कार्यक्रमको दोस्रो सत्रमा कर्णाली प्रदेशबाहेक सबै प्रदेशहरूको भाषिक अवस्थाको विषयमा कार्यपत्र प्रस्तुति र छलफल भएको थियो। यस कार्यक्रमा कार्यपत्रमाथि टिप्पणीकर्ता अध्येता श्री मल्ल के. सुन्दरज्यूले टिप्पणी गर्दै भाषासम्बन्धी समसामयिक विषयमा आफ्नो विचार राख्नुभएको थियो। भाषा आयोगका माननीय अध्यक्ष डॉ. गोपाल ठाकुरज्यूले आफ्नो मन्तव्यसहित कार्यक्रमको समापन गर्नुभएको थियो।

ञ) आयोगको विज्ञ सूची निर्देशिका, २०७६ तेस्रोको विज्ञ सूची दर्ता फाराम अनुसूची १ र २ संशोधन गरिएको।

३.२.३ लोपोन्मुख अवस्थामा रहेका भाषाहरूको संरक्षण तथा संवर्धन र विकास

आयोगबाट आ.व. २०८१/८२ मा वक्ता सङ्ख्या कम भएका भाषालाई सुरक्षित राख्न भाषिक अभिलेखीकरण गर्ने र मरणासन्न अवस्थाका भाषाको पुस्तान्तरणका लागि भाषा प्रशिक्षण कक्षा सञ्चालनजस्ता कार्यहरू विगतदेखि निरन्तर हुँदै आइरहेका छन्। सम्बन्धित भाषिक संस्था, भाषाविज्ञ, भाषिक समुदायहरूको सहभागिता सुनिश्चित हुनेगरी दुई पक्षीय सम्झौता गरी कार्य गरिएको छ। यसरी भाषाको अध्ययन गर्दा भाषावैज्ञानिक, अनुसन्धानकर्ताका साथै सम्बन्धित भाषिक समुदायबाट नै वक्ता संयोजक रहने गरी कम्तीमा तीन जनाको अध्ययन समूह रहने व्यवस्था गरिएको छ। सो समूहबाट आवश्यकतानुसार भाषिक समुदायसँग स्थलगत रूपमा नै समन्वय गरी अध्ययन, अनुसन्धान गर्ने गरिएको छ। न्यून वक्ता भएका मरणासन्न अवस्थामा पुगेका भाषाको पुस्तान्तरणका लागि केही भाषामा समुदायमा आधारित एवम् विद्यालयमा आधारित भएर भाषा प्रशिक्षण कक्षा सञ्चालन गरिएका छन्। यी कार्यहरूले सीमित मात्रामा भएपनि भाषाको पुनर्जीवनमा टेवा पुगेको छ।

अ) लोपोन्मुख भाषाहरूको अभिलेखीकरण

आयोगबाट भाषाहरूको संरक्षण, संवर्धन र विकासका लागि कार्यक्रम सञ्चालन निर्देशिका, २०७६ अनुसार भाषाहरूको संरक्षण, संवर्धन र विकासका लागि छनोट भएका भाषाहरूको निम्न क्षेत्रमा अध्ययन गर्ने व्यवस्था रहेको छः

(क) वर्ण निर्धारण
(ख) शब्द सङ्कलन
(ग) शब्दकोश निर्माण
(घ) पाठ सङ्कलन
(ङ) भाषिक इतिहास लेखन
(च) व्याकरण निर्माण
(छ) लोकवार्ता सामग्री सङ्कलन

यसका साथै आयोगले आवश्यक ठानेका अन्य कार्यहरू गर्न सकिने व्यवस्था रहेको छ।

आयोगबाट हालसम्म लोपोन्मुख अवस्थामा रहेका भाषाहरूको अभिलेखीकरणसम्बन्धी भएका कार्यहरूको समष्टिगत तालिका देहायअनुसार रहेको छ।

आयोगबाट आ.व. ०८१/०८२ अत्यन्तै लोपोन्मुख अवस्थामा रहेको हायु जातिले बोल्ने हायु भाषाको शब्दकोश निर्माण गरिएको छ। फिरन्ते अवस्थामा रहेका राउटे जातिलाई नेपाल सरकारले डडेल्धुराको जोगबूढामा बस्ती बसाई व्यवस्थित रूपमा बसोबास गराएका राउटे जातिले बोल्ने राउटे भाषाको व्याकरण निर्माण गरिएको छ। राष्ट्रिय जनगणना, २०७८ मा नयाँ भाषाको रूपमा सूचीकृत भएको सुनवर्षी न.पा. मोरङमा बसोबासको बाहुल्यता भएको केवरत जातिले बोल्ने केवरत भाषामा व्याकरण निर्माणका कार्य सम्पन्न भएको छ।

आ) अभिलेखीकरण गरिएका प्रतिवेदनको मूल्याङ्कन र प्रकाशन

लोपोन्मुख अवस्थामा रहेका भाषाहरूको संरक्षण संवर्धन र विकासका लागि अभिलेखीकरण कार्य सम्पन्न भएका भाषाका क्षेत्रगत सामग्रीलाई प्रकाशनयोग्य बनाउन कार्यक्रम सञ्चालन निर्देशिका, २०७६ बमोजिम व्यवस्था भएको मूल्याङ्कन समितिबाट

मूल्याङ्कन गराई अन्तिम रूप दिने गरिएको छ। जसअन्तर्गत चालु आ.व. मा हायु भाषाको शब्दकोश र केवरत भाषाको व्याकरणलाई मूल्याङ्कन गरी अन्तिम रूप दिइएको छ। यसरी मूल्याङ्कन गरिएका सामग्रीहरू विभिन्न स्थानीय तहसँगको सहकार्यमा प्रकाशन गर्ने गरिएको छ। विगतका वर्षहरूमा तयार भएका विभिन्न भाषाका क्षेत्रगत सामग्रीहरूको छपाइ तथा सार्वजनिकीकरण गर्ने प्रयोजनका लागि अभिलेखीकरण गरिएका भाषाहरूमध्ये यस आ.व.मा रानाथारू भाषाको व्याकरण (लालझाडी गाउँपालिका कञ्चनपुर), र थामी भाषाको शब्दकोश (थाङ्मी प्रज्ञा समाज दोलखा) छन्। त्यसैगरी मगही भाषाको भाषिक इतिहास र पाठ सङ्ग्रह (गौशाला नगरपालिका, महोत्तरी) सहयोगमा प्रकाशन गरिएको छ। हालसम्म प्रकाशन भएका सामग्री यसप्रकार रहेका छन्:

तालिका १४
लोपोन्मुख अवस्थामा रहेका भाषाहरूको संरक्षण र संवर्धन सम्बन्धमा हालसम्म प्रकाशन भएका सामग्रीहरू

क्र.स.	भाषा	विधा	प्रकाशन गर्ने संस्था/व्यक्ति	कैफियत
१	रानाथारू	व्याकरण	लालझाडी गाउँपालिका, कञ्चनपुर	
२	थामी	शब्दकोश	थाङ्मी प्रज्ञा समाज, दोलखा	
३	मगही	भाषिक इतिहास र पाठ सङ्कलन	गौशाला नगरपालिका, महोत्तरी	

इ) भाषिक पुस्तान्तरणका लागि समुदायमा आधारित भाषा प्रशिक्षण कक्षा सञ्चालन

लोपोन्मुख अवस्थामा रहेका तथा अत्यन्तै अल्पसङ्ख्यक वक्ताहरूले बोल्ने भाषाहरू छनोट गरी भाषिक पुस्तान्तरण गर्ने उद्देश्यले भाषा कक्षाहरू सञ्चालन भएका छन्। सम्बन्धित भाषिक समुदाय र स्थानीय तहसँगको सहकार्यमा विद्यालय तहमा अध्ययन गर्ने बालबालिकादेखि ६० वर्ष उमेर समूहसम्मका इच्छुक सहभागीहरूलाई पायक पर्ने स्थान छनोट गरी भाषा प्रशिक्षण कक्षा सञ्चालन गर्ने गरिएको छ।

प्रशिक्षक र सम्बन्धित भाषाका विज्ञ/स्रोत व्यक्तिहरूको सहयोगमा लुङ्खिम भाषामा तेस्रो चरणको भाषा प्रशिक्षण कक्षा सञ्चालनका लागि पाठ्यसामग्री विकास गरी सम्बन्धित पालिकालाई पठाई भाषा प्रशिक्षण कक्षा सञ्चालनका लागि अनुरोध गरिएको छ। त्यसैगरी दूरा भाषाको तेस्रो चरण र बराम भाषाको चौथो चरणको भाषा प्रशिक्षण कक्षा सञ्चालनका लागि पाठ्यसामग्री विकास गरी सम्बन्धित पालिकालाई पठाई भाषा प्रशिक्षण कक्षा सञ्चालनका लागि अनुरोध गरिएको छ। कुसुन्डा भाषाको निरन्तर सिकाइका लागि पाठ्यसामग्री विकास गरी प्रकाशनसमेत गरिएको छ। भाषा कक्षा सञ्चालनका लागि पाठयसामग्री विकाससम्बन्धी विवरण तलको तालिकामा प्रस्तुत गरिएको छः

तालिका १५
आ.व. २०८१/८२ मा लोपोन्मुख भाषाको समुदायमा आधारित भाषाकक्षा सञ्चालनसम्बन्धी विवरण

क्र.स.	प्रदेश	भाषा	जिल्ला	स्थानीय तह	कैफियत
१	कोशी	लुङ्खिम	इलाम	सूर्योदय नगरपालिका	तेस्रो चरणको पाठ्यसामग्री विकास
२	गण्डकी	दूरा	लमजुङ	सुन्दरबजार नगरपालिका	तेस्रो चरणको पाठ्यसामग्री विकास
३	गण्डकी	बराम	गोरखा	बारपाक सुलिकोट गाउँपालिका	चौथो चरणको पाठ्यसामग्री विकास
४	लुम्बिनी	कुसुन्डा	दाङ	घोराही उपमहानगरपालिका	निरन्तर शिक्षाको लागि पाठ्यसामग्री विकास र प्रकाशन

समुदायमा आधारित भाषाकक्षा सञ्चालन र पाठ्यसामग्रीको प्रभावकारिता अभिवृद्धि तथा भाषिक पुस्तान्तरणका लागि आयोगबाट स्थलगत भाषिक कार्यसम्पादन परीक्षण समेत गरिएको छ। लोपोन्मुख अवस्थामा रहेका भाषाहरूको संरक्षण गर्ने र नयाँ पुस्तामा

पुस्तान्तरण गर्नका लागि भाषाकक्षा सञ्चालन उपयुक्त माध्यम देखिएको छ। यस कार्यलाई व्यवस्थित गर्दै निरन्तरता दिन सम्बन्धित भाषिक समुदाय तथा स्थानीय तहहरूलाई अपनत्वबोध गराई साझेदारीका लागि कार्ययोजना माग गर्ने र कार्यान्वयनमा थप जिम्मेवार बनाउँदै लैजानुपर्ने देखिएको छ।

३.२.४ मातृभाषा शिक्षासम्बन्धी सम्पादित कार्यक्रम र उपलब्धिहरू

भाषा आयोगबाट विगत वर्षहरूमा झैं यस आ.व. २०८१/०८२ मा पनि बहुभाषिक शिक्षाको नमूना विकास र शिक्षामा मातृभाषाको प्रयोग सम्भाव्यता अध्ययन कार्यक्रमलाई सरकारी कामकाजको भाषासँग जोडेर विभिन्न प्रदेश र केही जिल्लाहरूमा कार्यक्रम सञ्चालन गरी सम्पन्न गरिएको थियो। मातृभाषामा शिक्षाका लागि मूल आधार सरकारी कामकाजको भाषाका रूपमा मातृभाषाहरूको प्रयोगबाट प्राप्त हुने भएकाले बहुभाषिक शिक्षाको नमुना विकास र शिक्षामा मातृभाषाको प्रयोग सम्भाव्यता अध्ययनसम्बन्धी कार्यक्रमलाई संयुक्त रूपमा व्यवस्थापन गरी कार्यक्रमहरू सम्पन्न गरिएका थिए।

विद्यालय शिक्षाको आधारभूत तहमा मातृभाषा/बहुभाषिकताको माध्यमबाट शिक्षा प्रदान गरेमा शिक्षाको आधार वा जग बलियो हुन्छ। संविधानमा नै मातृभाषामा शिक्षा पाउने बालबालिकाको अधिकार सुनिश्चित भएकोमा सङ्घ, प्रदेश र स्थानीय तहमा बहुसङ्ख्यक जनताले बोल्ने मातृभाषाहरूलाई सरकारी कामकाजको भाषाको प्रयोग गर्न मातृभाषा शिक्षालाई जग वा मूल आधारका रूपमा कार्यान्वयन गर्नुपर्दछ।

बहुभाषिक शिक्षाको नमुना विकास र शिक्षामा मातृभाषाको प्रयोग सम्भाव्यतासम्बन्धी अध्ययन तथा सरकारी कामकाजको भाषासम्बन्धी सहजीकरण कार्यक्रम सम्बन्धित प्रदेशका मुख्यमन्त्री, मन्त्री, कर्मचारीहरू, भाषिक सङ्घसंस्थाहरूका अध्यक्ष र प्रतिनिधि, पत्रकार तथा सम्बन्धित सरोकारवालहरू समेतको उपस्थितिमा सम्पन्न गरिएको छ। मातृभाषामा शिक्षासम्बन्धी भएका प्रमुख उपलब्धिहरूलाई तल बुँदागत रूपमा प्रस्तुत गरिएका छन्ः

क) बागमती प्रदेशमा सरकारी कामकाजको भाषा र मातृभाषामा शिक्षासम्बन्धी कार्यशाला

वि.सं. २०८१ असोज ४ गते बागमती प्रदेशको हेटौंडा, मुख्यमन्त्री कार्यालयको सभाहलमा सरकारी कामकाजमा मातृभाषाः बहुभाषिक शिक्षाको नमूना विकाससम्बन्धी सहजीकरण कार्यक्रम सम्पन्न भएको थियो। भाषा आयोगका माननीय अध्यक्षज्यूको अध्यक्षता र प्रदेशका मुख्य मन्त्री माननीय बहादुर सिं लामाज्यूको प्रमुख आतिथ्यता सहित उक्त कार्यक्रममा सम्बन्धित प्रदेशका मुख्यमन्त्री, मन्त्री, कर्मचारीहरू, भाषिक सङ्घसंस्थाहरूका अध्यक्ष र प्रतिनिधि, पत्रकार तथा सम्बन्धित सरोकारवालाहरू समेतको उपस्थितिमा सम्पन्न गरिएको।

ख) प्रदेशमा मातृभाषा शिक्षाको कार्यन्वयनसम्बन्धी १ दिने अन्तरक्रिया कार्यक्रम

वि.सं. २०८१ मङ्सिर ३ गते दिन मधेश प्रदेशको वीरगन्जको शौक्षिक तालिम केन्द्र, त्रिजुद्ध. मा.वि. पर्सामा मातृभाषा शिक्षाको अवस्था र कार्यान्वयनसम्बन्धी १ दिने अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो। भाषा आयोगका मा. अध्यक्ष डा.गोपाल ठाकुरज्यूको अध्यक्षता र मधेश विश्वविद्यालयका उपकुलपति श्री दिपक शाक्यज्यूको प्रमुख आतिथ्यमा कार्यक्रम सञ्चालन गरिएको थियो। यस कार्यक्रममा मधेशका ५ (पाँच) जिल्लाहरू धनुषा, रौतहट, बारा, पर्सा र सर्लाहीका शिक्षा शाखाका प्रमुख र हरेक पालिकाबाट मातृभाषा पढाउने शिक्षकहरू २/२ जना उपस्थित भएका थिए। त्यसैगरी त्रिजुद्ध मा.वि. का प्र.अ., स.प्र.अ.सहित भाषा आयोगका पदाधिकारी, कर्मचारी तथा अन्य गरी ३५ जनाको उपस्थिति रहेको थियो।

ग) शिक्षामा मातृभाषाको प्रयोगसम्बन्धी सिफारिसको खाका सहितको प्रतिवेदन (२०८१)

वि.सं. २०८२ साल चैत १२ गतेका दिन भाषा आयोगमा शिक्षामा मातृभाषाको प्रयोग सम्बन्धी सिफारिस प्रतिवेदन तयारीसम्बन्धी बैठक बस्यो। यस बैठकको अध्यक्षता मातृभाषामा शिक्षासम्बन्धी प्रतिवेदन लेखन समितिका संयोजक तथा भाषा आयोगका पूर्व अध्यक्ष डा. लवदेव अवस्थीज्यूको अध्यक्षतामा भएको थियो। यस बैठकमा मातृभाषामा शिक्षासम्बन्धी प्रतिवेदनको मुख्य विषयवस्तु र सिफारिसका

क्षेत्रहरूसम्बन्धी विषयमा आयोगका पदाधिकारी र विज्ञहरूकाबीच अन्तरक्रिया गरी सुझाव र राय सङ्कलन गरिएको थियो।

घ) लुम्बिनी प्रदेशमा सरकारी कामकाजको भाषासम्बन्धी तयारी र छलफल

वि.सं. २०८१ चैत २० गते भाषा आयोगको सभाहलमा लुम्बिनी प्रदेशमा सरकारी कामकाजको भाषाअन्तर्गत शिक्षामा मातृभाषाको प्रयोग, सम्भाव्यता अध्ययन तथा मातृभाषा शिक्षाको नमुना विकाससम्बन्धी विषयमा छलफल गरियो। यस बैठकको अध्यक्षता भाषा आयोगका मा. अध्यक्षज्यू डा.गोपाल ठाकुरले गर्नुभएको थियो। कार्यक्रममा लुम्बनी प्रदेशलक्षित पाँचवटा भाषिक संस्था (मगर, थारु, भोजपुरी, अवधी र मुस्लिम) का ३/३ जनाका दरले १५ जना सहभागी थिए। साथै भाषा आयोगका मा. सदस्यहरू, सचिवज्यू र शाखा प्रमुखहरू गरी ३० जना सहभागी भएका थिए। यस कार्यक्रममा लुम्बिनी प्रदेशमा सरकारी कामकाजको भाषासम्बन्धी विधेयकउपर छलफल र सुझाव सङ्कलन कार्य गरिएको थियो।

ङ) लुम्बिनी प्रदेशमा सरकारी कामकाजको भाषा र मातृभाषा शिक्षाको नमुना विकास कार्यक्रम

वि.सं.२०८२ बैशाख ८ गते लुम्बिनी प्रदेशको राजधानी भालुवाङमा लुम्बिनी प्रदेशमा सरकारी कामकाजको भाषा ऐन (मस्यौदा) तथा शिक्षामा मातृभाषाको प्रयोग सम्भाव्यता अध्ययनका साथै मातृभाषा शिक्षाको नमूना विकासउपर छलफल र सुझाव सङ्कलन गरियो। भाषा आयोगका मा. अध्यक्ष डॉ. गोपाल ठाकुरको अध्यक्षता र प्रदेशका मा. सभामुखज्यूको प्रमुख आतिथ्यसहित सम्पन्न उक्त कार्यक्रम ६० जनाको उपस्थिति रहेको थियो।

च) सुदूर पश्चिम प्रदेशमा सरकारी कामकाजको भाषा ऐन (मस्यौदा) र मातृभाषा शिक्षाको नमूना विकास उपर छलफल र सुझाव सङ्कलन कार्यक्रम

वि.सं. २०८२ साले जेठ ७ गते सुदूरपश्चिम प्रदेशको कञ्चनपुर जिल्लाको बेलौरी नगरपालिकाको महाकाली बहुमुखी क्याम्पस बेलौरीमा प्रदेशमा सरकारी

कामकाजको भाषा विधेयक (मस्यौदा) तथा मातृभाषा शिक्षाको नमुना विकाससम्बन्धी विषयमा छलफल र सुझाव सङ्कलन कार्यशाला सञ्चालन भयो। यस कार्यक्रममा भाषा आयोगका अध्यक्ष मा. डॉ. गोपाल ठाकुरज्यूको अध्यक्षता र सुदूरपश्चिम प्रदेशका सांसदहरूसहित १२० जनाको सहभागिता रहेको थियो।

३.२.५ अध्ययन, अनुसन्धान तथा प्रदेश समन्वयसम्बन्धी

यस आ.व.मा अध्ययन अनुसन्धान तथा प्रदेश समन्वय शाखाअन्तर्गत अन्तरभाषिक अध्ययन कार्य सम्पन गरिएका कार्यक्रमहरूको विवरण देहायबमोजिम रहेको छः

क) मगर भाषाको अन्तरसम्बन्धको अध्ययन र प्रतिवेदन लेखन

यस आर्थिक वर्षमा मगर भाषाको अन्तरसम्बन्धको अध्ययनअन्तरगत मगर खाम र मगर ढुट भाषाको अन्तरसम्बन्धको अध्ययन कार्य सम्पन्न गरिएको छ। यसमा मिति २०८२ साल बैशाख १० गतेका दिन रूकुम पश्चिम पुथा उत्तरगङ्गा गाउँपालिकामा एक कार्यक्रमका बीच मगर खाम भाषाको अन्तरसम्बन्धको अध्ययन कार्यशाला आयोजना भएको थियो। कार्यक्रममा आयोगमा अध्यक्षता मा. डॉ. गोपाल ठाकुरज्यूले गर्नुभएकोमा गाउँपालिका अध्यक्ष श्री पुनीराज घर्ती मगरले प्रमुख अतिथिका रूपमा उपस्थित हुनुका साथै वडाध्यक्ष एवम् भाषिक सङ्घसंस्थाका प्रतिनिधिहरूको उत्साहजनक उपस्थिति रहेको थियो।

त्यसैगरी मिति २०८२ साल जेठ ५ गतेका दिन पाल्पा जिल्लाको रामपुर नगरपालिकामा मगर ढुट भाषाको अन्तरसम्बन्धको अध्ययनका लागि कार्यशाला सम्पन्न भयो। भाषा आयोगका अध्यक्ष डॉ. गोपाल ठाकुरज्यूको अध्यक्षता र नगरपालिकाका प्रमुख श्री रमणबहादुर थापाको प्रमुख आथित्यसहित वडाध्यक्ष र भाषिक संस्थाका प्रमुख वा प्रतिनिधिहरूको बाक्लो उपस्थिति रहेको थियो। यस कार्यक्रममा मगर भाषा अध्येता श्री लोकबहादुर थापा मगरज्यूले मगर ढुट भाषाको अध्ययनसम्बन्धी सर्वेक्षण कार्य गर्नुभएको थियो।

३.२.६ भाषा तथा सूचना प्रविधि सम्बन्धी कार्यक्रम र उपलब्धिहरू

नेपालको संविधानको धारा २८७ बमोजिम भाषा आयोगको स्थापना भएपश्चात यस

आयोगले नेपालको संविधान र भाषा आयोग ऐन, २०७४ बमोजिम आफ्ना कार्यहरू सम्पादन गर्दै आएको छ। यस आयोगको विभिन्न शाखाहरूको आआफ्नो कार्यदिशका आधारमा भाषा तथा सूचना प्रविधि शाखाबाट आर्थिक वर्ष २०८१/८२ मा आयोगमा नेपालकै पहिलो भाषा प्रयोगशालाको स्थापना भई सञ्चालन भएको छ। भाषा प्रयोगशालाको स्थापना भए पश्चात विभिन्न लोपोन्मुख भाषाहरुमध्ये कुसुण्डा भाषा र सुनुवार भाषाको श्रव्यदृव्य छायाङ्कन कार्य सम्पन्न गरी प्रतिवेदन प्राप्त हुनका साथै श्रव्यदृश्य सामग्रीहरू तयार गरिएको छ। त्यसैगरी भाषा प्रयोगशालामा ध्वनि परीक्षण कार्य भाषावैज्ञानिक/विज्ञको सहजीकरणमा सुनुवार भाषाको ध्वनि परीक्षण र वर्ण पहिचान कार्य सम्पन्न गरिनुका गरिएका छन्। साथै भाषा आयोगका विद्युतीय सूचनाहरू, वेबसाइट र इमेलहरूलाई समसामयिक रूपमा अद्यावधिक गर्ने र विद्युतीय माध्यमबाट आयोगका सामग्रीहरू प्रकाशन गर्ने कार्य समेत सम्पन्न भएको छ।

परिच्छेद : चार

आयोगको कार्यसँग सम्बन्धित कानुनी प्रावधानहरूको सिंहावलोकन

नेपालको संविधानको धारा २८७ र धारा ७ को उपधारा (३) तथा भाषा आयोग ऐन, २०७४ मा उल्लेख भएका कामकारबाहीहरू सम्बन्धित स्थानीय, प्रादेशिक, सङ्घीय तथा अन्तर्राष्ट्रिय कानुनहरूको विस्तृत विवरण यस आयोगका अघिल्ला वार्षिक प्रतिवेदनहरूमा समावेश भइसकेका छन्। यस प्रतिवेदनमा नेपालको संविधान, भाषा आयोग ऐन, २०७४ का अतिरिक्त भाषा आयोगको कार्य क्षेत्रसँग सम्बन्धित महत्त्वपूर्ण राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुन तथा नीतिहरूको सिंहावलोकन गरी त्यसको सार सङ्क्षेपमा प्रस्तुत गर्ने प्रयास गरिएको छ।

४.१ नेपालको संविधान

बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात् गरी विविधताबिचको एकता, सामाजिक सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण र प्रवर्द्धन गर्दै, वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक भिन्नताका सबै प्रकारका विभेदहरूलाई अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्यायको सुनिश्चितता गर्ने उद्देश्य नेपालको संविधानले लिएको छ। समाजको भाषिक तथा सांस्कृतिक विविधतालाई आत्मसात् गर्दै संविधानले नेपाललाई एक बहुभाषिक राष्ट्रको पहिचान दिएको छ। संविधानको धारा ३ ले बहुभाषिक विशेषतासहितको राष्ट्रलाई परिभाषित गरेको छ।

भाषासम्बन्धी प्रावधानहरूको अध्ययन गर्दा नेपालको संविधानको धारा ६ मा नेपालमा बोलिने सबै मातृभाषाहरू राष्ट्रभाषा हुन् भन्ने प्रावधान समावेश गरिएको छ। धारा ७ मा नेपाली भाषाको संवैधानिक पहिचान कायम गर्दै "देवनागरी लिपिमा लेखिने नेपाली भाषा नेपालको सरकारी कामकाजको भाषा हुने" प्रावधान रहेको छ। त्यसै गरी नेपाली भाषाका अतिरिक्त प्रदेशले आफ्नो प्रदेशभित्र बहुसङ्ख्यक जनताले बोल्ने एक वा एकभन्दा बढी अन्य राष्ट्रभाषालाई प्रदेश कानुनबमोजिम प्रदेशको सरकारी कामकाजको भाषा निर्धारण गर्न सक्ने संवैधानिक प्रावधान रहेको छ।

संविधानको भाग ३ अन्तर्गतको धारा १८ मा समानताको हकअन्तर्गत कसैलाई पनि निजको भाषालगायतका कुनै पनि आधारमा भेदभाव गर्न नहुने व्यवस्था गरिएको छ। यस्तै धारा ३१ मा नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुनबमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइसम्बन्धी अपाङ्गता भएका नागरिकलाई साङ्केतिक भाषाको माध्यमबाट कानुनबमोजिम निःशुल्क शिक्षा पाउने संवैधानिक हकको सुनिश्चित गरिएको छ। नेपाल सांस्कृतिक तथा भाषिक विविधतायुक्त मुलुक भएको हुँदा राष्ट्रको पहिचानको रूपमा रहेको भाषा तथा संस्कृति जोगाउन तथा प्रवर्धन गर्न संविधानको धारा ३२ को भाषा तथा संस्कृतिको हकमा प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो भाषा प्रयोग गर्ने हक हुने तथा नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संवर्धन र संरक्षण गर्ने हक सुनिश्चित गरिएको छ।

संविधानको धारा ५१ मा राज्यका नीतिहरूअन्तर्गत (ग) सामाजिक र सांस्कृतिक रूपान्तरणसम्बन्धी नीतिमा देशको सांस्कृतिक विविधता कायम राख्दै समानता एवम् सहअस्तित्वका आधारमा विभिन्न जातजाति र समुदायको भाषा, लिपि, संस्कृति, साहित्य, कला, चलचित्र र सम्पदाको संरक्षण र विकास गर्ने तथा बहुभाषिक नीति अवलम्बन गर्ने उल्लेख गरिएको छ। यस्तै धारा ५१ (क) मा राष्ट्रिय एकता प्रवर्धनका लागि भाषिक विविधताको उपयोग गर्ने नीति लिइने उल्लेख छ। त्यस्तै संविधानको अनुसूची ६ र ८ मा भाषा, लिपि, संस्कृति, ललितकला र धर्मको संरक्षण र प्रयोगका अधिकार प्रदेश तथा स्थानीय तह दुवैलाई दिइएको अवस्था छ। संविधानको प्रस्तावनामा आत्मसात् गरिएको नेपालको बहुभाषिक विशेषताअनुरूप भाषाको संरक्षण, विकास, अध्ययन, अनुसन्धान तथा अनुगमन गर्ने उद्देश्यका साथ धारा २८७ मा भाषा आयोगको गठनसम्बन्धी व्यवस्था गरिएको छ। संविधानको धारा ७ को उपधारा (३) र धारा २८७ को उपधारा (६) मा उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त भाषा आयोगलाई भाषा आयोग ऐन, २०७४ अनुसार थप जिम्मेवारी समेत प्रदान गरिएको छ।

४.२ भाषासम्बन्धी नीतिगत व्यवस्थाहरू

४.२.१ राष्ट्रिय शिक्षा नीति, २०७६

यस नीतिमा एकल मातृभाषी कक्षामा मातृभाषा र मिश्रित भाषिक समूह भएका कक्षामा मातृभाषामा आधारित बहुभाषिक माध्यममा सिक्न पाउने अवसर प्रदान गर्न स्थानीय तहले योजना बनाई कार्यान्वयन गर्ने व्यवस्था मिलाइने र नेपालको भाषिक विविधता, बालबालिकाको रुचि र आवश्यकताअनुसार मातृभाषाको अतिरिक्त मातृभाषामा आधारित बहुभाषिक शिक्षा, नेपाली र अङ्गेजी भाषालाई शिक्षणको माध्यम भाषाको रूपमा व्यवस्थापन गर्ने विषय उल्लेख गरिएको छ। विद्यालय शिक्षाको आधारभूत तहमा अनिवार्य नेपाली भाषाका साथै सम्बन्धित विद्यार्थीको मातृभाषालाई पढाइको माध्यम बनाइने र त्यसका साथै गणित र विज्ञान विषयलाई अङ्ग्रेजी भाषामा पनि अध्यापन गर्न सकिने व्यवस्था छ, जुन संवैधानिक अपेक्षाभन्दा विपरीत छ। मातृभाषाका पाठ्यसामग्री, शिक्षण सामग्री तथा अन्य सामग्रीहरू (विद्युतीय सामग्रीहरूसमेत) तयार गर्न प्रादेशिक तथा स्थानीय सरोकारवाला तथा विज्ञहरू परिचालन गरी निर्माण, छपाइ, वितरण, अनुगमन तथा मूल्याङ्कन गरिनुका साथै स्थानीय तहद्वारा आफ्नो स्थानको मातृभाषा, लिपि, साहित्य एवम् संस्कृति संरक्षण, विकास गरी सो भाषाको पठनपाठन गर्न सक्ने व्यवस्था मिलाइने पनि नीतिमा उल्लेख छ। नेपाली भाषाको शिक्षणलाई प्रवर्धन गर्दै नेपाली मौलिक कला, संस्कृति, सामाजिक अध्ययनसम्बन्धी विषय नेपाली भाषामा पठनपाठन गरिने तर बहुभाषी कक्षाकोठामा मातृभाषामा आधारित बहुभाषी शिक्षण पद्धतिलाई प्रोत्साहित गरिने लगायत गणित, अङ्ग्रेजी भाषा, सामाजिक, व्यावसायिक तथा स्वावलम्बनका विषयहरूमा पनि स्थानीयकरण गरी शिक्षण सिकाइ प्रक्रियामा सुधार ल्याउन सम्बन्धित स्थानीय तह तथा विद्यालयहरूलाई सोको लागि सक्षम बनाइने, मातृभाषाको संरक्षण र संवर्धन गर्न विद्यालयस्तरीय पाठ्यक्रम तथा पाठ्यसामग्रीमा मातृभाषालाई उचित स्थान दिइने, नेपालका मातृभाषामा सञ्चार सामग्री वा श्रव्यदृश्य सामग्री वा शैक्षिक सामग्री विकास गर्न सङ्घ, प्रदेश र स्थानीय तहले विशेष कार्यक्रम सञ्चालन गर्न सक्ने व्यवस्था मिलाइने, सुस्त श्रवण भएका बालबालिकालाई साङ्केतिक भाषा तथा दृष्टिविहीन र न्यून दृष्टि भएका बालबालिकालाई ब्रेल लिपिमा मात्र सीमित नगराई अन्य उपकरणको प्रयोगबाट सिक्न सक्ने सम्भाव्य विकल्पको खोजी गरी

उपयुक्त अवसर प्रदान गरिने, विद्यालयको सेवा क्षेत्रभित्रका दलित, जनजाति सीमान्तकृत र लोपोन्मुख समुदायहरूको बाहुल्य भएका विद्यालयहरूमा समुदायको भाषा र पृष्ठभूमि बुझ्ने शिक्षकको व्यवस्था गर्न प्राथमिकता दिइनेजस्ता विषयहरू यस नीतिमा समाविष्ट छन्।

४.२.२ संस्कृति नीति, २०६८

यस नीतिअनुरूप देशमा प्रचलित विभिन्न भाषा भाषिकाहरूको यथार्थ स्थिति पहिचान गरी तिनीहरूको संरक्षण एवम् उत्थानका कार्यलाई अघि बढाइने, राष्ट्रव्यापी सर्वेक्षण र अध्ययन गरी प्रचलित लोकभाषा र भाषिकाको अवस्था, इतिहास एवम् लिपि र प्रयोगकर्ता जातिहरू र समुदायको विवरणसहितको सूची तयार गरिने, अध्ययन विवरणको आधारमा विभिन्न भाषाभाषीहरूको वर्तमान अवस्थाको वर्गीकरण गरिने र वर्गीकरणका आधारमा शिक्षा, आम सञ्चार एवम् प्रशासनिक क्षेत्रमा मातृभाषाको प्रयोग विस्तार गरी भाषा र भाषिकाहरूको संरक्षण र उत्थान गरिने व्यवस्था उल्लेख गरिएको छ।

४.२.३ राष्ट्रिय आम सञ्चार नीति, २०७३

राष्ट्रिय आम सञ्चार नीतिको प्रस्तावनामा भौगोलिक अखण्डता...विभिन्न जात, जाति, धर्म वा सम्प्रदायबिचको सुसम्बन्धलाई बलियो बनाई सौहार्दपूर्ण अन्तरजातीय, अन्तरभाषिक...सम्बन्ध सेतुको रूपमा काम गर्न सक्ने आम सञ्चार माध्यमको भूमिकालाई दृष्टिगत गर्दै..." भन्ने उल्लेख गरिएको छ। त्यसै गरी उक्त नीतिको उद्देश्यहरूअन्तर्गत आम सञ्चार माध्यममा सबै वर्ग, क्षेत्र, भाषाको पहुँच बढाई स्वच्छ जनमत निर्माण गर्ने प्रभावकारी माध्यमको रूपमा सञ्चार क्षेत्रको विकास गर्ने, विभिन्न जातजाति, ...भाषा...र सम्प्रदायबीच पारस्परिक सद्भाव, सहिष्णुता र ऐक्यबद्धता कायम गरी सङ्घीय एकाइबीच परस्परमा सहयोगात्मक सम्बन्ध विकास गर्दै राष्ट्रिय हित र एकताको प्रवर्धनद्वारा समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने सूचना तथा सञ्चार प्रणालीको विकास गरिने, राष्ट्रिय एकतालाई सुदृढ गर्न, सांस्कृतिक, जातीय...भाषिक विविधताबिच सद्भाव र सौहार्दपूर्ण संवाद कायम गराउन तथा सङ्कटापूर्ण अवस्थामा समेत सूचना प्रवाहलाई निरन्तरता दिन नेपाली जनताप्रति उत्तरदायित्व वहन गर्ने राष्ट्रव्यापी पहुँच भएको स्वायत्त निकायका

रूपमा राष्ट्रिय सार्वजनिक सेवा प्रसारकको स्थापना गरिने, सार्वजनिक सेवा प्रसारण गर्दा अन्तर सांस्कृतिक, अन्तरभाषिक संवादलाई सौहार्दपूर्ण बनाउने अन्तरवस्तुलाई प्रवर्धन गरिने, गोरखापत्रसम्बन्धी नीतिमा विविध विधामा केन्द्रित भई गरिने पत्रकारिताको प्रवर्धन गर्दै सबै राष्ट्रभाषामा पत्रपत्रिकाको सञ्चालन गर्न प्रोत्साहन गरिने र नेपाली मौलिक कला, भाषा एवम् संस्कृतिलाई प्रतिबिम्बित गर्दै बनेका चलचित्रहरू, आदिवासी जनजाति तथा विभिन्न मातृभाषामा बनेका चलचित्रहरूलाई राज्यले विशेष सुविधा एवम् सहुलियत उपलब्ध गराउने कुरा उल्लेख गरिएको छ।

४.२.४ बालबालिकासम्बन्धी राष्ट्रिय नीति, २०६९

यस नीतिमा प्रत्येक बालबालिकालाई मातृभाषामा आधारभूत शिक्षा पाउने व्यवस्था गरिने तथा सेवा प्रदायकले जातजाति, लिङ्ग, भाषा...को आधारमा भेदभाव गर्न नपाउने व्यवस्था गरिएको छ।

४.३ भाषासम्बन्धी कानुनी व्यवस्थाहरू

४.३.१. भाषा आयोग ऐन, २०७४

भाषा आयोगको काम, कर्तव्य, अधिकार तथा कार्यविधिका सम्बन्धमा कानूनी व्यवस्थाको लागि भाषा आयोग ऐन, २०७४ जारी भै कार्यान्वयनमा रहेको छ। यस ऐनमा नेपालमा बोलिने विभिन्न भाषाहरूको संरक्षण संवर्धन गर्ने जिमेवारी भाषा आयोगको रहेको छ। उक्त ऐनले भाषा संरक्षणको दायित्व र जिमेवारी भाषा आयोगको साथ साथै अन्य आयोगलाई पनि सुम्पेको छ। भाषा आयोगले अन्य सम्बद्ध अन्य आयोगहरूसँग समन्वय कायम गरी भाषासम्बन्धी कामहरूको कार्य सम्पादन अगाडि बढाउने प्रयास गरिरहेको छ। भाषा आयोग ऐन, २०७४ मा भाषा आयोगको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुने भनी व्यवस्था गरिएको छः

(क) नेपालमा बोलिने मातृभाषाको पहिचान गर्ने,

(ख) नेपालमा बोलिने मातृभाषाको संरक्षण, संवर्धन र विकासका लागि नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहका सरकारले अपनाउनुपर्ने नीतिगत वा संस्थागत उपायहरूका बारेमा नेपाल सरकारसमक्ष सिफारिस गर्ने,

(ग) नेपालमा बोलिने मातृभाषा तथा लिपिको संरक्षण, संवर्धन र विकासका लागि आवश्यक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न तथा गराउन सम्बन्धित निकायलाई सिफारिस गर्ने,

(घ) नेपालमा बोलिने मातृभाषा र तिनका इतिहासको अध्ययन, अनुसन्धान गरी प्रकाशन गर्ने,

(ङ) विभिन्न समुदायको मातृभाषा तथा लिपि संरक्षण, संवर्धन र विकास गर्न त्यस्ता भाषाका पुस्तक प्रकाशन गर्ने तथा त्यस्ता पुस्तक प्रकाशन गर्न सम्बन्धित निकायलाई सिफारिस गर्ने,

(च) नेपालमा बोलिने मातृभाषाको प्रयोगलाई प्रविधिमैत्री बनाउन अध्ययन-अनुसन्धान गरी उपयुक्त उपाय अवलम्बन गर्न सम्बन्धित निकायलाई सिफारिस गर्ने,

(छ) राष्ट्रभाषाका भाषाविज्ञको सूची तयार गर्ने।

४.३.२ शिक्षा ऐन, २०२८

शिक्षा ऐन, २०२८ को दफा ७ को उपदफा (१) मा "विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा, अङ्ग्रेजी भाषा वा दुवै भाषा हुने" व्यवस्था गरिएको छ भने दफा ७ को उपदफा(२) मा प्राथमिक शिक्षा मातृभाषामा दिन सकिने र गैरनेपाली नागरिकले नेपालको विद्यालयमा अध्ययन गर्दा अनिवार्य नेपाली विषयको सट्टा अन्य कुनै भाषाको विषय अध्ययन गर्न सक्ने उल्लेख भएको देखिन्छ। त्यस्तै सोही ऐनको दफा १६ (घ) मा दृष्टिविहीन बालबालिकालाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइसम्बन्धी अपाङ्गता भएका नागरिकलाई साङ्केतिक भाषाको माध्यमबाट निःशुल्क शिक्षा प्रदान गरिने उल्लेख छ।

४.३.३ अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५

अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ को दफा ३ को उपदफा (२) मा "नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई मातृभाषामा शिक्षा पाउने अधिकार हुनेछ" भन्ने कुरा उल्लेख गरिएको छ। त्यसै गरी दफा २६ को उपदफा (१) मा विद्यालयले प्रदान गर्ने शिक्षाको माध्यम नेपाली, अङ्ग्रेजी वा दुवै भाषा वा सम्बन्धित नेपाली समुदायको मातृभाषा हुन सक्ने व्यवस्था गरिएको छ। साथै दफा २८ को उपदफा (१) मा नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायका नागरिकलाई आफ्नो

मातृभाषामा आधारभूत तह वा माध्यमिक तहसम्मको शिक्षा प्राप्त गर्ने अधिकार हुने व्यवस्था छ। ऐनको दफा ३३ को उपदफा (१) मा दृष्टिविहीन नागरिकलाई ब्रेल लिपि र बहिरा र स्वर वा बोलाइसम्बन्धी अपाङ्गता भएका नागरिकलाई साङ्केतिक भाषाका माध्यमबाट तोकिएबमोजिम निःशुल्क शिक्षा पाउने अधिकार हुने व्यवस्था गरिएको छ।

४.३.४ बालबालिकासम्बन्धी ऐन, २०७५

यस ऐनको दफा ५ को उपदफा (१) मा कुनै पनि बालबालिकालाई निज, निजको परिवार वा संरक्षकको धर्म, वर्ण, जात, जाति, लिङ्ग, उत्पत्ति, भाषा, संस्कृतिलगायत यस्तै अन्य कुनै पनि आधारमा भेदभाव गर्न नहुने व्यवस्था गरिएको छ। त्यसै गरी दफा २० मा बाल न्याय सम्पादन गर्दा विचार पुऱ्याउनुपर्ने कुराअन्तर्गत खण्ड (घ) मा बालबालिकासँग संवाद गर्दा निजले चाहेको भाषामा गर्ने र आवश्यकतानुसार दोभासेको सहयोग लिनुपर्ने व्यवस्था उल्लेख गरिएको छ। यसैगरी पीडित बालबालिकाको अधिकारअन्तर्गत दफा २५ ले निःशुल्क दोभासे, साङ्केतिक भाषा विज्ञ वा अनुवादको सुविधा र आफूले बुझ्ने भाषामा जानकारी पाउने अधिकार सुनिश्चित गरेको छ।

४.३.५ अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४

अपाङ्गता भएका व्यक्तिको अधिकार सुनिश्चित गर्न बनेको यस ऐनको दफा १४ को उपदफा (३) ले त्यस्ता व्यक्तिलाई अन्य व्यक्तिसरह समान आधारमा साङ्केतिक भाषा, बहिरा संस्कृतिलगायत विशेष सांस्कृतिक तथा भाषिक पहिचानको मान्यता र सहायता पाउने अधिकार हुनेछ भनी उल्लेख गरेको छ। उक्त ऐनको दफा १७ को उपदफा (२) मा सार्वजनिक सञ्चारका विद्युतीय प्रसारण संस्थाले नेपाल सरकारले तोकेको सङ्ख्यामा साङ्केतिक भाषामा समाचार तथा अन्य कार्यक्रम सञ्चालन गर्नुपर्ने कुरालाई जोड दिइएको छ। साथै दफा २१ को उपदफा (६) मा शिक्षासम्बन्धी व्यवस्थाअन्तर्गत नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिलाई शिक्षा हासिल गर्न सहज बनाउन उनीहरूको आवश्यकताबमोजिम ब्रेल वा वैकल्पिक लिपि, साङ्केतिक भाषा, सूचना प्रविधिको साधनलगायत एकभन्दा बढी माध्यमबाट शिक्षा दिने व्यवस्था मिलाउनुपर्ने उल्लेख गरिएको छ।

४.३.६ आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८

यस ऐनको दफा ५ मा आदिवासी/जनजातिको भाषा, लिपि, संस्कृति, साहित्य, कला, इतिहासको संरक्षण र प्रवर्धन गर्ने विषय प्रतिष्ठानको उद्देश्यअन्तर्गत व्यवस्था गरेको देखिन्छ। त्यसैगरी दफा ६ मा प्रतिष्ठानको काम, कर्तव्य र अधिकारअन्तर्गत खण्ड (घ) मा भाषा, साहित्यसँग सम्बद्ध अन्य निकायहरूको सहयोग लिई आदिवासी/जनजातिको भाषाको शब्दकोश तयार गर्ने र प्रकाशन गर्ने वा गराउने, खण्ड (ङ) मा आदिवासी/जनजातिको भाषा, संस्कृति, इतिहास, परम्परालाई परिचय गराउने अभिलेखालय तथा सङ्ग्रहालय स्थापना गर्ने, खण्ड (छ) मा कम्तीमा प्राथमिक तहसम्म आदिवासी/जनजातिको मातृभाषा पढाउने गरी विद्यालय स्थापना गर्ने उल्लेख भएको छ।

४.४ प्रदेशमा भाषा सम्बन्धी भएका व्यवस्था र कानुनहरू

नेपालको संविधानको अनुसूची ६ र ८ मा सुनिश्चित गरिएको भाषा, लिपि, संस्कृति, ललित कला र धर्मको संरक्षण, विकास तथा प्रयोगका अधिकार प्रचलन गर्ने सन्दर्भमा प्रदेश तथा स्थानीय तहमा समेत भाषासम्बन्धी ऐन, कानुन तथा नीतिहरू तर्जुमा भएको पाइन्छ। जस्तै, मधेश प्रदेशको प्रदेश लोकसेवा आयोग ऐन, २०७६ को दफा १६ को उपदफा (१) मा आयोगले सञ्चालन गर्ने लिखित परीक्षाको माध्यम नेपाली, अङ्ग्रेजी र प्रदेश सरकारले तोकेको भाषा हुने उल्लेख गरिएको छ। त्यस्तै बागमती प्रदेशको प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा १९ मा परीक्षाको माध्यमका सम्बन्धमा आयोगले सञ्चालन गर्ने लिखित परीक्षाको माध्यम भाषा सङ्घीय सरकारी कामकाजको भाषा हुने र त्यस भाषाका अतिरिक्त अङ्ग्रेजी वा प्रदेश कानुनबमोजिम निर्धारण गरिएको सरकारी कामकाजको भाषासमेत परीक्षाको माध्यम भाषा हुन सक्ने व्यवस्था भएको देखिन्छ।

त्यस्तै बागमती प्रदेशभित्र बहुसङ्ख्यक जनताले बोल्ने तामाङ भाषा र नेपाल भाषाका संरक्षण, समर्थन तथा विकास गरी सरकारी कामकाजलाई सरल र सहज बनाउन बागमती प्रदेश सभाले प्रदेश सरकारी कामकाजको भाषा ऐन, २०८० जारी गरिएको देखिन्छ। उक्त ऐनमा प्रदेश सरकारको अधिकार क्षेत्रमा सरकारी कामकाजको

मान्यताप्राप्त भाषालाई प्रयोग गर्ने व्यवस्था मिलाइएको देखिन्छ। सरकारी कामकारबाही र कार्यालयमा रहने सार्वजनिक दस्तावेजहरू तामाङ भाषा र नेपाल भाषामा समेत दस्तावेजीकरण र अभिलेखीकरण गर्ने उल्लेख गरिएको छ। प्रदेश सरकारले प्रदेश राजपत्र प्रकाशन गर्दा तामाङ र नेपाली भाषामा गर्न सकिने व्यवस्था गरेको छ। तामाङ भाषा र नेपाली भाषा प्रयोगमा निषेध गर्न नहुने र भाषाको संरक्षण प्रवर्धनका लागि कार्यक्रम सञ्चालन गर्नुपर्ने भनिएको छ। तामाङ भाषा र नेपाल भाषा लगायत प्रदेशभित्रका बोलिने सबै भाषाहरूलाई शिक्षा, सञ्चार, कला, साहित्यतर्फ सरकारी कामकागजको भाषाको विकास गर्ने साथै अन्य राष्ट्रिय भाषामा आवश्यकताअनुसार प्रोत्सान गर्न सकिने भनिएको छ।

त्यसै गरी, कोशी प्रदेशको प्रदेश रेडियो, एफएम र टेलिभिजन प्रसारणसम्बन्धी ऐन, २०७५ को दफा १३ मा कार्यक्रम उत्पादन तथा प्रसारणअन्तर्गत प्रदेशभित्रका सबै जाति, भाषा, वर्ग, क्षेत्र तथा धार्मिक सम्प्रदायबिच समानता, आपसी सद्भाव र सामञ्जस्य अभिवृद्धि गर्ने किसिमका कार्यक्रमहरू तथा प्रदेशभित्रका नेपालका विभिन्न भाषा र संस्कृतिको उत्थानमा सहयोग पुऱ्याउने कार्यक्रमहरू गर्नुपर्ने उल्लेख गरिएको छ। साथै दफा १५ को खण्ड (च) मा कुनै पनि जाति, भाषा, धर्म र संस्कृतिलाई अपव्याख्या, अवहेलना, अपमानित तथा अवमूल्यन गर्ने सामग्रीहरूको विज्ञापन प्रसारण गर्न नपाइने व्यवस्था गरिएको छ।

त्यसै गरी प्रदेशभित्र रहेका सबै भाषा, लिपि, साहित्य, कला र संस्कृतिको संरक्षण, संवर्धन र विकास गर्नका निमित्त कोशी प्रदेशमा प्रदेश प्रज्ञा प्रतिष्ठान ऐन, २०७९ जारी गरिएको देखिन्छ। उक्त ऐन को दफा ३ अनुरूप प्रदेशका सबै भाषा, लिपि, साहित्य, कला र संस्कृतिको संरक्षण, संवर्धन र विकास गर्नका लागि "प्रदेश प्रज्ञा प्रतिष्ठान" नामको एक प्रतिष्ठान स्थापना गरिने र दफा ५ मा उक्त प्रतिष्ठानको काम, कर्तव्य र अधिकार उल्लेख गरिएको छ। यस ऐनमा प्रदेशका सबै भाषा, लिपि, साहित्य, कला र संस्कृतिसम्बन्धी विषयमा अध्ययन अनुसन्धान गर्ने तथा सोसँग सम्बन्धित कृति सिर्जना, अनुवाद एवम् प्रकाशन गर्ने, सबै भाषा, लिपि, साहित्य, कला र संस्कृतिसम्बन्धी विषयमा गोष्ठी, सम्मेलन र प्रदर्शनी गर्ने, प्रतिभा विकास हुने वातावरण सिर्जना गर्ने तथा

अभिलेखालयको विकास र संरक्षण गर्ने, विशिष्ट योगदान पुऱ्याउने नेपाली नागरिकलाई सम्मान तथा पुरस्कृत गर्ने विषयहरू समावेश गरिएको छ।

त्यस्तै मधेश प्रदेशमा प्रदेशको सबै भाषा, साहित्य, ललित कला, सङ्गीत तथा संस्कृतिको अध्ययन अनुसन्धान गरी संरक्षण संवर्धन गर्न मधेश प्रदेश सरकारले मधेश प्रज्ञा प्रतिष्ठान (स्थापना तथा कार्य सञ्चालन) आदेश,२०७९ जारी गरेको पाइन्छ। उक्त कार्य सञ्चालन आदेशको दफा ३ को उपदफा (१) मा "मधेश प्रदेशका सबै भाषा, साहित्य, संस्कृति, ललितकला, नाट्यकला, सङ्गीत आदिको अध्ययन अनुसन्धान गरी संरक्षण, संवर्धन र विकास गर्न प्रदेश सरकारले मधेश प्रज्ञा प्रतिष्ठानको स्थापना गरेको छ" भन्ने उल्लेख छ। आदेशको दफा ५ को प्रतिष्ठानको काम, कर्तव्य र अधिकारमा "भाषा, साहित्य, कला, संस्कृतिसम्बन्धी आवश्यक नीति तर्जुमाको लागि प्रदेश सरकारलाई राय परामर्श प्रदान गर्ने, प्रदेश भित्रका सबै भाषा, साहित्य, ललित कला, नाट्यकला, सङ्गीत पुरातत्त्व, संस्कृतिको संरक्षण, संवर्धन र विकास गर्ने, अध्ययन, अनुसन्धान गरी उपयोगी ग्रन्थहरु प्रकाशन गर्ने, प्रदेशभित्रका भाषाहरूको कृति विदेशी भाषाहरूमा अनुवाद गराउने र विदेशी भाषाहरूको कृति प्रदेशभित्रको भाषामा अनुवाद गरी प्रकाशन गर्ने गराउने, भाषा, साहित्य, संस्कृति, ललितकला, नाट्यकला, सङ्गीतसम्बन्धी विषयमा प्रादेशिक, राष्ट्रिय, अन्तर्राष्ट्रिय गोष्ठी, सम्मेलन महोत्सव प्रदर्शनी प्रतियोगिताहरुको आयोजना गर्ने, गराउने, प्रादेशिक, राष्ट्रिय अन्तर्राष्ट्रिय गोष्ठी, सम्मेलन, महोत्सव, प्रदर्शनी प्रतियोगिताहरूमा भाग लिने, प्रादेशिक, राष्ट्रिय र अन्तर्राष्ट्रिय सङ्घसंस्थाहरूसँग प्रचलित कानुन बमोजिम सम्बन्ध कायम गरी पारस्परिक सहयोगको आदान प्रदान गर्ने उल्लेख छ। त्यस्तै प्रस्तुत ऐनमा भाषा, साहित्य, संस्कृति, कला क्षेत्रमा उल्लेखनीय योगदान दिने व्यक्तिहरूलाई सम्मान पुरस्कारको व्यवस्था गर्ने र नव प्रतिभाहरूको खोजी गरी जगेर्ना गर्ने, प्रोत्साहित गर्ने र विकास गर्ने, प्रदेशका सबै जात जातिका भाषा, लिपि, लोक साहित्य, लोक नृत्य, लोक सङ्गीत, मौलिक संस्कृति र पहिचानको खोजी गर्ने सङ्ग्रह गर्ने, अनुसन्धान गर्ने अभिलेखीकरण गर्ने, श्रव्यदृश्य सामग्री तयार गर्ने संरक्षण र संवर्धन गर्ने, प्रदेशका लोपोन्मुख भाषाहरूको शब्दकोश तथा व्याकरण तयार गर्ने, प्रदेशका सबै भाषा, साहित्य, संस्कृति, कला र पुरातत्त्वको विषयमा अध्ययन अनुसन्धानको लागि विद्वत्वृत्तिको व्यवस्था गर्ने, प्रदेशभित्रका भाषा, साहित्य, कला, संस्कृतिको मौलिकता र विशिष्टतालाई

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा प्रचारप्रसार गर्नेजस्ता महत्त्वपूर्ण प्रावधानहरू समावेश गरिएको छ। यस्तै व्यवस्था प्रदेशमा स्थापना भएका प्रज्ञा प्रतिष्ठानहरूमध्ये गण्डकी प्रदेश प्रज्ञा प्रतिष्ठान ऐन र सुदूरपश्चिम प्रदेश प्रज्ञा-प्रतिष्ठान ऐनले गरेको देखिन्छ।

यसै सम्बन्धमा केही प्रदेशहरुमा सरकारी कामकाजको भाषा सम्बन्धी ऐनहरू जारी गरी कार्यान्यवको चरणमा समेत रहेका छन्।

४.४.१ बागमती प्रदेश सरकारी कामकाजको भाषा ऐन, २०८०

बागमती प्रदेशसभा द्वारा पारित बागमती प्रदेश सरकारी कामकाजको भाषा ऐन, २०८० ले नेपाली भाषासँगै तामाङ र नेपालभाषा नेपालभाषालाई सरकारी कामकाजमा प्रयोग गर्न अनुमति दिएको छ। ऐन पारित भएपछि, प्रदेश र त्यसअन्तर्गतका ११९ स्थानीय तहको नाम, कार्यालयको बोर्ड, अनि लेटरहेड नेपाली, अङ्ग्रेजी, तामाङ र नेपाल भाषामा प्रकाशित गरिने व्यवस्था गरिएको छ। ऐनको उद्देश्य संविधानले बहुसांस्कृतिकता र बहुभाषिकतालाई अंगिकार गरेको पृष्ठभूमिमा, यो ऐन भाषिक विविधतालाई संरक्षण र प्रोत्साहन गर्न बनाइएको हो।

ऐनले प्रदेश विश्वविद्यालय, उच्च शिक्षा संस्थाहरूमा तामाङ र नेपाल भाषाको अध्ययन, अध्यापनको व्यवस्था गर्न सकिने प्रावधान गरेको छ। पत्रपत्रिका र साहित्य प्रकाशनमा अनुदान, प्रोत्साहन र सुविधा दिने व्यवस्था गरिएको छ। भाषा मानकीकरण तथा विकास को पहलहरू अघि बढाउन सकिने व्यवस्था पनि ऐनमा छ। बागमती प्रदेशको यो ऐन भाषिक न्याय र सामाजिक समावेशिताका दृष्टिले ऐतिहासिक उपलब्धिको रूपमा हेरिएको छ।

४.४.२ गण्डकी प्रदेश सरकारी कामकाजको भाषा ऐन, २०८२

गण्डकी प्रदेशसभा द्वारा पारित गण्डकी प्रदेश सरकारी कामकाजको भाषा ऐन, २०८२ अनुसार अब नेपाली भाषाका साथै मगर र गुरुङ भाषाहरू पनि सरकारी कामकाजका भाषाका रूपमा मान्यता प्राप्त भएका छन्। संविधानको धारा ७ (२) अन्तर्गतको अधिकारलाई कार्यान्वयन गर्दै प्रदेश सरकारले यो ऐन ल्याएको हो।

सरकारी कार्यालयहरूमा सार्वजनिक दस्तावेजहरू नेपाली तथा मगर र गुरुङ भाषामा अनुवाद गरी अभिलेख राख्नुपर्ने व्यवस्था गरिएको छ। सेवाग्राहीले मातृभाषामा निवेदन वा कागजात पेश गर्न सक्छन्, र काम सकिएपछि उनीहरूलाई सोही भाषामा दस्तावेज उपलब्ध गराइनुपर्ने व्यवस्था गरिएको छ। प्रदेश सरकार मगर र गुरुङ भाषामा समेत प्रदेश राजपत्र प्रकाशित गर्न सक्ने अनुमति प्रदान गरिएको छ। यी भाषामा उच्च शिक्षासम्म पढाइ, अध्यापनको व्यवस्था गरिने, साथै भाषा संरक्षण, प्रवर्द्धन, मानकीकरणका लागि विशेष कार्यक्रम, अनुसन्धान र विज्ञ समूह गठन गर्न सकिने व्यवस्था गरिएको छ। सरकारी कार्यालयमा एउटा मात्र भाषा प्रयोग गरेमा भेदभाव, बहिष्कार वा अपमानजन्य व्यवहार गरिने छैन र गरिएमा कानुनी कारबाही गरिने व्यवस्था थपिएको छ।

ऐनले कार्यविधि, नियमावली, प्रयोगशाला उपकरण र भाषा अनुवाद प्रविधि अपनाउनुपर्ने व्यवस्था गरेको छ। प्रशिक्षण, सन्दर्भ ग्रन्थ निर्माण, भाषा सर्वेक्षण र प्रकाशन सहयोग गर्ने, भाषा विकास प्रतिष्ठान स्थापना र स्थानीय तहलाई प्रशिक्षण दिनेजस्ता कानुनी प्रावधानहरू कार्यान्वयन हुनुपर्ने व्यवस्था गरिएको छ। भाषा आयोगले यी भाषालाई प्रदेशको सरकारी कामकाजमा प्रयोग गर्ने सिफारिस गरेको थियो। ऐनले भाषिक न्याय, पहुँच, समावेशिता र सांस्कृतिक पहिचानलाई सुनिश्चित गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्ने अपेक्षा गरिएको छ।

४.५ स्थानीय तहमा भाषा सम्बन्धी भएका व्यवस्था र कानुनहरू

स्थानीय तहबाट तर्जुमा भएका शिक्षासम्बन्धी कानुनी व्यवस्थाहरूको अध्ययन गर्दा स्थानीय तहहरूले विशेषतः मातृभाषामा शिक्षा, विद्यालयमा शिक्षाको माध्यम, आधारभूत तहसम्म मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति तथा स्वीकृतिसम्बन्धी प्रक्रिया, दुवै भाषामा शिक्षा, बहुभाषी विद्यालयमा भाषिक बहुलताका आधारमा भाषिक स्थानान्तरण, स्थानीय भाषा, संस्कृति, परम्परा र व्यवसायसम्बन्धी क्षेत्र पहिचान बमोजिमको पाठ्यक्रम प्रारूप, पाठ्यक्रम संरचनाअनुसारको स्थानीय विषय, मातृभाषा र धार्मिक शिक्षाको पाठ्यक्रम तथा पाठ्यसामग्रीजस्ता विषयहरू समावेश गरी स्थानीय ऐन, नियम तथा नीति तर्जुमा गरेको देखिन्छ। यसका साथै कुनै पनि धर्म, सम्प्रदाय, जातजाति, लिङ्ग, भाषा, वर्ग, क्षेत्र वा सम्प्रदायको आधारमा घृणा वा द्वेष उत्पन्न हुने कुनै क्रियाकलाप गर्न नहुने

विषयमा पनि स्थानीय तहमा आचार संहिता निर्माण गरेको पाईन्छ। स्थानीय मातृभाषाका पुस्तकहरू पनि आवश्यकताअनुसार राख्नुपर्ने कुरालाई पनि स्थानीय कानुनमा जोड दिएको देखिन्छ। मधेश प्रदेश, लहान नगरपालिका, सिराहाको आधारभूत तथा माध्यमिक शिक्षा ऐन, २०७५ को दफा ३७ अन्तर्गत आधारभूत तहको कक्षा १ देखि ५ सम्म मातृभाषामा शिक्षा दिन सकिने र मातृभाषाको प्रवर्धनका लागि नगरपालिकाले विशेष अनुदानको व्यवस्था गर्न सक्ने प्रावधानसमेत उल्लेख गरिएको छ। यसै गरी विभिन्न पालिकाहरूले शिक्षा ऐन, नियम बनाई शिक्षाको माध्यम भाषाका सम्बन्धमा व्यवस्था गरेका छन्।

भाषासम्बन्धी नीति तथा ऐन कानुनको पनि व्यवस्था केही स्थानीय पालिकाहरूले गरेको पाइन्छ। भाषा, संस्कृति र कलाको संरक्षण गर्दै साहित्य र ललितकलाको संवर्धन र विकासलाई अझ मर्यादित र व्यवस्थित गर्न वाञ्छनीय भएकोले खिजीदेम्बा गाउँपालिकाले खिजीदेम्बा भाषिक तथा सांस्कृतिक सङ्ग्रहालय ऐन, २०७९ बनाएको छ। भाषा, साहित्य, संस्कृति र कलाको संरक्षण गर्ने, परम्परागत वस्तुको सरक्षण संवर्द्धन गर्ने, ऐतिहासिक वस्तुको सरक्षण गर्ने जस्ता उद्देश्यहरू उल्लेख गरिएको छ। यसै गरी समितिको काम, कर्तव्य, र अधिकारमा समितिले सङ्ग्रहालयको विकासका लागि योजना बनाउने, आर्थिक स्रोतको व्यवस्था गर्ने, सङ्ग्रहालयको गुणस्तर सुधार गर्ने, कलाकृतिहरूको संरक्षण तथा अनुसन्धान गर्ने, पर्यटकीय आकर्षण बढाउने, कर्मचारी तालिमको व्यवस्था गर्ने, प्रवेश शुल्क निर्धारण गर्ने, र अन्य आवश्यक कार्यहरू गर्ने जिम्मेवारी उल्लेख गरिएको छ।

यसैगरी मरिन गाउँपालिका सिन्धुलीको भाषा संरक्षण र विकाससम्बन्धी अन्य कार्य गर्ने संवैधानिक तथा संवैधानिक कानुनी व्यवस्था भएअनुसार स्थानीय तहका लागि स्थानीय तह भाषा संरक्षण र विकास नीति, २०७७ तयार गरी कार्यान्वयन गरिएको पाइन्छ। त्यसैगरी यसका उद्देश्यहरूमा सरकारी कामकाजमा स्थानीय तहमा बोलिने भाषाहरूको प्रयोग गर्ने, मातृभाषाहरूको संरक्षण तथा विकासका कार्यहरू सञ्चालन गर्ने, विद्यालयमा शिक्षा मातृभाषामा पाउने व्यवस्था गर्ने, मातृभाषाहरूको अध्ययन अनुसन्धान गरी प्रयोग सम्भाव्यताको खोजी गर्ने, भाषालाई सूचना र प्रविधिसँग आबद्ध गरी भाषिक

यान्त्रिकीकरण गर्ने, स्थानीय तहमा भाषिक अधिकारका लागि संयन्त्र स्थापना गर्ने उल्लेख गरिएको छ। नेपाली भाषासँगै स्थानीय तहले बहुसङ्ख्यक जनताले बोल्ने भाषालाई कानुनी रूपले सरकारी कामकाजको भाषाका रूपमा प्रयोग गर्न सक्ने भनिएको छ। स्थानीय सरकारले बहुभाषिक नीति अपनाउने र मातृभाषा कक्ष वा डेस्कको व्यवस्था गर्ने योजना गरिएको छ। साथै अन्तर्राष्ट्रिय भाषा दिवसलाई स्थानीय सरकारले कार्यक्रमसहित मनाउने व्यवस्था गरेको पाइन्छ। अल्पसङ्ख्यक भाषाहरूको पुस्तान्तरण, लोपोन्मुख भाषाहरूको संरक्षण र भाषाको अभिलेखीकरणको महत्त्वलाई जोड दिँदै स्थानीय तहमा भाषा संरक्षण र विकासका लागि विभिन्न पहलहरूको सुझाव दिइएको छ। साथै मातृभाषा कक्षा सञ्चालन र भाषा संरक्षणमा सङ्घसंस्थाहरूसँग सहकार्य गर्ने योजना पनि समावेश छ।

मुलुकका केही नगरपालिका तथा गाउँपालिकाहरूमा पालिका तहमा प्रज्ञा प्रतिष्ठान गठन गरी भाषासम्बन्धी कार्यहरू भएको देखिन्छ। यस क्रममा बागमती प्रदेश, काभ्रेपलाञ्चोक जिल्लाको मण्डनदेउपुर नगरपालिका, मण्डनदेउपुर प्रज्ञा प्रतिष्ठान (योजना, विकास एवम् भाषा,कला/संस्कृति) ऐन, २०७९ को दफा ५ मा नगरको योजना, विकास तथा भाषा, साहित्य र कला संस्कृतिको अध्ययन अनुसन्धान, संरक्षण, संवर्धन र विकासका लागि कार्यक्रम सञ्चालन गर्ने, नगरमा भाषिक सांस्कृतिक सङ्ग्रहालय स्थापना, सञ्चालन र व्यवस्थापन गर्ने, योजना, विकास, प्रशासन तथा भाषा, साहित्य, संस्कृति, समाजशास्त्र, दर्शनशास्त्र आदि विषयको खोज, अनुसन्धान अन्वेषण गर्न लेखनवृत्ति प्रदान गर्ने, विश्वविद्यालयहरू र स्थानीय महाविद्यालयहरूसित सहकार्य गरी स्नातकोत्तर तहका विद्यार्थीहरूलाई योजना, विकास तथा भाषा, कला, साहित्य, संस्कृतिसँग सम्बन्धित विषयमा शोध कार्यका लागि प्रोत्साहन गर्ने तथा लोपोन्मुख भाषा संस्कृतिको संरक्षण गर्ने तथा स्थानीय कलाको संरक्षण र संवर्धन गर्नेजस्ता महत्त्वपूर्ण प्रावधानहरूमार्फत् भाषाको संरक्षणको व्यवस्था गरिएको छ।

यस्तै पोखरा प्रज्ञा प्रतिष्ठान ऐन, २०७६ को प्रस्तावनामा पोखरा महानगरका भाषा साहित्य, संस्कृति, ललितकला, नाट्यकला, सङ्गीतको अध्ययन, अनुसन्धान गरी संरक्षण एवम् संवर्धन गर्नका लागि पोखरा महानगरपालिकामा प्रज्ञा प्रतिष्ठानको स्थापना र

सञ्चालन गर्न वाञ्छनीय भएको भनिएको छ। यसको काम, कर्तव्य र अधिकारमा पोखरा महानगर क्षेत्रभित्र भाषा, साहित्य, संस्कृति, ललितकला, नाट्यकला, सङ्गितको संरक्षण, संवर्धन र विकास गर्न, सम्बन्धित सामग्रीको सङ्कलन, अध्ययन, अनुसन्धान गरी कृति प्रकाशन गर्न गराउन, प्रादेशिक, राष्ट्रिय, अन्तर्राष्ट्रिय गोष्ठी, सम्मेलन, साहित्य महोत्सव, मञ्चन, प्रदर्शनी तथा प्रतियोगिता आयोजना गर्न, भाषा लगायतका अन्य विधासँग प्रदेशदेखि अन्तर्राष्ट्रिय सङ्घसंस्थाससँग कानुनबमोजिम सम्बन्ध कायम गरी पारस्परिक सहयोगको आदानप्रदान गर्न, भाषासँग सम्बन्धित ग्रन्थ र सामग्री प्रकाशित गर्ने तथ महानगरभित्रका भाषा लगायतका विधाको संरक्षण, संवर्धन र विकास गर्नका लागि प्रज्ञा प्रतिष्ठानको स्थापना भएको भनिएको छ।

त्यस्तै सोही किसिमको प्रवाधानहरूसहित भरतपुर महानगरपालिकाले प्रज्ञा प्रतिष्ष्ठान ऐन, २०७८, दमक नगरपालिकाले प्रज्ञा प्रतिष्ठान नियमावली, २०७७, बर्दघाटले प्रज्ञा प्रतिष्ठान ऐन, २०७६, खजुरा गाउँपालिकाले प्रज्ञा प्रतिष्ठान ऐन, २०७९, व्यास नगर प्रज्ञा प्रतिष्ठान ऐन, २०७८, पुतलीबजार नगर प्रज्ञा प्रतिष्ठान ऐन २०८०, लालबन्दी नगर वाङमय परिषद् ऐन, २०७७ जारी भएको देखिन्छ।

४.६ अन्तराष्ट्रिय कानुनमा भाषा

नेपाल पक्ष राष्ट्र भएका विभिन्न अन्तरराष्ट्रिय सन्धि तथा महासन्धिहरूमा भाषिक अधिकारसम्बन्धी कानुनी प्रावधानहरू समावेश भएको पाइन्छ। सांस्कृतिक अधिकारका रूपमा भाषिक अधिकार, नागरिक तथा राजनैतिक अधिकार प्रासिको माध्यमको पूरक भूमिका रहने भाषासम्बन्धी अधिकार, अल्पसङ्ख्यक तथा अपाङ्गता भएका वर्गको पहिचानको अधिकार तथा शिक्षाको माध्यमका रूपमा भाषिक अधिकारहरू संयुक्त राष्ट्रसङ्घ, तिनका विशिष्टीकृत संस्था/निकाय एवम् विभिन्न मञ्चका घोषणापत्र, सन्धि, प्रतिज्ञापत्र एवम् तिनको व्याख्याहरूबाट भएको देखिन्छ।

मानवअधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा २ मा "जाति, वर्ण, लिङ्ग, भाषा, धर्म, राजनैतिक वा अन्य विचारधारा, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म वा अन्य कुनै हैसियत जस्ता कुनै पनि आधारमा कुनै पनि किसिमको भेदभावबिना प्रत्येक व्यक्तिलाई यस घोषणापत्रमा उल्लिखित अधिकार र स्वतन्त्रताहरूको अधिकार हुनेछ..."

भनी उल्लेख छ। यस्तै घोषणापत्रका सांस्कृतिक अधिकार, विचार अभिव्यक्तिको स्वतन्त्रता तथा शिक्षाको अधिकार विषय पनि भाषा अन्तर्सम्बन्धित देखिन्छन्।

नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ को धारा २ को उपधारा १ मा पक्ष राष्ट्रहरूले आफ्ना इलाका तथा क्षेत्राधिकारभित्र रहेका सबै व्यक्तिहरूलाई भाषाको आधारमा कुनै पनि प्रकारको भेदभावबिना स्वीकृत अधिकारहरूको सम्मान र सुनिश्चितता प्रदान गर्ने र धारा १४ को उपधारा ३ (च) मा अदालतमा प्रयोग गरिने भाषा बुझ्न वा बोल्न नसक्ने भएमा दोभासेको निःशुल्क सेवा पाउने अधिकार सुनिश्चित गरिएको छ। यस प्रतिज्ञापत्रमा फौजदारी न्याय, अभिव्यक्ति स्वतन्त्रता, गोपनीयता, पहिचान रक्षा, अधिकार उपयोगका विषयमा भाषिक आधारमा विभेद गर्न नहुने व्यवस्था गरिएको छ।

त्यस्तै गरी आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ ले समेत भाषिक आधारमा हुने भेदभावलाई अन्त्य गर्नु पर्ने व्यवस्था गरेको छ। सांस्कृतिक अधिकार तथा शिक्षाको अधिकारसँग जोडिने भाषिक अधिकारका विषयलाई समेटेको छ। बाल अधिकारसम्बन्धी महासन्धि, १९८९ ले कुनै पनि बालबालिका वा व्यक्तिलाई भाषाका आधारमा भेदभाव गर्न नहुने, अल्पसङ्ख्यक समूहका बालबालिका वा आदिवासी बालबालिकाको भाषिक आवश्यकतालाई विशेष ध्यान दिन आम सञ्चार माध्यमलाई प्रोत्साहन दिने विषयलाई विशेष महत्त्व दिएको छ। यसका साथै पक्ष राष्ट्रहरूले बालबालिकाको शिक्षासम्बन्धी अधिकार प्रचलन गर्दा निजको भाषा र मूल्यमान्यताहरू प्रति विशेष ध्यान दिनुपर्ने कुरामा जोड दिएको छ। कुनै पनि भाषिक अल्पसङ्ख्यकहरू तथा आदिवासी बालबालिकालाई आफ्नो संस्कृति, धर्म तथा भाषाको प्रयोग गर्ने अधिकारबाट बञ्चित नगरिने र प्रयोग गरिएको भाषा बालबालिकाले बोल्न तथा बुझ्न नसक्ने भएमा दोभासेको निःशुल्क सहयोग पनि सुनिश्चित गर्नुपर्ने व्यवस्था यस महासन्धिले गरेको छ। बालबालिकाको नागरिक तथा राजनैतिक अधिकारका साथै सामाजिक तथा सांस्कृतिक अधिकार प्रचलन गर्न भाषिक अधिकार यसमा उल्लेख गरिएको छ।

यसैगरी भाषा तथा संस्कृतिसम्बन्धी अधिकार सुनिश्चित गर्दै आदिवासी तथा जनजातिसम्बन्धी महासन्धि, १९८९ ले धारा २८ को उपधारा (१) मा बालबालिकालाई निजहरूको आफनै मातृभाषा वा निजहरूको समूहबाट सबभन्दा बढी बोलिने भाषामा पढ्न र लेख्न सिकाइने र यो व्यावहारिक नभएमा, सक्षम अधिकारीहरूले यो उद्देश्य हासिल गर्ने उपायहरू अपनाउने अभिप्रायले यस्ता जनतासँग परामर्श गर्नुपर्ने प्रावधान उल्लेख गरेको छ। त्यस्तै उपधारा (२) मा जनतालाई मुलुकको राष्ट्रिय भाषा वा मुलुकको कुनै एक औपचारिक भाषामा सहज ढङ्गले बोल्न अवसर प्राप्त भएको कुरा सुनिश्चित गर्न पर्याप्त उपायहरू अपनाइने र उपधारा (३) मा जनताका मातृभाषाको संरक्षण, विकास र अभ्यास तथा प्रवर्धन गर्ने उपायहरू अपनाइने उल्लेख छ। मूलतः संस्कृति, सञ्चार, सेवा प्रवाह, शिक्षा तथा पहिचानसम्बद्ध भाषिक विषय महासन्धिले समेटेको देखिन्छ।

यस्तै, बसाइ सरी आएका कामदार र तिनको परिवारको अधिकार संरक्षणसम्बन्धी अन्तरराष्ट्रिय महासन्धि, १९९० मा पहिचान, न्यायिक तथा शैक्षिक पक्षमा भाषासम्बन्धी व्यवस्था गरेको देखिन्छ। जातीय, धार्मिक एवम् भाषिक अल्पसङ्ख्यक व्यक्तिहरूको अधिकारसम्बन्धी घोषणापत्र १९९२ मा भाषिक पहिचान, प्रयोग तथा मातृभाषामा शिक्षाका विषय समावेश भएको देखिन्छ। यस्तै सन् १९६६ मा भाषिक अधिकारको विश्वव्यापी घोषणापत्र जारी भई भाषिक अधिकारका विविध आयामहरूलाई समेटेको देखिन्छ।

अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि, २००६ को धारा ९ उपधारा (१) को खण्ड (ङ) मा सुविधाहरूको पहुँचमा सहजता प्रदान गर्न पथ प्रदर्शक, वाचक तथा व्यावसायिक साङ्केतिक भाषा अनुवादक लगायत प्रत्यक्ष सहयोग तथा सहयोगीहरू उपलब्ध गराउने र धारा २१ मा अपाङ्गता भएका व्यक्तिहरूले कार्यालयीय अन्तरक्रियाहरूमा आफूले रोजेको साङ्केतिक भाषा, ब्रेल, प्रवर्धनात्मक वैकल्पिक सञ्चार एवम् सञ्चारका अरु सबै प्रकारका पहुँचयोग्य साधन, तरिका र ढाँचा प्रयोग गर्न पाउने कुरालाई स्वीकार गरेर एवम् त्यस्तो प्रयोगलाई सहज बनाउने र साङ्केतिक भाषाको प्रयोगलाई मान्यता दिने तथा प्रवर्धन गर्नेलगायत व्यवस्था भएको

देखिन्छ। पहिचान, सञ्चार, विचार अभिव्यक्ति एवम् शिक्षासम्बद्ध भाषिक अधिकार मूलतः यसमा समेटिएका छन्।

यस्तै आदिवासीको अधिकारसम्बन्धी संयुक्त राष्ट्र सङ्घको घोषणापत्र, २००७ मा नागरिक तथा राजनैतिक एवम् सामाजिक तथा सांस्कृतिक अधिकारका विभिन्न आयामहरूमा भाषा विषयको अधिकार समेटिएका छन्। मार्गदर्शक सिद्धान्त, बाध्यात्मक प्रावधान वा व्याख्याका रूपमा यिनका अतिरिक्त विभिन्न अन्तर्राष्ट्रिय कानुनमा भाषासम्बन्धी विषयले स्थान पाएका छन्। त्यसैगरी अन्तर्राष्ट्रिय आदिवासी भाषा दशक (२०२२-२०३२) मनाउन विश्व विभिन्न मुलुकहरूले राष्ट्रिय कार्ययोजना बनाई कार्यान्वयन भइरहेको छ। यसै सिलसिलामा नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले आदिवासी जनजाति आयोग, भाषा आयोग र युनेस्को नेपालको सहकार्यामा नेपालका लागि राष्ट्रिय कार्ययोजना तयार पारी नेपाल सरकारसमक्ष स्वीकृतिका लागि पेस भएको अवस्था छ।

परिच्छेद : पाँचौं

आयोगको आ.व. २०८१/८२ को विनियोजित बजेट, निकासा तथा खर्च विवरण र स्रोतसाधन उपयोगको अवस्था

भाषा आयोगको आर्थिक वर्ष २०८१/८२ को विनियोजित बजेट, निकासा तथा खर्चको विवरण र स्रोतसाधनको उपयोगका सम्बन्धमा भए गरेका कार्यहरूको विवरण निम्नानुसार छः

५.१ विनियोजित बजेट, निकासा र खर्च विवरण

आर्थिक वर्ष २०८१/८२ मा भाषा आयोगका लागि पूँजीगत खर्च रु.१०,२०,०००.०० मध्ये खर्च रु.९,३६,४९४.०० र चालु खर्च शीर्षकअन्तर्गत रु. ५,६९,३५,०००.०० विनियोजित रकम मध्ये रु. ५,२०,११,३०७.५१ निकासा भई खर्च भएको छ भने अर्थ बजेट तर्फ रु. ३३,६२,७५१.०० निकासा भई सोहीबमोजिमको रकम खर्च भएको छ। उक्त विनियोजित रकम खर्च गर्ने क्रममा मौजुदा आर्थिक ऐन, नियमावली, कार्यविधि तथा स्वीकृत कार्यकम तथा खर्चका आधारहरूको परिपालना गरिएको छ। आयोगका लागि विनियोजित बजेट, खर्चका साथै बाँकी रकमको विस्तृत विवरण तलको तालिका तथा चित्रमा देखाइएको छ।

तालिका १६
वार्षिक बजेट, थप निकासा र खर्च रकम

क्र.सं.	खर्च संकेत नम्बर/कार्यक्रम	वार्षिक बजेट आ.व. २०८१/०८२		खर्च बजेट आ.व. २०८१/०८२		बाँकी बजेट आ.व. २०८१/०८२	
		पूँजीगत	चालु	पूँजीगत	चालु	पूँजीगत	चालु
१	विनियोजित रकम	ब.उ.शी.नं. ३२५२१०११४	ब.उ.शी.नं. ३२५२१०११३	ब.उ.शी.नं. ३२५२१०११४	ब.उ.शी.नं. ३२५२१०११३	ब.उ.शी.नं. ३२५२१०११४	ब.उ.शी.नं. ३२५२१०११३
		१,०२०,०००.००	**५,६९,३५,०००**	**९३६४९४.००**	**५२०११३०७.५१**	**८३,५०६.००**	**६,७००,०९९.४९**

क्र.सं.	खर्च संकेत नम्बर/कार्यक्रम	थप निकासा आ.व. २०८१/०८२	खर्च आ.व. २०८१/८२	बाँकी आ.व. २०८१/०८२
१	अर्थ बजेट सेवा निवृत्त औषधी उपचार (ब.उ.शी.नं. ६०१०००१६३)	१,५२५,५६४.००	१,५२५,५६४.००	-
२	अर्थ बजेट सेवा निवृत्तको सञ्चित विदा (ब.उ.शी.नं. ६०१०००१३३)	१,८३७,१८७.००	१,८३७,१८७.००	-
३	२.३.१.२ हलुका सवारी साधन मर्मत खर्च	१,६६,०००.००	१,६६,०००.००	-
४	७.३.४.१ सेवा निवृत्त पदाधिकारीको उपदान	१,७१,८६१.००	१,७१,८६१.००	-
५	७.३.६.२ पदाधिकारीहरूको सञ्चित विदा	७,००,१७७.००	७,००,१७७.००	-
६	७.३.८.१ सेवा निवृत्त पदाधिकारीको औषधी उपचार	७,३८,३६९.००	७,३८,३६९.००	-
जम्मा		**३३,६२,७५१.००**	**३३,६२,७५१.००**	

चित्र १

आ.व. २०८१/८२ को वार्षिक बजेट, खर्च बजेट र बाँकी बजेटको स्तम्भचित्र



५.१.१ पूँजीगत खर्च अन्तर्गतका कार्यक्रमहरूको प्रगति विवरण

आ.व. २०८१/८२ मा भाषा आयोगको पूँजीगत खर्च शीर्षकअन्तर्गत रु १,०२०,००० (अक्षरेपी दस लाख बीस हजार मात्र) विनियोजन भएको थियो। विनियोजित रकमबाट कार्यालयको लागि आवश्यक थ्री इन वान प्रिन्टर (प्रिन्टर/स्क्यानर र फोटोकपी), स्टिल र्‍याक, स्टिल दराज, कलर प्रिन्टर, एच.डी.डी (Hard Disk Drive), कुर्सी, टेबुल र्‍याक खरिद कार्य भएका छन्। पूँजीगत खर्चको विस्तृत कार्यक्रमहरूको प्रगति विवरण निम्न तालिकामा दिइएको छ।

तालिका १७

पूँजीगत खर्चअन्तर्गतका कार्यक्रमहरूको विवरण

क्र.स.	कार्यकलाप	विस्तृत विवरण
१	थ्री इनवान प्रिन्टर (प्रिन्टर/स्क्यानर र फोटोकपी)	२ थान
२	स्टिल र्‍याक	१ वटा
३	स्टिल दराज	२ वटा
४	कलर प्रिन्टर	१ वटा
५	एच.डी.डी (Hard Disk Drive)	५ वटा
६	कुर्सी	५० वटा
७	टेबुल र्‍याक	२ वटा

तालिका १८

आ.व.२०८१।८२ पूँजीगत खर्च अन्तर्गतको वार्षिक प्रगति विवरण

क्र.सं.	खर्च संकेत नम्बर/कार्यक्रम	चालु आ.व. २०८१/८२ को स्वीकृत बजेट रु.	यस अवधिको निकासा रु.	यस अवधिको खर्च रु.	वार्षिक प्रगति प्रतिशतमा	बाँकी बजेट
१	११.३.२२.२३ श्री इन वान प्रिन्टर (प्रिन्टर/स्क्यानर र फोटोकपी)	१,८०,०००.००	१,६३,८५०.००	१,६३,८५०.००	९१.०३	१६,१५०.००
२	११.३.७.११ पोर्टेबल हार्डडिस्क खरिद	६०,०००.००	५९,८९०.०	५९,८९०.०	९९.८२	११०.००
३	११.३.७.४ कम्प्युटर	३,६०,०००.००	३,४६,६२०.००	३,४६,६२०.००	९६.२८	१३,३८०.००
४	११.६.१३.१२ कार्यालयको लागि फर्निचर तथा फिक्चर्स	३,००,०००.००	२,९८,३२०.००	२,९८,३२०.००	९९.४४	१,६८०.००
५	११.६.१३.१८ स्टील बुककेस	१,२०,०००.००	६७,८१४.००	६७,८१४.००	५६.५१	५२,१८६.००
	जम्मा	**१,०२०,०००.००**	**९३६,४९४.००**	**९३६,४९४.००**	**९१.८१**	**८३,५०६.००**

चित्र २

आ.व.०७९/०८० को पूँजीगत खर्चको वृत्तचित्र



उल्लिखित वृत्तचित्रमा आ.व. २०८१/८२ मा आयोगको पूँजीगत खर्च ९१.८१% भएको छ भने ८.१९% मात्र खर्च हुन नसकेको देखिन्छ।

५.१.२ चालु खर्चको कार्यक्रमको विवरण

आ.व. २०८१/८२ मा भाषा आयोगको चालु खर्च शीर्षकअन्तर्गत र रु. ५,६९,३५,०००.०० (अक्षरेपी पाँच करोड उनान्सत्तरी लाख पैतिस हजार मात्र) विनियोजन भएको थियो। चालु खर्चअन्तर्गत पारिश्रमिक पदाधिकारी बापतको खर्च, पारिश्रमिक कर्मचारी बापतको खर्च, कार्यक्रम खर्च र कार्यालय व्यवस्थापनसम्बन्धी खर्च पर्दछन्। पारिश्रमिक पदाधिकारीअन्तर्गत आयोगका अध्यक्ष तथा सदस्यको पारिश्रमिक, सुविधा, पारिश्रमिक कर्मचारीअन्तर्गत आयोगमा कार्यरत कर्मचारीहरूको तलब, महङ्गी भत्ता तथा अन्य भत्ता र निजामती कर्मचारीका लागि पोशाकसम्बन्धी खर्च व्यवस्था गरिएको छ। कार्यक्रम खर्चमा भाषा आयोगले संवैधानिक दायित्व पूरा गर्न सञ्चालन गर्ने कार्यक्रमहरू पर्दछन्। उक्त कार्यक्रमअन्तर्गत आ. व. २०८१/८२ मा सरकारी कामकाजमा भाषा प्रयोगको सहजीकरण, वक्ता सङ्ख्या कम भएका तथा अन्य भाषाको

संरक्षण, संवर्धन तथा अभिलेखीकरण, अन्तर भाषा प्रविधिको विकास, भाषिक कार्यसम्पादन परीक्षण, शिक्षामा मातृभाषाको प्रयोग सम्भाव्यता अध्ययन, भाषिक सिप लगायत क्षमता विकास कार्यक्रम, आयोग स्थापना दिवस, मातृभाषा दिवस, वार्षिक प्रतिवेदन तयारी आदि कार्यक्रमहरू सम्पन्न भएका छन्। कार्यालय व्यवस्थापन क्रियाकलापअन्तर्गत कार्यालय प्रयोजनका लागि पानी, बिजुली, सञ्चार, इन्टरनेट, टेलिफोन, घरभाडा, आयोगका अध्यक्ष, सदस्य, सचिव र कार्यालय प्रयोजनका लागि सवारी साधनमा इन्धन, सञ्चालन तथा मर्मत सम्भार, बिमा, कार्यालयसम्बन्धी खर्च, पुस्तक खरिद र कार्यालयका लागि आवश्यक व्यक्ति करार गरी कार्यालय व्यवस्थापन गरिएको छ। आयोगका लागि आ.व. २०८१/८२ मा चालु खर्चतर्फ प्राप्त बजेट र कार्यक्रमसम्बन्धी प्रगति विवरण निम्न तालिकामा प्रस्तुत गरिएको छ:

तालिका १९
आ.व.२०८१/०८२ चालु खर्चअन्तर्गतको वार्षिक प्रगति विवरण

क्र.सं.	खर्च संकेत नम्बर/कार्यक्रम	चालु आ.व. २०८१/०८२ को स्वीकृत बजेट रु.	यस अवधिको निकासा रु.	यस अवधिको खर्च रु.	वार्षिक प्रगति प्रतिशतमा	बाँकी बजेट
१	१.१.१.३ रा.प. प्रथम	९९५,०००.००	०.००	०.००		९९५,०००.००
२	१.१.१.३८ रा.प.तृ (कानून अधिकृत)	७८६,०००.००	६११,६२८.००	६११,६२८.००	७७.८१५	१७४,३७२.००
३	१.१.१.५७ रा.प. द्वितीय (शिक्षा प्रशासन)	४,६१५,०००.००	३,११६,४३६.७०	३,११६,४३६.७०	६७.५२८	१,४९८,५६३.३०
४	१.१.१.५८ रा.प.तृतीय (शिक्षा प्रशासन)	२,४८२,०००.००	२,१७२,५४०.२०	२,१७२,५४०.२०	८७.५३२	३०९,४५९.८०
५	१.१.१.५९ रा.प.द्वितीय उपसचिव प्रशासन	८७७,०००.००	८६९,५१५.४०	८६९,५१५.४०	९९.१४७	७,४८४.६०
६	१.१.१.६० रा.प.तृतीय शाखा अधिकृत प्रशासन	३,१४४,०००.००	२,८१४,९७८.६६	२,८१४,९७८.६६	८९.५३५	३२९,०२१.३४
७	१.१.१.६१ रा.प.अनं. प्रथम ना.सु.सरह	११,८३७,०००.००	११,२८०,४५७.८०	११,२८०,४५७.८०	९५.२९८	५५६,५४२.२०
८	१.१.१.६४ रा.प.तृतीय विविध (क. इन्जिनियर)	७८६,०००.००	२३१,६८८.३०	२३१,६८८.३०	२९.४७७	५५४,३११.७०
९	१.१.७.१ अध्यक्ष	१,१४७,०००.००	१,१४६,०३९.४०	१,१४६,०३९.४०	९९.९१६	९६०.६०
१०	१.१.७.२ सदस्य	७,५९३,०००.००	६,९७०,७१०.८०	६,९७०,७१०.८०	९१.८०४	६२२,२८९.२०
११	१.२.२.१ स्थायी कर्मचारीको महङ्गी भत्ता	८१६,०००.००	७१७,०६६.६६	७१७,०६६.६६	८७.८७६	९८,९३३.३४
१२	१.२.८.१ प्रसुती स्याहार भत्ता	२५,०००.००	५,०००.००	५,०००.००	२०.००	२०,०००.००
१३	१.२.९.५ प्राचीन स्मारक संरक्षण सहयोग समिति, प्राविधिक समिति, र समन्वयात्मक कार्य सञ्चालन समितिको	१००,०००.००	१००,०००.००	१००,०००.००	१००.००	०.००
१४	१.३.१.१ निजामती कर्मचारीहरूको पोशाक खर्च	३४०,०००.००	२९०,०००.००	२९०,०००.००	८५.२९४	५०,०००.००
१५	१.६.२.१ योगदानमा आधारित निवृत्तभरण	१००,०००.००	३०,९७९.६८	३०,९७९.६८	३०.९८	६९,०२०.३२

क्र.सं.	खर्च संकेत नम्बर/कार्यक्रम	चालु आ.व. २०८१/०८२ को स्वीकृत बजेट रु.	यस अवधिको निकासा रु.	यस अवधिको खर्च रु.	वार्षिक प्रगति प्रतिशतमा	बाँकी बजेट
	खर्च					
१६	१.६.४.१ बीमा कोष खर्च	२००,०००.००	१४४,०००.००	१४४,०००.००	७२.००	५६,०००.००
१७	२.१.१.१ धाराको महसुल	५६,०००.००	५०,०००.००	५०,०००.००	८९.२८६	६,०००.००
१८	२.१.१०.२ इन्टरनेट सेवा जडान खर्च	२०,०००.००	०.००	०.००	०.००	२०,०००.००
१९	२.१.११.४ सञ्चार तथा आवास मर्मतलगायत आवश्यक रकम	३८०,०००.००	३१९,९२०.००	३१९,९२०.००	८४.१८९	६०,०८०.००
२०	२.१.२.१ बिद्युत महशुल	२४०,०००.००	२४०,०००.००	२४०,०००.००	१००.००	०.००
२१	२.१.३.१ जारको पिउने पानी	१००,०००.००	९५,२०२.००	९५,२०२.००	९५.२०२	४,७९८.००
२२	२.१.३.२ ट्याङ्करको पानी	१००,०००.००	८५,५००.००	८५,५००.००	८५.५०	१४,५००.००
२३	२.१.३.३ मिनिरल वाटर	५०,०००.००	४९,३६७.००	४९,३६७.००	९८.७३४	६३३.००
२४	२.१.६.१ टेलिफोन महसुल	६०,०००.००	५१,५००.००	५१,५००.००	८५.८३३	८,५००.००
२५	२.१.७.१ ईमेल/ इन्टरनेट/वेबसाइट महसुल	२४०,०००.००	१५३,२२०.००	१५३,२२०.००	६३.८४२	८६,७८०.००
२६	२.२.१.१ पेट्रोल- चार पाङ्ग्रे	१,८३६,०००.००	१,५५१,४३८.००	१,५५१,४३८.००	८४.५०१	२८४,५६२.००
२७	२.२.१.४ मोबिल	१७५,०००.००	१४९,६५१.००	१४९,६५१.००	८५.५१५	२५,३४९.००
२८	२.२.२.१ पेट्रोल- चार पाङ्ग्रे	४०२,०००.००	४०१,७०९.२६	४०१,७०९.२६	९९.९२८	२९०.७४
२९	२.२.२.१३ रा.प.प्रथम श्रेणी(गाडी)	१९९,०००.००	१९८,३९०.३३	१९८,३९०.३३	९९.६९४	६०९.६७
३०	२.२.२.२ पेट्रोल- दुई पाङ्ग्रे	२००,०००.००	१९९,१४०.५२	१९९,१४०.५२	९९.५७	८५९.४८
३१	२.२.२.४ मोबिल	१५०,०००.००	१४५,८१८.७३	१४५,८१८.७३	९७.२१२	४,१८१.२७
३२	२.२.२.५ ग्यास	४०,०००.००	२४,०६०.००	२४,०६०.००	६०.१५	१५,९४०.००
३३	२.३.१.२ हलुका सवारी साधन मर्मत खर्च	४००,०००.००	५६४,५०३.००	५६४,५०३.००	१४१.१२६	१,४९७.००
३४	२.३.१.३ दुई पाङ्ग्रे सवारी साधन मर्मत खर्च	१३५,०००.००	१३५,०००.००	१३५,०००.००	१००.००	०.००

क्र.सं.	खर्च संकेत नम्बर/कार्यक्रम	चालु आ.व. २०८१/०८२ को स्वीकृत बजेट रु.	यस अवधिको निकासा रु.	यस अवधिको खर्च रु.	वार्षिक प्रगति प्रतिशतमा	बाँकी बजेट
३५	२.३.१४.१ कार्यालयमा रहेका फर्निचरहरुको मर्मत गर्ने	१००,०००.००	९९,९५९.००	९९,९५९.००	९९.९५९	४१.००
३६	२.३.२.१० मर्मत तथा सञ्चालन खर्च	५०,०००.००	४५,४९४.००	४५,४९४.००	९०.९८८	४,५०६.००
३७	२.३.२.१२ फोटोकपी/स्क्यानर/प्रोजेक्टर/सि.सि.टिभी मर्मत	६०,०००.००	५९,८९५.००	५९,८९५.००	९९.८२५	१०५.००
३८	२.३.२.९ कम्प्युटर/ल्यापटप/प्रिन्टर/क्र मर्मत खर्च	१९८,०००.००	१९८,०००.००	१९८,०००.००	१००.००	०.००
३९	२.३.९.१ कार्यालय भवन तथा परिसर मर्मत कार्य	३००,०००.००	२९१,६६१.५०	२९१,६६१.५०	९७.२२१	८,३३८.५०
४०	२.४.१.१ कार्यलय प्रयोजनका लागि दैनिक आवश्यक सामग्रीहरू	५००,०००.००	४९९,९६४.५०	४९९,९६४.५०	९९.९९३	३५.५०
४१	२.४.१.२ कार्यालय मसलन्द खर्च	३५०,०००.००	३४९,९६०.९०	३४९,९६०.९०	९९.९८९	३९.१०
४२	२.४.१.३ पत्रपत्रिका	८५,०००.००	८५,०००.००	८५,०००.००	१००.००	०.००
४३	२.४.१.५ छपाइ	१००,०००.००	९९,४४०.००	९९,४४०.००	९९.४४	५६०.००
४४	२.४.१२.१० दैनिक कार्यालय सञ्चालनको लागि आवश्यक लेटर प्याड, टिप्पणी लगायत अन्य	२००,०००.००	१९९,३४६.५०	१९९,३४६.५०	९९.६७३	६५३.५०
४५	२.४.१४.४ सूचना प्रकाशन	५०,०००.००	५०,०००.००	५०,०००.००	१००.००	०.००
४६	२.४.३.१ हुलाकसम्बन्धी खर्च	५०,०००.००	२१,८७५.००	२१,८७५.००	४३.७५	२८,१२५.००
४७	२.४.९.२ पुस्तक खरिद	१००,०००.००	९९,८९१.००	९९,८९१.००	९९.८९१	१०९.००
४८	२.५.७.१.२ ह.स.चा.	२,३२०,०००.००	१,९२०,२९९.४२	१,९२०,२९९.४२	८२.७७२	३९९,७००.५८
४९	२.५.७.१.३ का.स.	१,७७९,०००.००	१,७६९,२९६.६०	१,७६९,२९६.६०	९९.४५५	९,७०३.४०
५०	२.५.७.१.५ करार ह. स. चा.का लागि	१९४,०००.००	१६५,६७२.००	१६५,६७२.००	८५.३९८	२८,३२८.००

क.सं.	खर्च संकेत नम्बर/कार्यक्रम	चालु आ.व. २०८१/०८२ को स्वीकृत बजेट रु.	यस अवधिको निकासा रु.	यस अवधिको खर्च रु.	वार्षिक प्रगति प्रतिशतमा	बाँकी बजेट
	चाड पर्व खर्च					
५१	२.५.७.१.६ करार का.स.का लागि चाडपर्व खर्च	१४९,000.00	१४७,५१0.00	१४७,५१0.00	९९.00	१,४९0.00
५२	२.५.७.१.७ करार कर्मचारीका लागि पोशाक	१३0,000.00	११0,000.00	११0,000.00	८४.६१५	२0,000.00
५३	२.६.४.४४ भाषिक सीप लगायत क्षमता विकास सम्बन्धी कार्यक्रम	२00,000.00	१९९,६६५.00	१९९,६६५.00	९९.८३३	३३५.00
५४	२.७.७.११८ अन्तर भाषा प्रविधिको विकास	२00,000.00	१९४,१७५.६५	१९४,१७५.६५	९७.0८८	५,८२४.३५
५५	२.७.७.१४४ सरकारी कामकाजमा भाषा प्रयोगको सहजीकरण	५६0,000.00	५३९,९३६.00	५३९,९३६.00	९६.४१७	२0,0६४.00
५६	२.७.७.१६२ भाषिक कार्यसम्पादन परीक्षण	१६0,000.00	१५४,२२१.00	१५४,२२१.00	९६.३८८	५,७७९.00
५७	२.७.७.१६८ शिक्षामा मातृभाषाको सम्भाव्यता अध्ययन	४८0,000.00	४७९,४६९.00	४७९,४६९.00	९९.८८९	५३१.00
५८	२.७.७.१६९ स्थानीय सरकारसँगको भाषा सम्बन्धी सञ्चार, संवाद र सहकार्य	८0,000.00	७0,000.00	७0,000.00	८७.५0	१0,000.00
५९	२.७.७.१७१ भाषा नीति तथा कानुन तर्जुमा सहजीकरण	२४0,000.00	२३६,000.00	२३६,000.00	९८.३३३	४,000.00
६0	२.७.७.१७३ अन्तर्राष्ट्रिय आदिवासी भाषा दशक २०२२-२०३२ अन्तरक्रिया कार्यक्रम	८0,000.00	६0,000.00	६0,000.00	७५.00	२0,000.00
६१	२.७.७.१७४ भाषाको अन्तरसम्वन्ध अध्ययन	१६0,000.00	१५५,000.00	१५५,000.00	९६.८७५	५,000.00

क्र.सं.	खर्च संकेत नम्बर/कार्यक्रम	चालु आ.व. २०८१/०८२ को स्वीकृत बजेट रु.	यस अवधिको निकासा रु.	यस अवधिको खर्च रु.	वार्षिक प्रगति प्रतिशतमा	बाँकी बजेट
६२	२.७.७.१७५ वक्ता सङ्ख्या कम भएका तथा अन्य भाषाको संरक्षण सम्बर्द्धन तथा अभिलेखीकरण	४८०,०००.००	४७९,३७५.००	४७९,३७५.००	९९.८७	६२५.००
६३	२.७.७.१७६ स्थानीय तहसँगको सहकार्यमा मातृभाषा कक्षा सञ्चालन	४८०,०००.००	४७४,६०५.००	४७४,६०५.००	९८.८७६	५,३९५.००
६४	२.७.७.१७७ भाषा आयोगको अनुसन्धानमूलक प्रज्ञापुस्तक (जर्नल) प्रकाशन	८०,०००.००	६०,०००.००	६०,०००.००	७५.००	२०,०००.००
६५	२.७.७.१७८ दिवस (भाषा आयोगको स्थापना दिवस र मातृभाषा दिवस)	१६०,०००.००	१४९,०००.००	१४९,०००.००	९३.१२५	११,०००.००
६६	२.७.७.२१ वार्षिक प्रतिवेदन तयारी	१२०,०००.००	१०७,८९५.००	१०७,८९५.००	८९.९१३	१२,१०५.००
६७	२.७.७.३० आयोगबाट विकसित सामग्रीहरूको सम्पादन तथा प्रकाशन	३२०,०००.००	३१८,६११.००	३१८,६११.००	९९.५६६	१,३८९.००
६८	२.७.७.३१ मातृभाषा शिक्षाको नमुना विकास कार्यक्रम	२४०,०००.००	२१८,७८२.००	२१८,७८२.००	९१.१५९	२१,२१८.००
६९	२.८.१.१ अनुगमन भ्रमण खर्च	२६३,०००.००	२६२,९४०.००	२६२,९४०.००	९९.९७७	६०.००
७०	२.८.२.१ सरुवा भ्रमण	१००,०००.००	९७,५०७.००	९७,५०७.००	९७.५०७	२,४९३.००
७१	२.९.२.१ सवारी साधनको विमा	५६,०००.००	३५,९५१.००	३५,९५१.००	६४.१९८	२०,०४९.००
७२	२.९.४.१ सवारी साधनको कर नविकरण	१४४,०००.००	९८,६५०.००	९८,६५०.००	६८.५०७	४५,३५०.००
७३	२.९.६.१ चियापान खर्च (अन्य)	२१०,०००.००	१५९,४८०.००	१५९,४८०.००	७५.९४३	५०,५२०.००
७४	२.९.८.२ नियमित स्वागत विदाइ तथा अतिथि सत्कार खर्च	७३,०००.००	२६,३८१.००	२६,३८१.००	३६.१३८	४६,६१९.००
७५	२.९.९.१ अन्य विविध खर्च (अन्य)	२२०,०००.००	२१९,६७१.००	२१९,६७१.००	९९.८५	३२९.००

क्र.सं.	खर्च संकेत नम्बर/कार्यक्रम	चालु आ.व. २०८१/०८२ को स्वीकृत बजेट रु.	यस अवधिको निकासा रु.	यस अवधिको खर्च रु.	वार्षिक प्रगति प्रतिशतमा	बाँकी बजेट
७६	२.९.९.२ वर्षभर मनाइने चाडपर्व खर्च	५०,०००.००	४१,४९५.००	४१,४९५.००	८२.९९	८,५०५.००
७७	७.३.४.१ सेवा निवृत्त पदाधिकारीको उपदान	०.००	१७१,८६१.००	१७१,८६१.००	०.००	०.००
७८	७.३.६.२ पदाधिकारीहरूको सञ्चित विदा	०.००	७००,१७७.००	७००,१७७.००	०.००	०.००
७९	७.३.८.१ सेवा निवृत्त पदाधिकारीको औषधी उपचार	०.००	७३८,३६९.००	७३८,३६९.००	०.००	०.००
८०	८.१.३.२ कार्यालयको घरभाडा	३,७८६,०००.००	३,७८५,३६४.००	३,७८५,३६४.००	९९.९८३	६३६.००
८१	८.१.४.२ पदाधिकारी घरभाडा	६५२,०००.००	६४८,०००.००	६४८,०००.००	९९.३८७	४,०००.००
	जम्मा	**५६,९३५,०००.००**	**५२,०११,३०७.५१**	**५२,०११,३०७.५१**	**९१.३५**	**६,७००,०९९.४९**

चित्र ३

आ.व. २०८१/८२ को चालु खर्च वृत्तचित्र



चित्र ३ मा चालु खर्च ९१.३५% खर्च भई ८.६५% खर्च हुन नसकेको देखिन्छ। भाषा आयोगलाई आ.व. २०८१/८२ मा विनियोजन भएको जम्मा रकम रु. ५,७९,५५,०००.०० (अक्षरेपी रू. पाँच करोड उनासी लाख पचपन्न हजार) मध्ये चालु र पूँजीगत खर्च गरी जम्मा ९२.१९% खर्च भई ७.८१% खर्च हुन नसकेको देखिन्छ। दरबन्दीअनुसारका कर्मचारीहरू मध्ये रा.प. प्रथम शिक्षा प्रशासन सहसचिव १, रा.प. द्वितीय शिक्षा प्रशासन उपसचिव १ जना रिक्त रहेका छन्।

५.२ लेखापरीक्षण र बेरुजुको अवस्था

गत आर्थिक वर्ष २०८१/८२ मा आयोगका लागि स्वीकृत बजेट रु. ५,७९,५५,०००.०० विनियोजन भएकोमा निकासा खर्च रु. ५,२९,४७,८०१.५१ रकमको महालेखा परीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण भई प्रचलित आर्थिक ऐन, नियम तथा नियमावलीबमोजिम खर्च भएको छ। आयोगको आ.व. २०८०/८१ सम्मको जम्मा रु.१,२५,०००।- मात्र नियमित हुनुपर्ने बेरुजु रहेको छ।

५.३ आयोगको आर्थिक तथा भौतिक स्रोत साधन र त्यसको उपयोगको अवस्था

संवत् २०७३ साल भदौ २३ गते स्थापना भएको आयोगले संवत् २०७३ मङ्सिर मसान्तसम्म संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको सिंहदरबारस्थित भवनको एक कोठाबाट आफ्ना प्रारम्भिक कार्य सुरु गरेको थियो। संवत् २०७३ पुस १ गतेबाट आयोगले काठमाडौं महानगरपालिका वडा नं. ३१ शङ्खमूलस्थित भाडाको घरबाट आफ्नो कार्यसम्पादन गर्दै आएको छ। आयोगले हाल मासिक ३ लाख १५ हजार रकम तिर्ने गरी १८ आना जग्गासहितको घर बहालमा लिई कार्य सञ्चालन गरिआएको छ।

आयोगलाई नेपाल सरकारबाट प्राप्त हुने वार्षिक बजेट तथा कार्यक्रमबाहेक आम्दानीको कुनै पनि स्रोत नभएको अवस्था छ। आयोगका भौतिक स्रोतसाधन र त्यसको उपयोगको अवस्था निम्नानुसार रहेको छः

(क) आयोगको आफ्नै जग्गा र भवन नभएकाले भाडाको घरबाट कार्यसञ्चालन भइरहेको छ। आयोगले भाडामा लिएको भवन तथा घरजग्गाले चर्चेको ६१५०.५० वर्ग फिट र पार्किङ प्रयोजनका लागि ५७८.५४ वर्गफिट जग्गा उपयोग गरिरहेको छ।

(ख) आयोगमा अध्यक्षले प्रयोग गरिआएको क्रेटा कार १, सदस्यले प्रयोग गरिआएको निसान किक्स गाडी १, सचिवले प्रयोग गरिआएको इकोस्पोर्ट कार १, आयोगका उपसचिवहरूको लागि र फिल्ड व्यवस्थापनको लागि बोलेरो जिप १ र संस्कृति, पर्यटन तथा नागरिक उड्ययन मन्त्रालयबाट प्राप्त पुरानो निसान जिप १ गरी जम्मा ५ ओटा गाडी, कार्यालय प्रयोजनका लागि ६ ओटा मोटरसाइकल र ३ ओटा स्कुटर रहेका छन्।

आयोगको भाषा प्रयोगशाला निर्माणका लागि इलेक्ट्रोग्लोटोग्राम, पिजेडएम माइक, भिडियो क्यामरा, सोनोमिटर, अप्रेटस मेसिन सेट, भाषा सफ्टवेयरलगायतका सामग्री र सेटिङ उपकरणहरू खरिद गरी प्रयोगशाला स्थापना गर्ने स्थान अभावका कारण भण्डारण गरिएको छ।

सरकारी भवनको अभावमा आयोगले भाषा सङ्ग्रहालय, विद्युतीय अभिलेखालय र भाषा सूचना केन्द्र स्थापना गर्न सकेको छैन। हाल भाडामा लिइएको भवनमा आयोगका सदस्यहरूको कार्यकक्ष व्यवस्थापन, बैठक कक्षको व्यवस्थापन, कर्मचारीको कार्यकक्ष व्यवस्थापन र सवारी पार्किङ लगायतका कार्यमा समस्या भइरहेको छ। आयोगलाई व्यवस्थित एवम् प्रभावकारी तवरले सञ्चालन गर्न न्यूनतम पाँच रोपनी जग्गासहितको सरकारी स्वामित्वको भवन अति आवश्यक देखिन्छ। भाषा आयोगका लागि आवश्यक पर्ने स्थायी संरचना निर्माण गर्न र भवनको यथाशीघ्र व्यवस्था गरिदिनु हुन संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमार्फत् नेपाल सरकारसमक्ष भाषा आयोगले अनुरोध गर्दै आएको छ।

परिच्छेदः छैटौं
आयोगबाट भएका सिफारिसहरूको कार्यान्वयन

६.१ सरकारी कामकाजको भाषासम्बन्धी सिफारिसको कार्यान्वयन

भाषा आयोगको सरकारी कामकाजको भाषासम्बन्धी सिफारिस (२०७८) र पूरक सिफारिस (२०८०) मा सात प्रदेशमा सरकारी कामकाजमा प्रयोगका लागि १२ वटा भाषाहरू सिफारिस गरिएका छन्। जसमा बागमती प्रदेश सरकारी कामकाजको भाषा ऐन, २०८० पारित भई तामाङ र नेपालभाषा यस प्रदेशको सरकारी कामकाजमा कार्यान्वयन भएको छ। त्यसैगरी गण्डकी प्रदेश सरकारी कामकाजको भाषा ऐन, २०८१ बमोजिम यस प्रदेशमा मगर र गुरूङ भाषाले सरकारी कामकाजको भाषाको मान्यताप्राप्त गरेको छ। यस आधारमा कुल १२ वटामा ४ वटा भाषाहरू सरकारी कामकाजको भाषामा कार्यान्वयन हुँदा गरिएका सिफारिसको ३३.३३% कार्यान्वयन हुन पुगेको छ। यो नेपालको भाषिक इतिहासमा भाषिक सङ्घीयताको कार्यान्वयनसहितको ऐतिहासिक उपलब्धि हो।

तालिका २०
सरकारी कामकाजको भाषाको कार्यान्वयन

क्र.सं.	कार्यक्षेत्र	सिफारिसहरू	जिम्मेवार निकाय	कार्यान्वयनको अवस्था
१.	**सरकारी कामकाजमा भाषाको प्रयोग**	सात प्रदेशमा कुल १२ वटा भाषाहरू सरकारी कामकाजमा प्रयोगका लागि सिफारिस गरि एको छ।	सात प्रदेश	क) बागमती प्रदेशमा तामाङ र नेपालभाषा सरकारी कामकाजमा कार्यान्वयन भएको छ। ख) "गण्डकी प्रदेश भाषा ऐन २०८१" पारित भई मगर र गुरूङ भाषालाई प्रदेश सरकारी कामकाजको भाषाका रूपमा मान्यता प्राप्त भएको छ। ग) मधेश प्रदेशमा सरकारी कामकाजको भाषासम्बन्धी विधेयक संसदमा पेश भई फिर्ता

क्र.सं.	कार्यक्षेत्र	सिफारिसहरू	जिम्मेवार निकाय	कार्यान्वयनको अवस्था
				गरिएको छ। घ) कोशी प्रदेशमा सरकारी कामकाजको भाषासम्बन्धी विधेयक, २०८२ प्रदेश सभामा छलफल भइरहेको छ। ङ) अन्य प्रदेशहरूमा प्रदेश सरकारी कामकाजको भाषा कार्यान्वयनका गर्न आयोगबाट सहजीकरण कार्य भई प्रक्रियामा भाषासम्बन्धी कानुन तर्जुमाको प्रक्रियामा रहेको छ।
२.	**आयोगको निर्णयमार्फत् सिफारिस**	नेपाली मुद्रामा बहुभाषाको प्रयोगसम्बन्धी सिफारिसहरू	अर्थमन्त्रालय, नेपाल राष्ट्र बैंक	हालसम्म कार्यान्वयन भएनभएको यकिन जानकारी प्राप्त भएको छैन।
३.	**आयोगको निर्णयमार्फत सिफारिस**	भाषिक हिंसा भएका कारबाहीका लागि सिफारिस गरिएको छ।	नेपाल सरकार, गृह मन्त्रालय	गृह मन्त्रालयबाट भाषिक हिंसामा संलग्नलाई कारबाही गर्न काठमाडौं जिल्ला प्रशासन कार्यालयमा कारबाहीको लागि परिपत्र गरिएकोमा बोधार्थ प्राप्त भएको छ।
४.	**आयोगको निर्णयमार्फत् सिफारिस**	तामाङ भाषा र गुरूङ भाषा लेखनका लागि बहुलिपिको सिफारिस गरिएको छ।	संस्कृति, पर्यटन तथा नागरिक उड्डयन तथा मन्त्रालय र शिक्षा, विज्ञान र मन्त्रालय	कार्यान्वयन भएको भन्ने कुनै जानकारी प्राप्त भएको छैन।

६.२ भाषा संरक्षण तथा संवर्धनसम्बन्धी सिफारिस कार्यान्वयन

भाषा आयोगले स्थापनाकालदेखि नै नेपालमा बोलिने विभिन्न भाषाहरूको अभिलेखन, लोकवार्ता सङ्कलन र मृतप्रायः भाषामा समुदायमा आधारित र विद्यालयमा आधारित

कक्षाहरू सञ्चालन गर्दै आएको छ। हालसम्म नेपालका विभिन्न भाषाहरूमा १५५ भन्दा बढी भाषिक अभिलेखनअन्तर्गत वर्ण पहिचान, शब्दकोश निर्माण, शब्द सङ्कलन, भाषिक इतिहास लेखन, व्याकरण निर्माण कार्य भइसकेको छ। साथै भाषाहरूको पुस्तान्तरण र जीवन्तताको वार्षिक प्रतिवेदनहरू सम्माननीय राष्ट्रपतिज्यूमार्फत् नेपाल सरकारसमक्ष कार्यान्वयनहेतु सिफारिस भएका छन्।

तालिका २१

भाषा संरक्षण तथा संवर्धनको कार्यान्वयन

क्र.सं.	कार्यक्षेत्र	सिफारिसहरू	जिम्मेवार निकाय	कार्यान्वयनको अवस्था
१.	**भाषा संरक्षण तथा संवर्धन**	नेपालका भाषाहरूको एकीकृत राष्ट्रिय अभिलेखसम्बन्धी सिफारिस	भाषा आयोग नेपाल प्रज्ञा प्रतिष्ठान, आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान त्रि.वि. भाषा विज्ञान केन्द्रीय विभाग	क) सबैले आआफ्नो संस्थाको बजेट र कार्य विवरणअनुसारको कार्य सम्पन्न गरेको पाइए तापनि भाषासम्बन्धी एकीकृत रूपमा अभिलेख तयार भएको देखिएन। ख) भाषा आयोगबाट विभिन्न भाषामा १५५ वटा अध्ययन अनुसन्धान कार्य सम्पन्न भएका छन्। तर यसको एकीकृत रूपमा अभिलेख तयार भएको छैन।
२.	**भाषिक प्रोफाइल तयारी**	स्थानीय तहमा भाषिक प्रोफाइल तयारी सम्बन्धी सिफारिस	७५३ स्थानीय तह	क) स्थानीय तहहरूमा हालसम्म प्रोफाइल बनेको भन्ने जानकारी प्राप्त भएको छैन।

६.३. मातृभाषा शिक्षासम्बन्धी सिफारिसको कार्यान्वयन

नेपालको संविधान २०७२ को धारा २८७ को उपधारा ६ को (ग) मा शिक्षामा मातृभाषाको प्रयोगको सम्भाव्यताको अध्ययनसम्बन्धी संवैधानिक प्रावधान रहेको छ। यसैबमोजिम भाषा आयोगबाट सातै प्रदेशका २४ वटा स्थानीय पालिकाहरूमा शिक्षामा

मातृभाषाको प्रयोग सम्भाव्यतासम्बन्धी अध्ययन कार्य सम्पन्न गरी नेपाल सरकारसमक्ष कार्यान्वयन गर्न सिफारिस गरिसकिएको छ। आठौं वार्षिक प्रतिवेदन (आ.व.२०८०/८२) मार्फत् नेपाल सरकारसमक्ष आयोगबाट सम्माननीय राष्ट्रपतिसमक्ष मातृभाषासम्बन्धी गरिएका सिफारिसहरूको कार्यान्व्यन अवस्था तल प्रस्तुत गरिएको छः

तालिका २२

मातृभाषामा शिक्षाको कार्यान्वयन

क्र.सं.	कार्यक्षेत्र	सिफारिसहरू	जिम्मेवार निकाय	कार्यान्वयनको अवस्था
१.	**शिक्षामा मातृभाषाको प्रयोग**	क)विद्यालय शिक्षा विधेयक, २०८० संशोधनका लागि प्रतिनिधि सभा अन्तर्गतको सम्बन्धित समितिमा पेश गरिएको छ।	प्रतिनिधि सभा र नेपाल सरकार	सम्बन्धित समितिमा यस विषयमा छलफल भएको देखिएन।
२.	**मातृभाषा शिक्षाको नमुना विकास**	शिक्षामा मातृभाषाको प्रयोगसम्बन्धी सिफारिस प्रतिवेदन पेस भएको छ।	शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय	कार्यान्वयनको क्रममा रहेको छ।
३.	**मातृभाषा शिक्षाको प्रयोग सम्भाव्यता अध्ययन**	विद्यालय तहको शिक्षामा माध्यम र विषयका रूपमा मातृभाषाको प्रयोग सम्बन्धी सिफारिस भएको छ।	पाठ्यक्रम विकस केन्द्र, स्थानीय तह र विद्यालय	नेपालका ३३ भन्दा बढी मातृभाषामा पाठ्यक्रम र पाठ्यपुस्तक तयार भई कार्यान्वयन भएको। तर १२४ भाषामा अन्य भाषामा विषयका रूपमा पठनपाठन हुन सकेको छैन।
४.	**शिक्षामा मातृभाषाको प्रयोग सम्भाव्यताको अध्ययन**	उच्च शिक्षामा मातृभाषासम्बन्धी अध्यापनका लागि सिफारिस गरिएको छ।	शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, विश्विविद्यालयहरू र प्रदेश तह।	काठमाडौं विश्वविद्यालयमा तामाङ र नेपाल भाषामा पिजिडिइ कक्षा सुरू भएको छ। नेपाल खुल्ला विश्वविद्यालयमा तामाङ र मगर भाषामा ४ वर्षे स्नातक तहसम्मको पठनपाठन आरम्भ भएको छ।

६.४ अध्ययन, अनुसन्धानसम्बन्धी सिफारिसको कार्यान्वयन

भाषाविज्ञान केन्द्रीय विभाग, कीर्तिपुरको सहकार्यमा भाषा आयोगबाट नेपालमा बोलिने विभिन्न २३ वटा भाषाहरूको समाज भाषावैज्ञानिक अध्ययन कार्यहरू सम्पन्न भएका छन्। भाषा आयोगले भाषाविज्ञान केन्द्रीय विभागबाट अध्ययन भएका ९६ वटा भाषाको समाजभाषावैज्ञानिक अध्ययनको अपनत्व लिँदै थप भाषाहरूको समाज भाषावैज्ञानिक अध्ययन गरिएको हो। यसरी हालसम्म भाषा आयोग र भाषाविज्ञान केन्द्रीय विभागको सहकार्यमा कुल ११९ वटा भाषाहरूको समाजभाषावैज्ञानिक अध्ययन कार्य सम्पन्न भएको छ। राष्ट्रिय जनगणना, २०७८ अनुसार १३ वटा नयाँ भाषाहरू थपिएका छन्। ती भाषाहरूमा भाषा आयोगलगायत अन्य निकायबाट समाज भाषावैज्ञानिक अध्ययन हुन सकेको छैन।

तालिका २३

अध्ययन अनुसन्धानसम्बन्धी सिफारिसको कार्यान्वयन

क्र. सं.	कार्यक्षेत्र	सिफारिसहरु	जिम्मेवार निकाय	कार्यान्वयनको अवस्था
१	**भाषाहरूको समाजभाषावैज्ञानिक अध्ययन सर्वेक्षण**	राष्ट्रिय जनगणना, २०७८ को आधारमा थपिएका नयाँ भाषाहरूको अध्ययन अनुसन्धान सिफारिस	सङ्घ, प्रदेश र साथ स्थानीय तह, विश्वविद्यालय र भाषिक सङ्घसंस्थाहरू	कुनै पनि संस्थाबाट नयाँ भाषाहरूमा समाज भाषावैज्ञानिक अध्ययन भएको पाइएन।
२.	**अन्तर्सिमामा बोलिने भाषाहरूको अध्ययन अनुसन्धान र विकास**	नेपालको अन्तर्सिमामा बोलिने भाषाहरूको अध्ययन, अनुसन्धान गर्न २३ भाषाहरूलाई सिफारिस गरिएको छ।	सङ्घीय सरकार, भाषा आयोग र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू	अन्तर्सिमाका भाषाहरूको अध्ययन प्रस्ताव तयार पार्न सरोकारवालाहरू सँग छलफल तथा अन्तरक्रिया गरिएको छ। भाषा आयोगबाट यसका लागि प्रस्तावको मस्यौदा तयार भएको छ।

६.५ भाषा प्रविधिसम्बन्धी सिफारिसको कार्यान्वयन

आजको युगमा प्रविधिको उच्चतर विकास र प्रयोग दिनानुदिन बढ्दो छ। मानिसका लागि सयौं दिन लाग्न सक्ने काम सम्पन्न गर्न प्रविधिको लागि क्षणभर साबित भएको छ। कृत्रिम बौद्धिकता (एआइ) को प्रयोगबाट चमत्कारिक परिणाम र उपलब्धिहरू प्राप्त भएका छन्। भाषाको क्षेत्रमा पनि भाषिक यान्त्रिकीकरणले चमत्कार नै ल्याएको छ। यसका लागि गुगल ट्रान्सलेसन, च्याटजिपिटि, डिपसिक, जेमिनीबाट अन्तरभाषिक अनुवाद, मेसिन अनुवाद र इमेजिङसम्मका कामहरू क्षणभरमै गर्न सकिन्छ। यसरी भाषा र प्रविधिको क्षेत्रमा आएको नवप्रवर्तनले मानिसलाई आपसी सञ्चार र सम्प्रेषणमा सहजता प्रदान गरेको छ। यसबाट भाषाको अवरोध हट्न गई मेसिन अनुवादबाट भाषिक पहुँच बढेको छ।

भाषा आयोगमा नेपालकै पहिलो भाषा प्रयोगशाला, २०८१ स्थापना भई सञ्चालनमा रहेको छ। यस प्रयोगशालामा सर्वप्रथम कुसुण्डा भाषाको एक्ली वक्ता कमला कुसुण्डा र विद्यार्थी हिमा कुसुण्डाको संवाद अभिलेखन गरिएको थियो। यसमा भाषाविज्ञान केन्द्रीय विभागका भाषावैज्ञानिकहरूको विशेष योगदान रहेको छ। साथै भाषा आयोगबाट ३१ मातृभाषाहरूमा विद्युतीय बहुभाषिक शब्दकोश तयार भएको छ। आयोगको वेबसाइटमा विभिन्न भाषा क्षेत्रमा दस्तावेजहरू अपलोड गरिएका छन्। साथै आयोगबाट भाषा सूचना र प्रविधिको क्षेत्रमा गरेको सिफारिसको कार्यान्वयनको अवस्था तल प्रस्तुत गरिएको छः

तालिका २४

भाषा प्रविधिसम्बन्धी सिफारिसहरूको कार्यान्वयन

क्र.सं.	कार्यक्षेत्र	सिफारिसहरू	जिम्मेवार निकाय	कार्यान्वयनको अवस्था
१.	**भाषा र प्रविधिसम्बन्धी सवालहरू**	भाषिक यान्त्रिकीकरण र मानकीकरणका लागि कार्यक्रम सम्बन्धी विज्ञ	संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, शिक्षा, विज्ञान	नेपालकै पहिलो भाषा प्रयोगशाला स्थापना भई विभिन्न लोपोन्मुख भाषाहरूको श्रव्यदृष्य अभिलेखन कार्यको सुरू गरिएको छ। काठमाडौं

क्र.सं.	कार्यक्षेत्र	सिफारिसहरू	जिम्मेवार निकाय	कार्यान्वयनको अवस्था
		जनशक्तिको व्यवस्था गर्न सिफारिस गरिएको छ।	तथा प्रविधि मन्त्रालय	विश्वविद्यालयबाट तामाङ भाषाको गुगल अनुवाद पद्धतिको विकास सम्बन्धी परियोजना सञ्चालित छ।
२.	**अन्तरभाषी अनुवाद पद्धति र गुगल अनुवादको व्यवस्था**	सङ्घ, प्रदेश र स्थानीय तहहरूमा अन्तरभाषिक अनुवाद पद्धतिको विकास र गुगल अनुवाद पद्धतिमा रूपान्तरण गर्न सिफारिस भएको छ।	तीनै तहका सरकार, विश्वविद्यालय र जातीय/भाषिक सङ्घसंस्थाहरू	नेपालको पहिलो भाषा प्रयोगशाला स्थापना गरी विभिन्न लोपोन्मुख भाषाहरूको श्रव्यदृष्यको अभिलेखन गर्न सुरू गरिएको छ।

६.६ मानव संशाधन तथा प्रशासनसम्बन्धी सिफारिसको कार्यान्वयन

भाषा संरक्षण सरकारको दायित्व मात्र नभई जनताको अधिकार र कर्तव्य हो। भाषाजस्तो संवेदनशील क्षेत्रको विकास र समुन्नतिका लागि राज्यका विभिन्न अङ्गहरूमा भाषाका दृष्टिले सचेत, सक्षम र सकारात्मक सोच भएका व्यक्तिहरूको उपस्थिति जरूरी हुन्छ। यसका लागि विद्यालय, विश्वविद्यालय र सरकारी निकायहरूमा कार्यरत जनशक्तिहरूलाई भाषासम्बन्धी उचित ज्ञान, सीप र सक्षमताको विकास गर्नु अपरिहार्य छ। भाषा क्षेत्रमा कामगर्ने जनशक्तिलाई भर्ना, विकास र उपयोग गर्ने सम्बन्धी तालिम र परामर्शजस्ता कार्यक्रमहरू सञ्चालन हुनु आवश्यक छ।

तालिका २५

भाषासम्बन्धी मानवीय संशाधन र विकाससम्बन्धी सिफारिसको कार्यान्वयन

क्र.सं.	कार्यक्षेत्र	सिफारिसहरू	जिम्मेवार निकाय	कार्यान्वयनको अवस्था
१	**भाषा र मानव संशाधन**	क) शिक्षक तथा कर्मचारीका लागि बहुभाषिक तालिम वा परामर्श प्रदान गरी	सङ्घीय संसदहरू, सङ्घीय मामिला तथा सामान्य प्रशासन	बागमती प्रदेशले प्रदेशमा सरकारी कामकाजको भाषा

क्र.सं.	कार्यक्षेत्र	सिफारिसहरू	जिम्मेवार निकाय	कार्यान्वयनको अवस्था
		बहुभाषिक जीवन पद्धतिको विकाससम्बन्धी सिफारिस गरिएको छ। ख) सङ्घीय निजामती सेवा प्रस्तावित विधेयकमा भाषिक जनशक्तिको विकास र भाषा सेवा गठनसम्बन्धी सिफारिस गरिएको छ। ग) विद्यालय शिक्षा विधेयक, २०८० मा बहुभाषिक शिक्षक दरबन्दी र भर्ना, तालिमका लागि सिफारिस भएको छ।	मन्त्रालय, शिक्षा, विज्ञान तथा, मन्त्रालय, लोकसेवा आयोग, सङ्घ, प्रदेश र स्थानीय तहका तालिम प्रदायक निकायहरू	ऐन,२०८० अनुरूप तामाङ भाषा र नेपालभाषालाई सरकारी कामकाजको भाषाका रूपमा कार्यान्वयन गर्न प्रदेश सभामा दुवै भाषामा एक/एक जना अनुवादक कर्मचारीको नियुक्ति गरिएको छ। अन्य प्रदेशको हकमा कार्यान्वयनको क्रमा रहेको छ।
२	**भाषा अनुवादको व्यवस्था**	बागमती प्रदेश सभामा तामाङ भाषा र नेपालभाषाको अनुवादक नियुक्ति भई कार्यरत छन्। जनतालाई बहुभाषिक माध्यमबाट सेवा प्रवाहका लागि अनुवादक विकास, नियुक्ति र सेवा प्रवाह सिफारिस गरिएको छ।	सङ्घ, प्रदेश र स्थानीय तह, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी सङ्घसंस्थाहरू	बामगती प्रदेश सभामा तामाङ भाषा र नेपालभाषाका १/१ जना भाषा अनुवादक नियुक्ति भई कार्यरत छन्।

परिच्छेदः सातौं
सिफारिस तथा सुझावहरू

भाषा आयोगले (स्थापनाकाल २०७३) देखि नै संविधानको व्यवस्थाबमोजिम वार्षिक प्रतिवेदन सम्माननीय राष्ट्रपतिज्यूसमक्ष पेस गर्दै आएको छ। यस अवधिमा संविधानको धारा २८७ मा निर्धारित संवैधानिक दायित्वअनुसार आयोग गठन भएको ५ वर्षभित्र २०७८ मा सरकारी कामकाजको भाषासम्बन्धी सिफारिस (२०७८) र पूरक सिफारिस (२०८०) सम्माननीय प्रधानमन्त्रीज्यूसमक्ष पेस गरिसकेको छ। आयोगको सिफारिसमा आधारित भई बागमती प्रदेशमा तामाङ र नेपालभाषा तथा र गण्डकी प्रदेशमा मगर र गुरूङ भाषा सरकारी कामकाजको भाषाका रूपमा कार्यान्वयन भएका छन्। यसरी नेपालमा भाषिक सङ्घीयताको दृष्टिले प्रदेशमा नेपाली भाषाका अतिरिक्त प्रदेशमा बहुसङ्ख्यक जनताले बोल्ने भाषाहरू सरकारी कामकाजको भाषाका रूपमा आउनु असाध्यै महत्त्वपूर्ण र उच्च उपलब्धि हासिल भएको छ। त्यसैगरी केही स्थानीय तहहरूमा समेत आयोगको सिफारिसबमोजिम भाषा नीति निर्माण गरिनुका साथै स्थानीय भाषा ऐन समेत पारित भई कार्यान्वयन भएको पाइन्छ। तथापि करिब एक दशकको अवधिमा भाषा आयोगबाट सङ्घ, प्रदेश र स्थानीय सरकारका लागि गरिएका सिफारिसहरूको कार्यान्वयनको आरम्भ हुनु गौरवको विषय हुँदाहुँदै तीनै तहको सरकारबाट जनअपेक्षा बमोजिम भाषिक क्षेत्रमा ठोस कार्यक्रमसहित सन्तुलित लगानीका साथ नतिजामूलक कार्य विस्तार हुन सकेको देखिँदैन। तसर्थ हरेक तहका सरकारबाट बहुभाषिक माध्यमबाट सेवा प्रवाह गर्ने प्रबन्धका लागि थप पहल र प्रयास गरिनु जरूरी देखिन्छ। संविधानको धारा ७ को उपधारा (३) र धारा २८७ को उपधारा (६) बमोजिम भाषासम्बन्धी सिफारिसहरू देहायअनुसार गरिएका छन्ः

७.१ सरकारी कामकाजको भाषासम्बन्धी सिफारिसहरू

तालिका २६
सरकारी कामकाजको भाषासम्बन्धी सिफारिसहरू

क्र.सं.	विषय क्षेत्र	विषय सन्दर्भ	जिम्मेवार निकायहरू	सुझाव र सिफारिसहरू
७.१.१	सरकारी कामकाजको भाषा कार्यान्वयन	बागमती र गण्डकी गरी दुई प्रदेशमा प्रदेश सरकारी कामकाजको भाषासम्बन्धी ऐन पारित भई प्रदेश सरकारी कामकाजको भाषा कार्यान्वयन भएको छ।	सङ्घीय संसद, नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उडड्यन मन्त्रालय	संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट सङ्घीय भाषा विधेयक तयार गर्न तत्काल नेपाल सरकारबाट सैद्धान्तिक स्वीकृति लिई सङ्घीय भाषा ऐनको तर्जुमा गरिनुपर्ने।
७.१.२	सरकारी कामकाजको भाषा कार्यान्वयन संयन्त्रको व्यवस्था	सङ्घ, प्रदेश र स्थानीय तहमा भाषासम्बन्धी मौजुदा नीति, कानुनको कार्यान्वयन गर्न संयन्त्र, जनशक्ति, कार्यक्रम र लगानी प्रबन्ध छिटपुट रूपमा मात्र भएको देखिन्छ।	सङ्घ, प्रदेश र स्थानीय तहहरू	सङ्घ, प्रदेश र स्थानीय तहहरूबाट भाषासम्बन्धी नीति र कानुनको व्यवस्था गर्दै हरेक तहमा बहुभाषाको माध्यमबाट सेवा प्रवाह गर्न भाषा हेर्ने महाशाखा वा शाखा स्थापना गरी तत्काल भाषासम्बन्धी जनशक्तिको व्यवस्था गर्दै भाषिक कार्यक्रम र लगानी सुनिश्चित गरिनुपर्ने।
७.१.३	प्रदेश तहमा सरकारी कामकाजको भाषा कार्यान्वयन	प्रदेशहरूमा सरकारी कामकाजको भाषासम्बन्धी ऐन तर्जुमा गर्दा र प्रदेश सरकारी कामकाजको भाषा कार्यान्वयनको क्रममा एकल वा बहुलिपिको	सङ्घ, प्रदेश र स्थानीय तहहरू	आयोगबाट सरकारी कामकाजको भाषाका रूपमा पूर्ण प्रयोगका लागि सिफारिस भएका १२ वटा भाषाहरूको लेखनमा सर्वस्वीकार्य र आधिकारिक रूपमा एकल लिपिको प्रयोग नहुञ्जेलसम्म भाषा आयोगको सिफारिसबमोजिम

क्र.सं.	विषय क्षेत्र	विषय सन्दर्भ	जिम्मेवार निकायहरू	सुझाव र सिफारिसहरू
		प्रयोग सम्बन्धी दुविधा रहेको देखिन्छ।		सम्बन्धित भाषाको आधिकारिक र जातीय/भाषिक संस्था समेतको सहकार्यमा एक वा एक भन्दा बढी लिपिको प्रयोग गर्न सकिने हुँदा सोहीबमोजिम गर्न तीनै तहको सरकारबाट सिफारिसको कार्यान्वयन गरिनुपर्ने।
७.१.४	स्थानीय तहहरूमा सरकारी कामकाजको भाषा कार्यान्वयनको प्रबन्ध	गण्डकी प्रदेशको भाषा ऐनमा स्थानीय तहबाट भाषासम्बन्धी कानुन बनाई स्थानीय तहमा बहुसङ्ख्यकले बोल्नेभाषालाई सरकारी कामकाजको भाषाका रूपमा कार्यान्वयन गर्न कानुनी प्रबन्ध गरिएको छ।	७५३ वटै स्थानीय तह	प्रदेश भाषा ऐनहरूमा स्थानीय तहहरूबाट स्थानीय भाषा ऐन र कानुनको तर्जुमा गरेर सरकारी कामकाजको भाषा कार्यान्वयन गर्न सकिने कानुनी व्यवस्था भएकोमा सोका लागि सरकारी कामकाजको भाषा कार्यान्वयन संयन्त्र वा भाषा शाखा र जनशक्ति (भाषा हेर्ने) कर्मचारीको व्यवस्था गरेर प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्ने।
७.१.५	सरकारी कामकाजको भाषा र लिपिको प्रयोग	गण्डकी प्रदेशमा सरकारी कामकाजको भाषाको मान्यताप्राप्त गुरूङ भाषा लेखनमा एक भन्दा बढी लिपिहरूको प्रयोग हुने गरेको पाइएको छ। त्यसैगरी नेपालका विभिन्न मातृभाषाको पाठ्यक्रम तथा पाठ्पुस्तक लेखनमा	सङ्घ, प्रदेश, स्थानीय तह र सरोकावारहरू	सरकारी कामकाजको भाषाको कार्यान्वयन गर्दा कुनै एक भाषामा प्रयोग क्षेत्र, प्रयोजन र कार्य विशेषअनुसार उक्त भाषामा सर्वस्वीकार्य र आधिकारिक भाषिक स्वरूप तथा लिपिको विकास र प्रयोग गर्ने अवस्था नआञ्लेसम्म उक्त भाषाको प्रचलित रूप र एक वा एकभन्दा बढी लिपिहरू एकसाथ प्रयोग

क्र.सं.	विषय क्षेत्र	विषय सन्दर्भ	जिम्मेवार निकायहरू	सुझाव र सिफारिसहरू
		बहुलिपिहरू प्रचलनमा रहेका छन्।		गर्नुपर्ने।
७.१.६	नेपालमा उत्पादित वस्तुहरूको नेपाली वा मातृभाषा तथा लिपिमा नामकरण र ब्रान्डिङ	नेपालमा उत्पादित वस्तुहरूको नामकरण र ब्रान्डिङको माध्यम अङ्ग्रेजी भाषा र रोमन लिपिको प्रयोग भएको पाइन्छ। देवनागरी लिपिमा लिखित नेपाली भाषाको प्रयोग भएको पाइए पनि नामकरण र ब्रान्डिङमा मातृभाषाको प्रयोग भएको देखिँदैन। प्रदेशमा नेपालीबाहेक बहुसङ्ख्यकले बोल्ने भाषाहरू सरकारी कामकाजको भाषाका रूपमा प्रयोग आएका छन्।	सङ्घ, प्रदेश र स्थानीय तहहरू, जातीय र भाषिक सङ्घसंस्थाहरू, उद्योग मन्त्रालय, उद्योगहरू	नेपालका उद्योगहरूबाट उत्पादित नेपाली वस्तुहरू वा सामानहरूको नामाकरण र ब्रान्डिङ गर्दा देवनागरी लिपिमा लिखित नेपाली भाषाका अतिरिक्त मातृभाषा र उक्त मातृभाषाको लेखनमा प्रयोग हुने लिपिको माध्यमबाट समेत गरिनुपर्ने।
७.१.७	भाषासम्बन्धी कार्यक्रम र बजेटसहित लगानीको सुनिश्चितता	तीनै तहका सरकारबाट वार्षिक नीति, कार्यक्रम र बजेटमा मातृभाषाको संरक्षण, संवर्धन र विकासका लागि कार्यक्रम र बजेटको सुनिश्चित गरिएको पाइएन।	सङ्घ, प्रदेश र स्थानीय तह सहित अन्य सम्बद्ध सङ्घसंस्थाहरू	समाज र समुदायको अमूर्त सम्पदाका रूपमा रहेका भाषाको संरक्षण, संवर्धन र विकासका निम्ति हरेक तहका सरकारबाट आफ्नो वार्षिक नीति, कार्यक्रम र बजेटमा निश्चित प्रतिशत रकम विनियोजन गरिनुपर्ने।

क्र.सं.	विषय क्षेत्र	विषय सन्दर्भ	जिम्मेवार निकायहरू	सुझाव र सिफारिसहरू
७.१.८	सरकारी कामकाज मा भाषाको आंशिक प्रयोग	भाषा आयोगको सिफारिस (२०७८) मा सात प्रदेशका लागि पूर्ण सरकारी कामकाजको भाषा प्रयोगका लागि १२ भाषाहरू सिफारिस गर्नुका साथै अन्य भाषालाई आंशिक रूपमा सरकारी काजकाजमा प्रयोग गर्न सिफारिस गरिएको छ।	सङ्घ, प्रदेश र स्थानीय तह	भाषा आयोगको सरकारी कामकाजको भाषासम्बन्धी सिफारिस, (२०७८) अनुसार प्रदेश सरकारी कामकाजमा आंशिक रूपमा प्रयोगका लागि सिफारिस भएका मातृभाषाहरूलाई शिक्षा, सञ्चार र अन्य क्षेत्रमा प्रयोग गरेर सबै मातृभाषालाई क्रमशः स्थान दिँदै जानुपर्ने।
७.१.९	सरकारी कामकाज को भाषाहरू को अनुसूचीक रण	गण्डकी प्रदेश भाषा ऐन, २०८२ मा प्रदेशमा बोलिने अल्पसङ्ख्यक भाषाहरू विवरण अनुसूचीमा संलग्न गरिएको छ।	सङ्घ, प्रदेश र स्थानीय तह	संविधान संशोधनमार्फत् सङ्घीय सरकारले सरकारी कामकाजको भाषाहरूको अनुसूचीमा नेपालीबाहेक प्रदेशका सरकारी कामकाजका भाषाहरूलाई पनि सरकारी कामकाजको भाषाका रूपमा मान्यता प्रदान गरी कार्यान्वयन गरिनुपर्ने। प्रदेश र स्थानीय तहबाट सरकारी कामकाजको भाषाबाहेक अन्य मातृभाषाहरूलाई संरक्षण र संवर्धन गर्न सूचीकृत गरिनुपर्ने।

७.२ भाषाको संरक्षण र संवर्धनसम्बन्धी सिफारिस

नेपालमा बोलिने १२४ भन्दा बढी भाषाहरूमध्ये २३ बटा भाषाहरूमा बोल्ने वक्ता १ हजार भन्दा कम सङ्ख्यामा छन्। नेपालको भाषाहरूको संरक्षण र विकासमा भाषा आयोग, भाषाविज्ञान केन्द्रीय विभाग, आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान,

युनेस्को नेपाल, ब्रिटिश काउन्सिल नेपाललगायत सम्बन्धित जातीय र भाषिक सङ्घसंस्थाहरूका पहल र प्रयास हुँदै आएको देखिन्छ। तथापि राष्ट्रिय तथा अन्तराष्ट्रिय सबल भाषा र बजारको प्रभावको कारण पछिल्ला पुस्ता मातृभाषाको पुस्तान्तरण भएको पाइँदैन। जब भाषाका वक्ता नै संरक्षित छैनन्, उनीहरूको भाषाको संरक्षण र विकासको प्रश्न जटिल हुन जान्छ। यस सन्दर्भमा नेपालका भाषाहरूको संरक्षण, संवर्धन र विकासमा देहायका कार्यहरू गर्न आवश्यक भएकाले तपसिल बमोजिम सिफारिस गरिएको छः

तालिका २७

भाषाको संरक्षण तथा *संवर्धनसम्बन्धी सिफारिस*

क्र.सं.	विषय क्षेत्र	विषयसन्दर्भ	जिम्मेवार निकाय	सुझाव र सिफारिसहरू
७.२.१	भाषिक पुस्तान्तरण र पुनर्जीवन	वर्तमानमा सबल भाषाको बढ्दो प्रभावले मातृभाषाहरूको अपसरण भई पुस्तान्तरण हुन सकेको देखिँदैन।	भाषिक सङ्घसंस्थाहरू, प्रदेशका सरकार	नेपालमा बोलिने सबै मातृभाषाको जीवन्तता र पुनर्जीवनका लागि भाषाको अन्तरपुस्तासम्म भाषिक पुस्तान्तरणसम्बन्धी कार्यक्रमलाई अभियानका रूपमा सञ्चालन गरिनुपर्ने।
७.२.२	भाषा कक्षा सञ्चालन र भाषाको संरक्षण	मृतप्रायः भाषाहरूको पुस्तान्तरण गरी संरक्षण, पुनर्जीवनका निम्ति समुदाय र विद्यालयमा आधारित भाषा कक्षा सञ्चालन गरी मानव जीवन पद्धतिसँग भाषालाई जोड्ने विषय महत्वपूर्ण छन्।	स्थानीय तहका सरकार, जातीय र भाषिक सङ्घसंस्था, सम्बन्धि समुदायहरू	मृतप्रायः भाषाहरूको पुनर्जीवन र पुस्तान्तरण गर्न समुदाय र विद्यालयमा आधारित भाषा कक्षा सञ्चालन गरी दैनिक जीवन पद्धतिसँग जोड्ने कार्यक्रमलाई ठोस कार्ययोजना बनाई उच्च प्राथमिकताका साथ कार्यान्वयन गरिनुपर्ने।

क्र.सं.	विषय क्षेत्र	विषयसन्दर्भ	जिम्मेवार निकाय	सुझाव र सिफारिसहरू
७.२.३	लोपोन्मुख भाषाहरूको अभिलेखन र प्रकाशन	आयोगबाट ३५५ वटा भाषिक सामग्री विकास र प्रकाशन गरिएको छ।	सङ्घ, प्रदेश र स्थानीय सरकार, जातीय/भाषिक सङ्घसंस्थाहरू, प्रतिष्ठान, विश्वविद्यालयहरू	तीनै तहका सरकार र अन्य सम्बद्ध सबै निकायहरूबाट लोपोन्मुख र मृतप्रायः भाषाहरूको वर्णपहिचान, शब्द सङ्कलन, शब्दकोश निर्माण, पाठ सङ्कलन, व्याकरण लेखन, लोकवार्ता सङ्कलन, भाषिक इतिहास लेखन जस्ता कार्य गरी भाषिक अभिलेखन गरिनुपर्ने।
७.२.४	भाषिक सचेतना र भाषा साक्षरता कार्यक्रम	नेपालका भाषिक समुदाय, आम जनता, नीति निर्माता र सरोकारवालाहरूमा भाषासम्बन्धी गलत धारणा र नकारात्मक व्याप्त छ।	सङ्घ, प्रदेश र स्थानीय तह, राजनीतिक दल, जातीय र भाषिक सङ्घसंस्थाहरू	तीनै तहका सरकारबाट सरोकावालाहरूमा भाषाका विषयमा सकारात्मक सोच र व्यवहार विकास गर्न भाषा साक्षरता अभियानलाई समुदायको परामर्शमा आधारित कार्यक्रमका रूपमा सञ्चालन गरिनुपर्ने।
७.२.५	अन्तरसांस्कृतिक र अन्तरभाषिक सिकाइसम्बन्धी परामर्श कार्यक्रम सञ्चालन	भाषा व्यक्तिगत नभई सार्वजनिक सम्पत्ति भएकाले एक समुदायले अर्को समुदायको भाषा सिक्ने र ज्ञान आदानप्रदान गर्ने परम्पराको अभाव देखिन्छ।	सङ्घ, प्रदेश, स्थानीय तह, विद्यालय, जातीय र भाषिक सङ्घसंस्थाहरू, राजनीतिक दल	समुदाय र विद्यालयमा अन्तरसांस्कृतिक र अन्तरभाषिक सिकाइको कक्षा, कार्यक्रम, उत्सव र अवसर दिलाई एकले अर्काको भाषा सिक्ने परम्पराको विकास गर्नुपर्ने।
७.२.६	नेपालको	नेपालको विभिन्न	सङ्घ, प्रदेश	नेपालमा बोलिने भाषाहरूको

क्र.सं.	विषय क्षेत्र	विषयसन्दर्भ	जिम्मेवार निकाय	सुझाव र सिफारिसहरू
	भाषिक विवरणसहितको (पार्श्वचित्र) तयारी र प्रयोग	भाषाहरूको विवरणसहितको प्रोफाइल र एटलस तयार भएको छैन। भाषा आयोगबाट ७३ वटा भाषाहरूको विवरण युनेस्कोको वर्ल्ड ल्याङ्ग्वेज एटलसमा समावेश गरिए पनि पूर्णता प्राप्त भएको छैन।	र स्थानीय तह, भाषा आयोग	क्षेत्रगत विभेद, प्रकार र प्रयोगलाई समेटेर भाषागत विस्तृत विवरणहरू सङ्कलन गर्न समाजभाषावैज्ञानिक र भाषावैज्ञानिक अध्ययन गरिनुपर्ने।
७.२.७	लोपोन्मख जाति र भाषा संरक्षण	कुसुण्डा, राउटे र सुरेल, वनकरिया जस्ता लोपोन्मुख जाति र भाषा दुवै लोप हुने खतरामा छन्।	सङ्घ, प्रदेश र स्थानीय तह, जातीय र भाषिक सङ्घसंस्थाहरू, भाषा आयोग	अत्यन्त लोपोन्मुख जाति र भाषाहरूको संरक्षणका लागि एक जना मात्र वक्ता छ भने वक्ता संरक्षणका लागि भाषावृत्ति प्रदान गरिनुपर्ने।
७.२.८	भाषाको संरक्षण र संवर्धनमा संलग्न संस्था र व्यक्तिलाई प्रोत्साहन र पुस्कार प्रदान	सीमित मात्रामा रहेका भाषा र साहित्य क्षेत्रका व्यक्ति र संस्थालाई सम्मान हुने गरेको छ।	सङ्घ, प्रदेश र स्थानीय तहहरू	तीनै तहका सरकारबाट आफ्नो क्षेत्रभित्रका मातृभाषा र साहित्यको क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउने व्यक्ति र संस्थालाई वार्षिक रूपमा सम्मान र पुरस्कृत गरी प्रोत्साहन गरिनुपर्ने।
७.२.९	लोपोन्मुख भाषा संरक्षित, स्वायत्त र	नेपालको संविधानमा लोपोन्मुख र विशेष जाति र भाषा संरक्षण	सङ्घ, प्रदेश र स्थानीय तह	नेपालका मृतप्रायः भाषा र विशेष भाषिक क्षेत्रलाई स्थानीय तहमार्फत् विशेष, संरक्षित र

क्र.सं.	विषय क्षेत्र	विषयसन्दर्भ	जिम्मेवार निकाय	सुझाव र सिफारिसहरू
	विशेष क्षेत्र घोषणा	गर्न संरक्षित विशेष र स्वायत्त क्षेत्र घोषणा गर्न सकिने व्यवस्था छ।		स्वायत्त क्षेत्र घोषणा गर्दै पर्यटकीय गन्तव्यका साथै भाषिक सांस्कृतिक क्षेत्र कार्यक्रम अगाडि बढाइनु पर्ने।
७.२.१०	भाषालाई उत्पादन र रोजगारी सँग जोड्ने	भाषाको जीवन्तता सामाजिक उत्पादन प्रणाली र रोजगारी सँग सम्बद्ध छ। नेपालको मौलिक उत्पादन प्रणाली लोप हुँदा र रोजगारी प्राप्त नहुँदा मातृभाषाहरूको अपसरणको क्रम बढ्दो छ।	सङ्घ, प्रदेश र स्थानीय तहहरू, सरोकारवाला हरू	नेपालका सबै भाषाहरूलाई स्वउत्पादन, स्वरोजगारी व्यावसायिकता तथा भाषिक उद्यमशीलतासँग जोडेर भाषिक सिकाइ र प्रयोगको परिवेश तयार गर्नुपर्ने।

७.३ मातृभाषा शिक्षासम्बन्धी सुझाव तथा सिफारिसहरू

आजको विज्ञान र प्रविधिको युगमा शिक्षाको माध्यम अङ्ग्रेजीबाहेक अन्य भाषा हुन नसक्ने जस्ता गलत र अवैज्ञानिक धारणाका कारण सामुदायिक विद्यालयहरूसमेत अङ्ग्रेजी माध्यममा रूपान्तरण हुँदै गएका छन्। यसबाट हरेक व्यक्तिलाई मातृभाषामा पढ्न पाउने संविधानप्रदत्त मौलिक अधिकारको हनन मात्र गरेको छैन, भाषिक विभेद, बहिष्करण, संज्ञानात्मक विकासमा अवरोध जस्ता कार्यलाई बढावा दिन पुगेको छ। यसरी सतहमा भाषाको अपसरण र सिकाइमा सबल भाषा हाबी भएको देखिए पनि कालान्तरमा अल्पसङ्ख्यक जाति, संस्कृति, पहिचान, सभ्यतालाई नै नष्ट हुनेमा कुनै द्विविधा छैन।

यस सन्दर्भमा विद्यालय शिक्षादेखि उच्च शिक्षासम्म मातृभाषालाई माध्यम र विषयका रूपमा सन्तुलित ढङ्गले प्रयोग गरेर बहुभाषिक माध्यमबाट शिक्षणलाई बढावा दिनु राज्यको कर्तव्य र दायित्व हो। विद्यालय शिक्षाको प्रारम्भिक तहमा मातृभाषामा

आधारित बहुभाषिक शिक्षालाई उपयोग गरी माथिल्लो तहमा अन्तरभाषिकीकरणलाई आत्मसात गरेर शैक्षिक गुणस्तरमा जोड दिई भाषिक सन्तुलन कायम गर्न सकिन्छ। त्यसैगरी विद्यालय शिक्षाको माथिल्लो तहमा मातृभाषालाई विषयका रूपमा पठनपाठन गरी मातृभाषा शिक्षालाई निरन्तरता दिन सकिन्छ। यसबाट मातृभाषालाई माध्यम र विषयका रूपमा क्रमशः आवश्यकता र वस्तुगत आधारमा शिक्षाको क्षेत्रमा प्रयोग र अभ्यास गरेर मातृभाषाहरूको पुनर्जीवन, पुस्तान्तरण, संरक्षण, संवर्धन र विकास गर्न सकिन्छ।

तालिका २८

मातृभाषा शिक्षासम्बन्धी सुझाव तथा सिफारिसहरू

क्र.सं	विषय क्षेत्र	विषयसन्दर्भ	जिम्मेवार निकाय	सुझाव र सिफारिसहरू
७.३.१	सरकारी कामकाज को भाषाहरूको उच्च शक्षामा अध्यापनको प्रबन्ध	आयोगबाट प्रदेश भाषा सरकारी कामकाजको भाषाका रूपमा सिफारिस भएका १२ वटा भाषाहरूमध्ये उच्च शिक्षा (स्नातक तहदेखि विद्यावारिधिसम्म) नेपाल भाषा र मैथिली भाषाबाहेक अन्य भाषामा पठनपाठनको प्रबन्ध हुन सकेको छैन।	सङ्घीय र प्रदेश सरकार	सरकारी कामकाजका लागि सिफारिस भएका १२ वटा भाषाहरू प्रदेशस्तरका विश्वविद्यालयहरूमा सम्बन्धित भाषा विभागको स्थापना गरी स्नातक तहदेखि विद्यावारिधि तहसम्मको जनशक्ति उत्पादनका गर्न उच्च शिक्षामा पठनपाठनको व्यवस्था गरिनुपर्ने।
७.३.२	विद्यालय शिक्षामा मातृभाषा	आयोगबाट २४ वटा मातृभाषाको शिक्षामा प्रयोग सम्भाव्यताको	नेपाल सरकार, प्रदेश	क) सरकारी कामकाजमा लागू भएका भाषाहरू र कार्यान्वयन हुन बाँकी रहेका भाषाहरूमा

क्र.सं	विषय क्षेत्र	विषयसन्दर्भ	जिम्मेवार निकाय	सुझाव र सिफारिसहरू
	विषयको पठनपाठन	अध्ययन र नमुना विकास कार्यक्रम सञ्चालन गरी कार्यान्वयनका गर्न स्थानीय तहहरूमा सिफारिस गरिएको छ। जसमा नेपालभाषा र तामाङभाषामा केही मात्रमा कार्यान्वयन भएको देखिन्छ तर अन्य भाषाहरूमा कार्यान्वयन भएको पाइँदैन।	सरकार, स्थानीय सरकार	तत्काल तीनै तहका सरकारबाट प्रारम्भिक कक्षादेखि १२ कक्षासम्म मातृभाषा विषयको पठनपाठन गरिनु पर्ने। ख) मातृभाषाको रूपमा स्थानीय तहमा बोलिने भाषालाई आधारभूत तहमा विषयका रूपमा पठनपाठनको प्रबन्ध गरी तत्काल कार्यान्वयन गरिनु पर्ने। ग) विद्यालय शिक्षाको प्रारम्भिक कक्षादेखि ३ सम्म मातृभाषामा आधारित बहुभाषिक शिक्षाको माध्यमबाट पठनपाठन गर्ने व्यवस्था गरी अनिवार्य रूपमा कार्यान्वयन गरिनुपर्ने।
७.३.३	प्रदेशमा मातृभाषा र स्थानीय विषयको पाठ्यक्रम र पाठ्यपुस्तक विकास र प्रबोधीकरण	शिक्षक तालिमको जिम्मेवारी प्रदेश शिक्षक तालिम केन्द्रहरूमा रहेको छ। साथै मातृभाषा र स्थानीय विषयको कार्यान्वयनकर्ता मुख्य रूपमा स्थानीय तहमा रहे तापनि प्रदेश सरकारबाट मातृभाषा र स्थानीय विषयको कार्यान्वयनमा	प्रदेश सरकार, स्थानीय तह र जातीय र भाषिक सङ्घसंस्था, प्रदेश शिक्षा तालिम केन्द्र, शिक्षा विकास तथा समन्वय इकाइ	प्रदेश सरकारबाट आधारभूत तहमा प्रदेशस्तरमा मातृभाषा विषय र स्थानीय विषयका पठनपाठन गर्न पाठ्यक्रम र मार्गदर्शन (गाइडलाइन) तयार गरी पाठ्यपुस्तक छपाइ, वितरण र शिक्षकका लागि तालिमको समेत व्यवस्था गरेर प्रभावकारी कार्यान्वयनका लागि सहजीकरण, समन्वय र अनुगमन गरी सुधारमा जोड दिइनुपर्ने।

क्र.सं	विषय क्षेत्र	विषयसन्दर्भ	जिम्मेवार निकाय	सुझाव र सिफारिसहरू
		समन्वय, सहजीकरण र अनुगमन भएको देखिँदैन।		
७.३.४	उच्च शिक्षामा मातृभाषा विषय अध्ययनका लागि छात्रवृत्ति	मगर, गुरूङ, तामाङ र नेपाल भाषामा उच्च शिक्षाको स्नातक तहमा कक्षा सञ्चालन हुन थालेका छन्। नेपाल खुला विश्वविद्यालय. र काठमाडौं विश्वविद्यालयबाट स्नातक तहमा मातृभाषा विषय र सम्बन्धित जातीसम्बन्धी विषयकको अध्ययन प्रारम्भ भएको छ।	सङ्घ, प्रदेश र स्थानीय तहहरू, भाषा आयोग, विश्वविद्यालयहरू र सङ्घसंस्थाहरू	उच्च शिक्षामा भाषिक अध्ययनका लागि तीनै तहका सरकार, विश्वविद्यालयहरू, अध्ययन प्रतिष्ठान, सङ्घसंस्थाहरू र भाषा आयोगसमेतको सहकार्यमा छात्रवृत्तिको व्यवस्था गरिनुपर्ने। यसका लागि उच्च शिक्षामा भाषिक अध्ययनका निम्ति छात्रवृत्ति कोष स्थापना गरेर अवसर र सुविधा उपलब्ध गर्ने प्रबन्ध गरिनुपर्ने
७.३.५	परम्परागत शिक्षा र ज्ञान हस्तान्तरण परम्पराको माध्यमबाट भाषा संरक्षण	नेपालमा गुरूकुल, गुम्बा, मदरसा र माङ्हिमजस्ता संस्थाबाट परम्परागत ज्ञान हस्तान्तरण र शिक्षा प्रदान गर्रिदै आएको छ।	सङ्घ, प्रदेश र स्थानीय तहहरू, भाषा आयोग, शिक्षा तथा मानव स्रोत विकास केन्द्र, प्रदेश तालिम	परम्परागत ज्ञान हन्तान्तरण र भाषिक पुस्तान्तरण तथा लिपिको प्रयोग सम्बन्धमा गुम्बा, गुरुकुल, माङ्हिम, मदरसाजस्ता संस्थाहरूको विशेष भूमिका रहेकाले सम्बन्धिन्त संस्थाहरूको सबलीकरण र मूलप्रवाहीकरण गर्न मापदण्ड तयार गरी शैक्षिक र भाषिक अनुदानको व्यवस्था गरी भाषिक

क्र.सं	विषय क्षेत्र	विषयसन्दर्भ	जिम्मेवार निकाय	सुझाव र सिफारिसहरू
			केन्द्रहरू	संरक्षण र संवर्धनमा जोड दिनुपर्ने।
७.३.६	नेपाली र अङ्ग्रेजी भाषाको शिक्षण	विद्यालय तहको नेपाली र अङ्ग्रेजी भाषा विषय शिक्षण र यसको सिकाइ उपलब्धि सन्तोषजनक रहेको छैन।	सङघ, प्रदेश र स्थानीय तह	विद्यालय तहमा नेपाली (मातृभाषा नेपाली नभएको व्यक्ति वा समुदाय) र अङ्ग्रेजी विषयलाई दोस्रो भाषाका रूपमा शिक्षण गरी भाषिक सक्षमता हासिल गराउन भाषा विषय पढाउने शिक्षकलाई अभिमुखीकरण र तालिम कार्यक्रम सञ्चालन गर्नुपर्ने।

७.४ अध्ययन, अनुसन्धान र अनुगमनसम्बन्धी सुझाव तथा सिफारिसहरू

स्वदेश र विदेशका विश्वविद्यालयहरूबाट नेपालमा बोलिने भाषाहरूको प्राज्ञिक र उपाधिमूलक अध्ययन अनुसन्धानहरू भएका छन्। यसका अतिरिक्त नेपाल प्रज्ञा प्रतिष्ठान, आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान, विभिन्न मन्त्रालय, प्रदेश र स्थानीय तहहरूबाट समेत अध्ययन अनुसन्धान कार्यहरू भएका छन्। त्यसैगरी युनेस्को नेपाल, ब्रिटिश काउन्सिल, नेपाल र एसआईएलसहित जातीय/भाषिक सङ्घसंस्थाहरूबाट भाषासम्बन्धी अध्ययन सर्वेक्षण कार्यहरू हुँदै आएका छन्। शिक्षा मन्त्रालय र यसअन्तर्गतका शिक्षा तथा मानव स्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र, शैक्षिक गुणस्तर परीक्षण केन्द्रलगायतका निकायहरूबाट मातृभाषामा शिक्षासम्बन्धी अध्ययन कार्यहरू भई प्रतिवेदन तयार भएका छन्।

भाषा आयोगको स्थापना वि.सं.२०७३ देखि २०८२ सम्म आइपुग्दा एक दशकको अवधिमा भाषासम्बन्धी विभिन्न क्षेत्रमा अध्ययन, अनुसन्धान र सर्वेक्षणका कार्यहरू सम्पादन भएका छन्। साथै आयोगबाट ती अध्ययन अनुसन्धानमा आधारित भई वार्षिक मात्र नभई आवधिक प्रतिवेदनहरू नेपाल सरकारसमक्ष पेस गर्दै आएको छ। तथापि नेपालमा बोलिने भाषाहरूको भाषावैज्ञानिक अध्ययन भई भाषिक वक्ताको सङ्ख्या र

अवस्थाका विषयमा वास्तविक तथ्य र सूचना भने अद्यापि प्राप्त हुन सकेको छैन। नेपालमा भाषिक तथ्याङ्क राष्ट्रिय तथ्याङ्क कार्यालयबाट हुने राष्ट्रिय जनगणनाको प्रतिवेदनबाट प्राप्त तथ्याङ्कमै सीमित छ। यस सन्दर्भमा नेपालको विस्तृत भाषिक सर्वेक्षण गरेर सबै भाषाहरूको प्रोफाइल सार्वजनिक गर्नु आजको आवश्यकता बनेको छ। यस सन्दर्भमा भाषिक अध्ययन अनुसन्धानसम्बन्धी तपसिल बमोजिम सिफारिस गरिएको छः

तालिका २९

अध्ययन, अनुसन्धान र अनुगमनसम्बन्धी सुझाव तथा सिफारिसहरू

क्र.सं.	विषयक्षेत्र	विषयसन्दर्भ	जिम्मेवार निकाय	सुझाव तथा सिफारिसहरू
७.४.१	अन्तरसीमाका भाषाहरूको सर्वेक्षण र अध्ययन	नेपालको उत्तरी सीमा चीन र दक्षिणी सीमा भारत दुवै अन्तरसीमामा देशतिर बोलिने भाषाहरूको संरक्षण र विकाससम्बन्धी कार्यहरू भई आएका छन्।	नेपाल भारत र चीन सरकार	नेपालसँग सीमा जोडिएका चीन र भारतमा बोलिने भाषाहरू एकआपसमा अन्तरसम्बन्धित रहेकाले उक्त भाषाहरूको विकासका निम्ति अन्तरसीमा अध्ययन र अनुसन्धान गर्ने व्यवस्था गरिनु पर्ने।
७.४.२	नयाँ भाषाहरुको समाज भाषावैज्ञानिक अध्ययन र अनुसन्धान	राष्ट्रिय जनगणना, २०७८ अनुसार नेपालमा थप १३ नयाँ भाषाहरुको पहिचान भएका छन्। जसको समाज भाषावैज्ञानिक अध्ययन भएको छैन।	नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहहरू	राष्ट्रिय जनगणना, २०७८ अनुसार नयाँ पहिचान भएका १३ वटा भाषाहरूको विषयमा तीनै तहका सरकार र अन्य सम्बद्ध निकायको सहकार्यमा समाज भाषावैज्ञानिक अध्ययन र अनुसन्धान गरी भाषिक अवस्था उजागर गर्नुपर्ने।
७.४.३	नेपालको	राष्ट्रिय जनगणनाहरू	तीनै तहका	नेपालको भाषिक तथ्याङ्क

क्र.सं.	विषयक्षेत्र	विषयसन्दर्भ	जिम्मेवार निकाय	सुझाव तथा सिफारिसहरू
	भाषिक सर्वेक्षण र भाषा गणना	बाट प्राप्त भाषिक तथ्याङ्क प्रतिनिधिमूलक मात्र हुन्। कतिपय भाषिक तथ्याङ्कहरू वस्तुगत र सही नभएको गुनासाहरू आएका छन्।	सरकार, राष्ट्रिय तथ्याङ्क कार्यालय, भाषा आयोग, सङ्घसंस्थाहरू	सत्यापन, भाषिक अवस्थाको विस्तृत अध्ययन गरी भाषिक प्रोफाइल तथा एटलस समेत निर्माण गरी भाषिक गणना कार्य सम्पन्न गर्न 'नेपालको भाषिक सर्वेक्षण÷ गरिनुपर्ने।
७.४.४	भाषिक अनुगमन र कार्यसम्पादन परीक्षण	विद्यमान अवस्थामा भाषासम्बन्धी अनुगमन र कार्यसम्पादन परीक्षण कार्य भाषा आयोग बाहेक अन्य निकायहरूबाट हुने गरेको पाइँदैन।	तीनै तहका सरकारका निकायहरू, राष्ट्रिय र अन्तर्राष्ट्रिय सङ्घसंस्थाहरू, जातीय र भाषिक सङ्घसंस्थाहरू	भाषिक क्षेत्र कुनै पनि मुलुकको विशिष्ट र असाध्यै संवेदनशील विषय क्षेत्र भएकाले तीनै तहका सरकार, विभिन्न सङ्घसंस्था र जातीय भाषिक सङ्घसंस्थाबाट भाषिक अनुगमन, अवलोकन र कार्यसम्पादन परीक्षण गरी प्राप्त विवरणलाई सम्बन्धित पक्षसमक्ष सुसूचित गराई भाषिक सुधारमा निरन्तर लाग्नुपर्ने।

७.५ भाषा प्रविधिसम्बन्धी सुझाव तथा सिफारिसहरू

नेपालका विभिन्न मातृभाषामा र लिपिको समेत युनिकोड कार्य व्यापक रूपमा विस्तार हुँदै गएको पाइन्छ। विभिन्न जातीय र भाषिक सङ्घसंस्थाहरू सम्बन्धित भाषाको ध्वनि पहिचान, वर्ण निर्धारण, युनिकोडीकरण र भाषाको स्तरीय लेखन पद्धतिमा संलग्न देखिन्छन्। यसबाट अल्पसङ्ख्यक र लोपोन्मुख भाषाहरूमा लेख्यस्वरूप तयार भएको देखिन्छ। त्यसैगरी ती भाषाहरूमा डिजिटल सामग्रीहरूजस्तो भाषा सिकाइ एप्स, कार्टुन, शब्दकोश, भाषा सिकाइ ट्युटरहरू तयार भएका छन्। साथै उक्त भाषाहरूमा अन्तरभाषिक अनुवादका लागि भाषान्तरण र लिप्यन्तरण सफ्टवेयर वा अनुवाद प्रणालीको पनि विकास भएको देखिन्छ।

तालिका ३०
भाषा प्रविधिसम्बन्धी सुझाव तथा सिफारिसहरू

क्र.सं.	विषय क्षेत्र	विषय सन्दर्भ	जिम्मेवार निकाय	सुझाव र सिफारिसहरू
७.५.१	नेपालकै पहिलो भाषा प्रयोगशालाको सञ्चालन र व्यवस्थापन	भाषा आयोगमा नेपालकै पहिलो भाषा प्रयोगशाला स्थापना भई सञ्चालनमा रहेको छ। आयोगमा विद्युतीय शब्दकोश विकास भई अन्तरभाषिक शब्दान्तर वा अनुवादको प्रबन्ध गरिएको छ। तर विभिन्न निकायहरू, विश्वविद्यालय र जातीय/भाषिक सङ्घसंस्थासँग सहकार्य गरी प्रयोग विस्तार हुन सकेको छैन।	नेपाल सरकार नि, प्रदेश र स्थानीय तह, जातीय भाषिक सङ्घसंस्थाहरू, युनेस्को नेपाल।	भाषा आयोगमा स्थापना भई सञ्चालनमा रहेको नेपालकै पहिलो भाषा प्रयोगशालालाई प्रयोग विस्तार गर्न नेपाल सरकारका निकायहरू, विश्वविद्यालयहरू र जातीय/भाषिक सङ्घसंस्था एवम् प्रदेश तथा स्थानीय तहको सहकार्य र प्रयोग विस्तार गर्न तत्काल कार्यक्रम अगाडि बढाउनुपर्ने।
७.५.२	नेपालका भाषाहरूको एकीकृत विद्युतीय अभिलेखन र डाटा सेन्टर तयारी र सार्वजनिकीकरण	नेपालमा बोलिने विभिन्न भाषाहरूमा सम्बन्धित जातीय/भाषिक सङ्घसंस्थाहरूमा अभिलेखन, श्रव्य, श्रव्यदृश्य, चलचित्र, कार्टुन आदि कार्यहरू भएका छन्। तर ती तमाम कार्यहरूको विद्युतीय माध्यमबाट एकीकृत अभिलेखन र एकीकृत तथ्याङ्क तयार भएको	नेपाल सरकार निकायहरू, प्रदेश र स्थानीय तह, जातीय र भाषिक सङ्घसंस्थाहरू, प्रतिष्ठानहरू र युनेस्को आदि।	संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको पहलमा भाषा आयोगबाट नेपालका भाषाहरूको आधिकारिक र एकीकृत अभिलेखन कार्यक्रम सञ्चालन गरी भाषिक तथ्याङ्क तयार पारेर सबैका लागि प्रयोग योग्य बनाई सार्वजनिक गरिनुपर्ने।

क्र.सं.	विषय क्षेत्र	विषय सन्दर्भ	जिम्मेवार निकाय	सुझाव र सिफारिसहरू
		छैन। जसको कारण संस्थागत कामहरूमा दोहोरोपना आई स्रोत, साधन र समयसहित लगानीको दक्षतापूर्ण उपयोग हुन सकेको छैन।		
७.५.३	भाषिक शैक्षिक सूचना व्यवस्थापन पद्धतिको विकास र कार्यान्वयन	विद्यालय शिक्षामा मातृभाषा शिक्षाको लागि आवश्यक तथ्य र सूचना प्राप्तिका लागि विद्यार्थी र शिक्षकको भाषिक पृष्ठभूमिसहितको एकीकृत सूचना प्रणालीको विकास भइसकेको छैन।	शिक्षा विकास तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी प्रदेश र स्थानीय तहका सरकार, भाषा आयोग	शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा हाल शैक्षिक व्यवस्थापन सूचना प्रणाली (EMIS) पद्धति रहेको छ। यसमा भाषिक पृष्ठभूमिसहित विद्यार्थी, शिक्षक र समुदायको विवरण समावेश गरी भाषिक शैक्षिक सूचना व्यवस्थापन प्रणाली (LEMIS) पद्धतिको विकास गरेर कार्यान्वयनमा ल्याइनु पर्ने।
७.५.४	मातृभाषा र लिपिमा वेब डोमेनको विकास र कार्यान्वयन	अन्तर्राष्ट्रिय सन्दर्भ र नेपालमा पनि नेपाली र अङ्ग्रेजी भाषाका अतिरिक्त केही मातृभाषा र लिपि समेतको आधारमा बहुभाषिक वेब डोमेन विकास गरी सार्वजनिक सेवा प्रवाह गरेको देखिन्छ।	सङ्घ, प्रदेश र स्थानीय तह अन्तर्गतका निकाय, गैर सरकारी संस्था र निजी क्षेत्र	नेपालमा नेपाली र अङ्ग्रेजी भाषा र लिपिका अतिरिक्त संस्थाको स्रोत, क्षमता र प्रकृतिको आधारमा मातृभाषा र त्यसको लेखनमा प्रयोग हुने लिपिमा समेत वेब डोमेन बनाई कार्यान्वयनमा ल्याइनुपर्ने। पहिलो चरणमा प्रदेश

क्र.सं.	विषय क्षेत्र	विषय सन्दर्भ	जिम्मेवार निकाय	सुझाव र सिफारिसहरू
				सरकारी कामकाजको भाषामा वेब डोमेन विकास गरी प्रयोगमा ल्याउनु पर्ने। क्रमशः नेपालमा बोलिने अन्य मातृभाषामा समेत वेब डोमेनको विकास गरेर प्रयोग गरिनुपर्ने।
७.५.५	भाषाहरूको युनिकोडीकरण	नेपालमा बोलिने भाषाहरूको प्रविधिकरण र आधुनिकीकरणका ती भाषाहरूको युनिकोडीकरण कार्यको थालनी भइसकेको छ तर ती कार्यहरू औँलामा गन्न सकिने भाषामा मात्र भएका छन्।	तीनै तहका सरकार, जातीय/भाषिक सङ्घसंस्थाहरू, भाषा आयोग, गैरसरकारी संस्थाहरू, विश्वविद्यालयहरू	नेपालमा बोलिने भाषाहरूको आधुनिकीकरण र यान्त्रिकीकरण गर्न पहिलो कार्यअन्तर्गत भाषाहरूको युनिकोडीकरण गरिनुपर्ने। यसका लागि सम्बद्ध सबैबाट सहकार्य मोडलमा भाषाहरूको प्रविधिकरण गर्न प्राथमिकता प्रदान गरेर कार्यसम्पादन गरिनुपर्ने।

७.६ मानव संशाधन तथा प्रशासनसम्बन्धी सुझाव तथा सिफारिसहरू

नेपालको भाषाको संरक्षण, संवर्धन र विकासका कार्यक्रमहरू सञ्चालन र व्यवस्थापन गर्ने पक्ष मानवीय जनशक्ति हुन्। भाषासम्बन्धी हरेक क्रियाकलापहरूको परिचालन वा संवाहक मानव मन र मष्तिष्कको उपज हो। त्यसैले भाषा क्षेत्रको उन्नति र समुन्नतिसहित भाषिक समता, समन्यायिक र समावेशीकरणका लागि राज्य संयन्त्रदेखि समुदायसम्म भाषिक सचेतना र सक्षमता विकास गरी हरेकलाई भाषाप्रति सचेत, संवेदनशील र उत्तरदायी बनाइनु पर्दछ। यसका लागि जनप्रतिनिधि, कर्मचारी, प्राध्यापक, शिक्षक, आम जनतामा भाषिक साक्षरता अभियान (Language Literacy Campaign) सञ्चालन गरेर भाषिक क्षेत्रमा रूपान्तरणकारी कार्यहरू सम्पादन गरिनु पर्दछ।

तालिका ३१
मानव संशाधन तथा प्रशासनसम्बन्धी सुझाव तथा सिफारिसहरू

क्र.सं.	विषय क्षेत्र	विषय सन्दर्भ	जिम्मेवार निकायहरू	सुझाव तथा सिफारिसहरू
७.६.१	जनप्रतिनिधि, कर्मचारी र शिक्षकको लागि भाषिक सक्षमता विकास	नेपालमा अझै बहुभाषिक समाज र जीवन पद्धतिको विकास भई व्यवहारतः लागु भएको भएको देखिँदैन। सङ्घीय निजामती सेवाको प्रस्तावित विधेयकमा भाषिक जनशक्तिको विकास र भाषा सेवा गठन गर्न आयोगबाट सिफारिस भएको छ। त्यसैगरी प्रस्तावित विद्यालय शिक्षा विधेयकमा मातृभाषाका शिक्षक दरबन्दी, नियुक्ति र मातृभाषामा पठनपाठनको लागि सिफारिस गरिएको छ।	शिक्षा मन्त्रालय, लोकसेवा आयोग, सङ्घ, प्रदेश र स्थानीय तहका तालिम प्रदायक निकायहरु, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सङ्घीय संसद	जनप्रतिनिधि, कर्मचारी र शिक्षकको भाषासम्बन्धी बुझाइ र सोचाइलाई रूपान्तरण गरी मातृभाषालाई समाज र जीवन पद्धतिको अभिन्न अङ्गका रूपमा स्थापित गर्न परामर्श वा अभिमुखीकरण कार्यक्रम सबै तहबाट सञ्चालन गरिनुपर्ने। प्रस्तावित निजामती विधेयकमार्फत् भाषा सेवा समूह गठन गरी भाषासम्बन्धी जनशक्तिको भर्ना र नियुक्तिको प्रबन्ध गरिनुपर्ने। प्रस्तावित विद्यालय शिक्षा विधेयकमार्फत् मातृभाषाका शिक्षक दरबन्दी सिर्जना, भर्ना, छनोट गर्ने प्रबन्ध गरी मातृभाषाको माध्यमबाट पठनपाठनका आवश्यक जनशक्तिको सुनिश्चित गरिनु पर्ने।

क्र.सं.	विषय क्षेत्र	विषय सन्दर्भ	जिम्मेवार निकायहरू	सुझाव तथा सिफारिसहरू
७.६.२	बहुभाषिक माध्यमबाट सेवा प्रवाहका लागि अनुवादक व्यवस्था	बागमती प्रदेशको प्रदेश सभामा तामाङभाषा र नेपालभाषाको अनुवादक नियुक्ति भई प्रदेश सभा बैठकको अन्तरभाषिक अनुवादको अभ्यास भएको छ।	सङ्घ, प्रदेश र स्थानीय तह, जातीय भाषिक सङ्घसंस्थाहरू	प्रदेशहरूमा सरकारी कामकाजको भाषाको कार्यान्वयन भएको सन्दर्भमा सङ्घ, अन्य प्रदेश र स्थानीय तहबाट भाषा हेर्ने डेस्क खडा गरी अनुवादक वा भाषा हेर्ने कर्मचारी नियुक्ति गरिनुपर्ने। त्यसैगरी आवश्यकता र माग समेतको आधारमा स्रोत साधन र क्षमताको सीमामा रही संवेदशील र नभई नहुने संयन्त्र वा सेवा प्रवाह केन्द्रमा तत्काल अनुवादकको व्यवस्था गरी बहुभाषिक माध्यमबाट सेवा प्रवाह गर्ने उत्तरदायित्व र जिम्मेवारी पूरा गरिनुपर्ने।

७.७ भाषासम्बन्धी समसमायिक सवाल र सिफारिसहरू

नेपालमा भाषाको विषयमा कार्यक्रमहरू निरन्तर भइरहेका छन्। खासगरी नेपालको संविधान सँगै मुलुकमा सङ्घीयताको कार्यान्वयन भई सात प्रदेश र ७५३ वटै स्थानीय तहहरूमा भाषिक अधिकार हस्तान्तरण हुन गएको छ। यसरी नेपालमा बोलिने भाषाहरूको संरक्षण, संवर्धन र विकासमा तीनै तहका सरकारको सामूहिक भूमिका र दायित्व बन्न पुगेको छ।

यस आधारमा नेपालमा बोलिने भाषाहरूको संरक्षण, संवर्धनका साथै मातृभाषामा शिक्षाजस्ता भाषिक पक्षहरूको कार्यान्वयनको उच्च सम्भावना र अवसर छ। नेपालको संसददेखि जनस्तरसम्म अझै पनि भाषिक हिंसा, हेलोअर्घेलो, खिसिट्युरीका घटनाहरू घटिरहेका छन्। हाम्रो सन्दर्भमा भाषिक हिंसा, विभेद, अन्याय र असमान परिवेश

सिर्जना भएको तथ्य लुकेको छैन। राज्य सरकारको भाषासम्बन्धी स्पष्ट नीति, योजना र गन्तव्य समेत नहुँदा इम्बोस्ड नम्बरमा रोमन लिपि र अङ्ग्रेजी भाषा प्रयोगको विषयले सामाजिक प्रतिरोध सिर्जना गर्न थालेको छ। त्यस्तै नेपाली भाषाको वर्णविन्याससम्बन्धी समस्या, लिपिजन्य समस्या र विद्यालय शिक्षामा माध्यम भाषाको अन्योलता एवम् अन्तर्राष्ट्रियस्तरमा कुटनीतिक क्षेत्रमा भाषाको प्रयोगजस्ता विषय गम्भीर र गहन छन्। त्यसैगरी नेपालका सबै भाषाहरूमा लगानी अनुपात समन्यायिक नहुँदा भाषिक लगानी सन्तुलन भएको पाइँदैन। यस सन्दर्भमा भाषिक समसामयिक सवालहरूलाई सम्बोधन गर्न देहायअनुसार सिफारिस गरिएको छः

तालिका ३२
भाषासम्बन्धी समसमायिक सवाल र सिफारिसहरू

क्र.सं.	विषयक्षेत्र	विषय सन्दर्भ	जिम्मेवार निकायहरू	सुझाव तथा सिफारिसहरू
७.७.१	अन्तरराष्ट्रिय आदिवासी भाषा दशक (२०२२-२०३२) नेपालको राष्ट्रिय कार्ययोजना स्वीकृति र कार्यान्वयन	भाषा आयोग, राष्ट्रिय जनजाति आयोग, युनेस्को नेपाल र संस्कृति तथा पर्यटन मन्त्रालयको सहकार्यमा अन्तर्राष्ट्रिय आदिवासी भाषा दशक (२०२२-२०३२) नेपालको लागि राष्ट्रिय कार्ययोजनाको तयारी भई स्वीकृतिका लागि आयोगले	नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डय मन्त्रालय, प्रदेश तथा स्थानीय तहहरू, विभिन्न आयोगहरू, जातीय र भाषिक सङ्घसंस्थाहरू	संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट नेपाल सरकार, मन्त्रिपरिषदमा पेस गरी अन्तर्राष्ट्रिय आदिवासी भाषा दशक (२०२२-२०३२) को राष्ट्रिय कार्ययोजना स्वीकृतिका लागि पहल गरी स्वीकृति पश्चात् तत्काल कार्यान्वयन गरिनुपर्ने।

क्र.सं.	विषयक्षेत्र	विषय सन्दर्भ	जिम्मेवार निकायहरू	सुझाव तथा सिफारिसहरू
		मन्त्रालयसमक्ष पेस गरिसकेको छ। यद्यपि नेपाल सरकारबाट स्वीकृत हुन बाँकी छ।		
७.७.२	नेपालमा प्रचलनमा रहेका लिपिहरू	नेपालमा हाल १४ भन्दा बढी लिपिहरू यहाँका भाषाहरूको लेखनमा प्रयोग भई आएको पाइन्छ। तर सबै लिपिहरूको पुरातत्व विभाग र राष्ट्रिय अभिलेखालयमा दर्ज भएको देखिँदैन। कतिपय लिपिहरूको पुनः नामकरणसहित अद्यावधिक गर्नुपर्ने देखिएको छ।	संस्कृति, पर्टयन तथा नागरिक उड्डयन मन्त्रालय, राष्ट्रिय पुरातत्व विभाग र राष्ट्रिय अभिलेखालय, प्रदेश र स्थानीय, जातीय र भाषिक सङ्घसंस्थाहरू	भाषा आयोगबाट नेपालमा प्रचलनमा रहेका लिपिहरूलाई सम्बन्धित मन्त्रालय, भाषिक सङ्घसंस्थासँगको समन्वय र सहकार्यमा राष्ट्रिय अभिलेखालय तथा पुरातत्व विभागसँग समन्वय गरी विस्तृत अध्ययन, पहिचान, पुनः नामकरण गरी अभिलेखन समेत गरेर आधिकारिता प्रदान गर्नुपर्ने।
७.७.३	भाषिक जनशक्तिको योग्यता निर्धारण, परीक्षण र	नेपालमा औपचारिक शिक्षातर्फ मात्र भाषिक योग्यता परीक्षण र	शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, विश्वविद्यालयहरू, ब्रिटिश	नेपालमा औपचारिक रूपमा विद्यालय र उच्च शिक्षण संस्थाभन्दा बाहिर हुने भाषिक पठनपाठन, भाषिक तालिमको परीक्षण र प्रमाणीकरण कार्य भाषा

क्र.सं.	विषयक्षेत्र	विषय सन्दर्भ	जिम्मेवार निकायहरू	सुझाव तथा सिफारिसहरू
	प्रमाणीकरण	प्रमाणीकरण हुन्छ। तर मातृभाषा, ब्रेल, साङकेतिक र स्पर्शजस्ता भाषाको तालिम, पठनपाठन, परीक्षण र प्रमाणीकरण हुँदैन।	काउन्सिल, भाषा सिकाइ केन्द्रहरू, जातीय/ भाषिक सङ्घसंस्थाहरू, भाषा आयोग, विद्यालयहरू	आयोगबाट सङ्घ, प्रदेश र स्थानीय तहका लागि भाषा सम्बन्धी सिफारिस भएको योग्यता प्रारूप, परीक्षण विधि र परीक्षा नतिजाको आधारमा सम्बन्धित मन्त्रालयहरूले प्रमाणीकरण गरिनुपर्ने।
७.७.४	सञ्चार क्षेत्रमा भाषिक प्रयोगको स्तरीकरण र बहुभाषीकरण	हाल सञ्चार माध्यममा प्रयुक्त नेपाली र मातृभाषामा समेत एकरूपता र निश्चित मापदण्ड पूरा भएको देखिँदैन। यसले भाषाको विकास र स्तरीयतामा बाधा पुग्ने देखिन्छ।	सूचना तथा सञ्चार मन्त्रालय, छापा माध्यम, रेडियो, टेलिभिजन, अनलाईन माध्यम, नेपाल प्रेस काउन्सिल, सूचना तथा प्रसारण विभाग, राष्ट्रिय समाचार समिति, अन्तर्राष्ट्रिय सञ्चार माध्यमहरू	सञ्चार माध्यममा स्तरीय भाषा र बहुभाषिक प्रयोगका लागि मिडिया शैली पुस्तिका र मिडियाकोशको विकास गरेर प्रयोगमा ल्याउनु पर्ने। यसका लागि सूचना तथा सञ्चार मन्त्रालय र नेपाल प्रेस काउन्सिल तथा भाषा आयोगको सहकार्यमा आम सञ्चारका निमित्त भाषा आचारसंहिता तयार गरी तत्काल लागू गर्नुपर्ने।
७.७.५	भाषिक सङ्घसंस्थाको क्षमता	विभिन्न मातृभाषाहरूको विकाससम्बन्धी	सङ्घ, प्रदेश र स्थानीय तह, राष्ट्रिय तथा	मातृभाषाको संरक्षण, संवर्धन र विकासको सहयोगी संयन्त्रका रूपमा सम्बन्धित भाषाका

क्र.सं.	विषयक्षेत्र	विषय सन्दर्भ	जिम्मेवार निकायहरू	सुझाव तथा सिफारिसहरू
	विकास गर्न अनुदान	पहल र अपनत्व लिई संस्थागत निरन्तरता दिने कार्य भाषिक सङ्घसंस्थाहरूबाट प्रभावकारी रूपमा भएको पाइन्छ। तथापि संस्थाहरूमा स्रोत अभावको कारण ठोस काम गर्न सकिएको देखिँदैन।	अन्तर्राष्ट्रिय गैर सरकारी सङ्घसंस्थाहरू, भाषिक सङ्घसंस्थाहरू	सङ्घसंस्थाहरू रहेका छन्। त्यसैगरी ती संस्थाहरूबाट भाषाको क्षेत्रमा नतिजामूलक कार्य गर्न संस्थाका पदाधिकारी र कर्मचारीको क्षमता विकासका साथै संस्था सञ्चालन र भाषिक क्रियाकलाप व्यवस्थापनका लागि तीनै तहका सरकारबाट अनुदान प्रदान गरिनुपर्ने।
७.७.६	भाषिक हिंसामा उपचार, क्षतिपूर्ति र भाषिक मानव अधिकारको प्रत्याभूति	नेपालभाषी वक्ता (गायक कुमः सागर) को लवजउपर सामाजिक सञ्जालको माध्यम पोडकास्टमार्फत् खिसीट्युरी गरी अपहेलना र मानमर्दनसमेत गरिएकोप्रति आयोगको गम्भीर ध्यानाकर्षण भएको छ।	सङ्घ, प्रदेश र स्थानीय तहहरू	नेपालमा कानुनी राज्य र शासनको प्रत्याभूति गर्न भाषिक हिंसाका पीडितका क्षतिपूर्ति र पीडकलाई दण्ड सजाय गरेर सामाजिक न्याय र भाषिक मानव अधिकारको सुनिश्चित गर्दै हरेक तहका सरकारबाट भाषिक मानव अधिकारको प्रत्याभूति गरिनुपर्ने।
७.७.७	नेपाली	छिमेकी मुलुक	नेपाल सरकार	नेपालको संविधानमा नेपालका सबै

क्र.सं.	विषयक्षेत्र	विषय सन्दर्भ	जिम्मेवार निकायहरू	सुझाव तथा सिफारिसहरू
	मुद्रामा बहुभाषाको प्रयोग	भारतलगायतका देशहरूमा मुद्रामा बहुभाषाको प्रयोग भएको पाइन्छ।	अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैङ्क	मातृभाषाहरू राष्ट्रभाषाका रूपमा परिभाषित भएको हुँदा विश्व अन्य मुलुकहरूको मुद्रामा बहुभाषिताको प्रयोग र अभ्यास भएको तथ्य समेतलाई ध्यानमा राखी नेपालीसहित अन्य मातृभाषाहरू र लिपिको समेत नेपाली मुद्रामा प्रयोग गरिनु पर्ने।
७.७.८	नेपाल टेलिकमबाट बहुभाषिक सन्देश र सूचना प्रसारण	तामाङ र नेपालभाषा बागमती प्रदेशमा सरकारी कामकाजको भाषाको रूपमा कार्यान्वयन भएका छन्।	सूचना तथा प्रविधि मन्त्रालय, नेपाल टेलिकम, काठमाडौं	नेपाल सरकार सूचना तथा प्रविधि मन्त्रालयको पहलमा नेपाल टेलिकमले आयोगबाट सरकारी कामकाजका लागि सिफारिस भएका अन्य भाषाहरूमा समेत सूचना वा सन्देश प्रसारण गरी बहुभाषिक प्रसारण पद्धति लागू गर्नुपर्ने।
७.७.९	सवारी साधनको इम्बोस्ड नम्बरमा नेपाली भाषाको प्रयोग	भाषा आयोगबाट नेपाल सरकारसमक्ष नेपालको संविधानको धारा ७ को उपधारा (३) बमोजिम सवारी साधनको इम्बोस्ड नम्बरमा देवनागरी लिपिमा लेखिने नेपाली भाषाको प्रयोग गर्न	नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सङ्घीय र प्रदेश यातायात मन्त्रालय	भाषा आयोगबाट वार्षिक प्रतिवेदन र आयोगको बैठक निर्णयमा आधारित भई सवारी साधनको इम्बोस्ड नम्बरमा नेपाली भाषा र देवनागरी लिपिको प्रयोग गर्न सङ्घीय सरकार र प्रदेश तहको यातायात मन्त्रालयसहित नेपाल सरकार यातायात व्यवस्था विभागसमक्ष यस अगावै सिफारिस गरी कार्यान्वयनका लागि परिपत्र गरिएको सन्दर्भमा सर्वोच्च अदालतको २०८१ असार ९

क्र.सं.	विषयक्षेत्र	विषय सन्दर्भ	जिम्मेवार निकायहरू	सुझाव तथा सिफारिसहरू
		सिफारिस गरिएको भए तापनि कार्यान्वयन भएको देखिंदैन।		गतेको नेपालीभाषा वर्णविन्यास सम्बन्धी फैसलामा नेपालको संविधानको धारा ७ को उपधारा (३) मा भाषासम्बन्धी अन्य कुरा भाषा आयोगको सिफारिसमा नेपाल सरकारले निर्णय गरेबमोजिम हुनेछ भन्ने संवैधानिक प्रावधान बमोजिम गर्न गराउन स्पष्ट व्याख्या भएकोमा संविधानको सोही धारा र अदालतको फैसलाबमोजिम सवारी साधनको इम्बोस्ड नम्बरमा देवनागरी लिपिमा लेखिने नेपाली भाषाको प्रयोग गर्नुपर्ने संवैधानिक रुपमा बाध्यकारी व्यवस्था भएको हुँदा सबै तहका सरकारबाट सोको कार्यान्वयन गर्नुपर्ने।

अनुसूचीहरू

अनुसूची १

भाषा आयोगको सङ्गठन संरचना



अनुसूची २
भाषा आयोगका पदाधिकारीज्यूहरू

क्र.सं.	नाम थर	पद
१	मा.डॉ. गोपाल ठाकुर	अध्यक्ष
२	मा. डा. अमरराज गिरी	सदस्य
३	मा. कृष्णप्रसाद न्यौपाने	सदस्य
४	मा. मातृकाप्रसाद पोखरेल	सदस्य
५	मा. डा. पुष्करराज भट्ट	सदस्य
६	मा. सुरेश मानन्धर	सदस्य

अनसूची ३
भाषा आयोगका सल्लाहकारज्यूहरू

क्र.सं.	सल्लाहकारहरू
१.	डा.लवदेव अवस्थी
२.	सहप्रा.डा.करणाखर खतिवडा (पदेन)
३.	प्रा.डा. रामावतार यादव
४.	प्रा.डा. माधवप्रसाद पोखरेल
५.	प्रा.डा. दुबिनन्द ढकाल
६.	प्रा.डा. नोबल किशोर राई
७.	प्रा.डा. युवराज सङ्ग्रौला
८.	प्रा.डा. जीवेन्द्रदेव गिरी
९.	प्रा.डा. देवीप्रसाद गौतम
१०.	प्रा.डा. ओमकारेश्वर श्रेष्ठ
११.	प्रा.डा. तुलसीप्रसाद भट्टराई
१२.	डा. अम्बिका रेग्मी
१३.	डा.यज्ञेश्वर निरौला

अनुसूची ४
भाषा आयोगमा कार्यरत कर्मचारीहरू

क्र.सं.	नाम, थर	पद
१.	डा. लोकबहादुर लोप्चन	का.मु.सचिव
२.	श्री रमा अर्याल पन्थी	उपसचिव
३.	श्री कमला भण्डारी पाण्डे	उपसचिव
४.	श्री विमला काफ्ले	उपसचिव
५.	श्री विरबहादुर बोहरा	उपसचिव
६.	श्री कुमार भट्टराई	शाखा अधिकृत
७.	श्री निशा बि.सी.	लेखा अधिकृत
८.	श्री निर्मलकुमार राई	शाखा अधिकृत
९.	श्री मोहन तण्डुकार	शाखा अधिकृत
१०.	श्री भवान सिंह कुँवर	शाखा अधिकृत
११.	श्री कमल बहादुर क्षेत्री	शाखा अधिकृत
१२.	श्री सुजता भण्डारी	कानून अधिकृत
१३.	श्री मधुप मंगल श्रेष्ठ	नायब सुब्बा
१४.	श्री दिपक थापा	नायब सुब्बा
१५.	श्री स्वःश्रम शर्मा	लेखापाल
१६.	श्री हिक्मत बहादुर रावत	नायब सुब्बा
१७.	श्री एलिना भट्टराई	नायब सुब्बा
१८.	श्री राधिका पौडेल	नायब सुब्बा
१९.	श्री राजन पराजुली	नायब सुब्बा
२०.	श्री इन्दु लामा	नायब सुब्बा
२१.	श्री राजन लामिछाने	नायब सुब्बा
२२.	श्री बालविक्रम राई	प्राविधिक सहायक

क्र.सं.	नाम, थर	पद
२३.	श्री संगिता भण्डारी	प्राविधिक सहायक
२४.	श्री प्रमोद अधिकारी	प्राविधिक सहायक
२५.	श्री अनिल के.सी	प्राविधिक सहायक
२६.	श्री राजन पाण्डे	प्राविधिक सहायक
२७.	श्री बविता कुमारी साह	पुस्तकालय सहायक
२८.	श्री शिब कुमार बस्नेत	कम्प्युटर अपरेटर
२९.	श्री भुपेन्द्र प्रसाद जोशी	कम्प्युटर अपरेटर
३०.	श्री राकेश साह	कम्प्युटर अपरेटर
३१.	श्री चक्रसिंह कठायत	ह.स.चा.
३२.	श्री मान बहादुर थापा	ह.स.चा.
३३.	श्री पुष्प नगरकोटी	ह.स.चा.
३४.	श्री केमा दोर्जे गोले	ह.स.चा.
३५.	श्री सुजन तामाङ	ह.स.चा.
३६.	श्री मनु खत्री	कार्यालय सहयोगी
३७.	श्री योगेन्द्र बहादुर पौडेल	कार्यालय सहयोगी
३८.	श्री धनमाया संग्रौला	कार्यालय सहयोगी
३९.	श्री फुर्दिकी शेर्पा	कार्यालय सहयोगी
४०.	श्री हर्ककुमारी दर्लामी	कार्यालय सहयोगी
४१.	श्री मनमाया मगर	माली
४२.	श्री कविता पोडे	कुचिकार

अनुसूची ५
भाषा आयोगमा केही झलकहरू

भाषा प्रयोगशाला उद्घाटन एवम् प्रादेशिक भाषासम्बन्धी अन्तरक्रिया कार्यक्रम

कोशी प्रदेशमा सरकारी कामकाजको भाषासम्बन्धी अन्तरक्रिया कार्यक्रम

गण्डकी प्रदेशमा सरकारी कामकाजको भाषासम्बन्धी अन्तरक्रिया कार्यक्रम